# १९ औं वार्षिक प्रतिवेदन
## २०७२/२०७३

एन आई सी एशिया / बैंक पनि, साथी पनि

# सञ्चालक समिति

बायाँबाट क्रमशः

**प्रकाश विक्रम खत्री**
सदस्य
(संस्थापक समूह)

**विनोद कुमार प्याकुरेल**
सदस्य
(सर्वसाधारण शेयरधनी समूह)

**गोविन्द लाल संघई**
सदस्य
(सर्वसाधारण शेयरधनी समूह)

**रामचन्द्र संघई**
सदस्य
(संस्थापक समूह)

**तुलसी राम अग्रवाल**
सदस्य
(संस्थापक समूह)

**जगदीश प्रसाद अग्रवाल**
अध्यक्ष
(संस्थापक समूह)

**राजेन्द्र प्रसाद अर्याल**
सदस्य
(सर्वसाधारण शेयरधनी समूह)

**त्रिलोक चन्द अग्रवाल**
सदस्य
(संस्थापक समूह)

**डा. रामचन्द्र भट्टराई**
सदस्य
(व्यवसायिक सञ्चालक)



# विषयसूची


| | |
|---|---|
| साधारण सभा सम्बन्धी सूचना | ०४ |
| अध्यक्षज्यूको मन्तव्य | ०७ |
| प्रमुख कार्यकारी अधिकृतको मन्तव्य | १३ |
| सञ्चालक समितिको प्रतिवेदन २०७२/७३ | १८ |
| लेखापरीक्षकको प्रतिवेदन | ३३ |
| वासलात | ३४ |
| नाफ-नोक्सान हिसाव | ३५ |
| नगद प्रवाह विवरण | ३६ |
| नाफा-नोक्सान बाँडफाँड हिसाब | ३७ |
| इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण | ३८ |
| लेखासँग सम्बन्धित अनुसूचीहरु | ३९ |
| प्रमुख लेखा नीतिहरु | ६९ |
| Discolousure as per Basel II | ९० |
| नेपाल राष्ट्र बैंकद्वारा वित्तीय विवरण प्रकाशनको लागि दिइएको निर्देशन | ९५ |




# एन आई सी एशिया बैंक लिमिटेडको उन्नाईसौं वार्षिक साधारण सभाको सूचना

## रजिष्टर्ड कार्यालय, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं

मिति २०७३ साल भाद्र २६ मा बसेको यस बैंकको सञ्चालक समितिको २८१ औं बैठकको निर्णयानुसार बैंकको उन्नाइसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवम् उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

सभा बस्ने मिति, समय र स्थान

मितिः २०७३ साल आश्विन १८ गते मंगलवार (तदनुसार ४ अक्टोवर, २०१६)

समयः विहान १०:०० बजे ।

स्थानः अमृत भोग, डिल्लीबाजर, कालिकास्थान, काठमाण्डौ ।

**छलफल तथा निर्णयका लागि निर्धारित बिषय सूची**

**क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७२/७३ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७३ आषाढ मसान्तसम्मको वासलात र आ.व.२०७२/७३ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७३/७४ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बहालवाला लेखापरीक्षक श्री जि.पि. राजवाहक एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स् कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम पुनः नियुक्त हुन सक्नुहुन्न ।)

**(ख) बिशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको २६% का दरले हुने रु.१,२०,०८,८०,१५८/ (अक्षरेपी एक अर्ब बीस करोड आठ लाख असी हजार एक सय अन्ठाउन्न रुपैँया मात्र) बोनस शेयर वितरण गर्न र सोमा लाग्ने कर प्रयोजनको लागि रु.६,३२,०४,२१९/ (अक्षरेपी छ करोड बत्तीस लाख चार हजार दुई सय उन्नाईस रुपैया मात्र) नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. बिशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर वितरण गरे पश्चात शेयरधनीहरुको नाममा कायम हुने चुक्ता पूँजीको १५ प्रतिशत (१:०.१५) हकप्रद शेयर जारी गर्ने र सो सम्वन्धमा आवश्यक जे जो गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

३. निम्नानुसारको विषयहरु अनुरुप प्रबन्धपत्र/नियमावलीमा संशोधन/थप गर्ने :
   क. बैंकको उद्देश्य प्राप्तिको लागि गरिने कामहरु थप गर्ने ।
   ख. बैंकको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी वृद्धि गर्ने ।
   ग. संचालकहरुको पारिश्रमिक, भत्ता र सुविधा वृद्धि गर्ने ।

४. यस बैंकको संचालक समितिमा रिक्त संस्थापक शेयरधनी समूहबाट निर्वाचित हुने १ र सर्वसाधारण शेयरधनी समूहबाट निर्वाचित हुने १ गरी कुल २ जनाको संचालक पद रिक्त रहेकोमा कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम संचालक समितिले साधारण सभाबाट अनुमोदन गराउने गरी निवर्तमान संचालकहरुको बाँकी पदावधिको लागि संस्थापक शेयरधनीहरुको तर्फवाट श्री प्रकाश विक्रम खत्री र सर्वसाधारण समूहको तर्फवाट श्री गोविन्द लाल संघईलाई संचालक नियुक्ति गरिएकोमा सो को अनुमोदन गर्ने ।

५. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

६. बैंकले एक वा एकभन्दा बढी उपयुक्त बैंक/वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति गर्ने (एक्विजिसन) प्रयोजनको लागि उपयुक्त बैंक/वित्तीय संस्थाहरु पहिचान गर्ने, वैदेशिक रणनीतिक साझेदार भित्र्याउने, समझदारीपत्र (मेमोरेण्डम अफ अण्डरस्टेण्डिङ्ग) मा हस्ताक्षर गर्ने सोका आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन गर्ने, सम्पत्ति तथा दायित्वहरुको मूल्यांकन (ड्यु डेलिजेन्स अडिट) गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धीत प्रचलित कानून तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुवाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन संचालक समितिलाई सम्पूर्ण अख्तियारी दिने ।

**(ग) विविध ।**

आज्ञाले,

**दिनेश भारी**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१) सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको निजहरुको ठेगानामा साधारण सभाको सूचना र बैंकको वार्षिक संक्षिप्त आर्थिक विवरण पठाइने व्यवस्था गरिएको छ । ठेगाना पूरा नभएका तथा उक्त कागजात प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरुले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन निरीक्षण गर्न यस बैंकको कुनै पनि शाखा कार्यालयहरुमा सम्पर्क गर्न सक्नुहुनेछ । साथै सो सम्बन्धी जानकारी यस बैंकको वेवसाइट www.nicasiabank.com मा समेत उपलब्ध गराइनेछ ।

२) वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र/हितग्राही खाता (De-MAT) खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न पाइने छैन । सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान ९:०० बजे देखी सभा चालु रहुन्जेलसम्म खुल्ला रहनेछ ।

३) साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले बैंकको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ । एकै शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि मुकरर गरेमा बैंकको रजिष्टर्ड कार्यालयमा प्राप्त भई दर्ता भएको पहिलो प्रोक्सी मात्र मान्य हुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात् मिति २०७३/६/१६ गते बिहान १०:०० बजे भित्र बैंकको रजिष्टर्ड कार्यालय, ट्रेड टावर थापाथली काठमाडौंमा दर्ता गराईसक्नुपर्नेछ ।

४) नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरुको तर्फवाट बैंकको शेयर लगत दर्ता किताबमा नाम दर्ता भइरहेको महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

५) संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतवाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनुहुनेछ ।

६) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धीत शेयरधनीले आफैले भाग लिन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ३६ घण्टा अगावै सोको सूचना बैंकको रजिष्टर्ड कार्यालय, ट्रेड टावर, थापाथली, काठमाडौंमा दर्ता गरिसक्नुपर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन । तर सभामा सम्बन्धीत शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः बदर हुनेछ ।

७) छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत केही जिज्ञासा भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुहुन अनुरोध छ ।

८) वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७३/६/५ गते देखि २०७३/६/१८ गते सम्म बैंकको शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७३/६/५ गते भन्दा अगाडि कारोवार भई ७ कार्य दिन भित्र यस बैंकको शेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लिमिटेड, कमलादी, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न, बोनस शेयर तथा नगद लाभांश पाउन सक्नु हुनेछ ।

९) सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा झोला, ब्याग जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

१०) अन्य जानकारीको लागि बैंकको रजिष्टर्ड कार्यालय, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नं. ०१-५१११७७/७८) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।



# सञ्चालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूको मन्तब्य

यस एन आई सी एसिया बैंकको १९ औं वार्षिक साधारण सभामा उपस्थित आदरणीय शेयरधनी महानुभावहरु, बैंकमा कार्यरत कर्मचारीहरु लगायत समस्त बैंक परिवार, यस सभाको गरिमा बढाउन हाम्रो निमन्त्रणा स्वीकार गरि पाल्नुभएका नियमनकारी निकायका प्रतिनिधिहरु र बैंकका वाह्य लेखापरीक्षक एवं कानूनी सल्लाहकारज्यूहरु, सर्वप्रथम त सञ्चालक समिति र समस्त बैंकको तर्फबाट यहाँहरु सबैलाई म यस गरिमामय सभामा हार्दिक स्वागत गर्न चाहन्छु ।

सञ्चालक समिति बैंकको संस्थापक र सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्दै बैंकको सर्वोपरि हितमा कार्य गर्ने निकाय हो । वार्षिक साधारण सभाबाट यहाँहरुले बैंकलाई सबल, सफल र उत्कृष्ट बनाउने Mandate का साथ हामीहरुलाई सञ्चालकको रुपमा चयन गरी हामी प्रति दर्शाउनुभएको विश्वास र भरोसाको लागि सञ्चालक समितिको तर्फबाट यहाँहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै, यहाँहरुको आशा एवं विश्वासलाई मूर्तरुप दिन सदा कटिबद्ध रहेको र भविष्यमा पनि रहिरहने तथ्य यहाँहरु सामु राख्न चाहन्छु ।

अब म यहाँहरुलाई हाम्रो बैंकले गत आर्थिक वर्षमा हासिल गरेका प्रमुख उपलब्धिहरु बारे जानकारी गराउन चाहन्छु ।

- **व्यवसायिक झलक**

भुकम्पले नराम्रोसँग प्रभावित नेपालको अर्थतन्त्रमा सीमा नाका अवरोध समेत थपिएपछि गत आर्थिक वर्षमा नेपालको अर्थतन्त्र कठिन परिस्थितिबाट गुज्यो । विकास निर्माणका कार्य र औद्योगिक व्यवसायिक वातावरणको अवस्था समग्रमा नाजुग रह्यो । उपरोक्त बमोजिमको विषम परिस्थितिका बाबजुद हाम्रो बैंकले गत आर्थिक वर्षमा उल्लेख्य प्रगति हासिल गरेको तथ्य यहाँहरुलाई जानकारी गराउन पाउँदा मलाई गौरव तथा सन्तुष्टिको महसुस भइरहेको छ । उल्लेख्य यस अर्थमा कि अत्यन्त प्रतिकुल परिस्थितिमा समेत गत आर्थिक वर्ष करिब रु.१५ अर्बले निक्षेप वृद्धि र करिब रु. १६ अर्बले कर्जामा वृद्धि गरि हाम्रो बैंक नेपालको निजी क्षेत्रको बैंकहरुमा निक्षेपमा भएको वृद्धि रकमको आधारमा पहिलो र कर्जामा भएको वृद्धि रकमको आधारमा दोश्रो स्थानमा रहन सफल भएको छ । निक्षेप संकलन र कर्जा प्रवाहमा गत आर्थिक वर्षमा भएको यो वृद्धि बैंकको इतिहासकै हालसम्मकै सबैभन्दा बढी हो भने समग्र बैंकिङ्ग Industry मै कुनै बैंकले कुनै आर्थिक वर्षमा हासिल गरेको वृद्धिको हिसाबले सर्वाधिक उच्च मध्येको हो । त्यस्तैगरी, गत आर्थिक वर्षमा बैंकको खुद मुनाफाले ऐतिहासिक उपलब्धि सहित रु. १ अर्बको Milestone पार गरि एउटा नयाँ र गौरवशाली उचाई हासिल गरेको छ भने बैंकको गत वर्षको प्रति शेयर आम्दानी रु.२८.३१ को उत्साहजनक अवस्थामा रहेको छ ।

गत आर्थिक वर्षमा समग्र बैंकिङ्ग Industry को निक्षेपमा करिब १९ प्रतिशतले वृद्धि भएकोमा यस बैंकको कुल निक्षेप करिब ३० प्रतिशतले वृद्धि भई रु.६९.५० अर्ब पुगेको छ भने समग्र बैंकिङ्ग Industry को कर्जा प्रवाहमा करिब २५ प्रतिशतले वृद्धि भएकोमा यस बैंकको कुल कर्जा करिब ३७ प्रतिशतले वृद्धि भई रु.५९.४९ अर्ब पुगेको छ । त्यस्तैगरी, गत आर्थिक वर्षमा बैंकको खुद मुनाफा भने करिब ५७ प्रतिशतले वृद्धि भई १.०७ अर्ब पुगेको छ ।

समग्रमा गत आर्थिक वर्षमा हाम्रो बैंकले हासिल गरेको उपलब्धि Industry Average को तुलनामा उत्साहजनक रहेको तथ्य यहाँहरुलाई सहर्ष जानकारी गराउँदछु र भविष्यमा समेत यसैगरी समकक्षी बैंकहरुको तुलनामा उल्लेख्य उपलब्धि हासिल गरी लगानीकर्ता शेयरधनी महानुभावहरुलाई आकर्षक बोनस शेयर एवं नगद लाभांश वितरण गर्न हाम्रो बैंक सक्षम हुने सुनिश्चित गर्न सम्पूर्ण बैंक परिवार दृढ संकल्पका साथ अघि बढीरहने प्रतिबद्धता यहाँहरु समक्ष व्यक्त गर्न चाहन्छु ।

बैंकले गत आर्थिक वर्षको मुनाफा र सञ्चित कोषबाट यस वर्ष २७.३७ प्रतिशत लाभांश (२६ प्रतिशत बोनस शेयर तथा सोमा लाग्ने कर प्रयोजनका लागि १.३७ प्रतिशत नगद लाभांश) दिने र बोनस शेयर जारी गरे पश्चात कायम हुन आउने चुक्ता पूँजीमा १५ प्रतिशत हकप्रद शेयर जारी गर्ने प्रस्ताव यस गरिमामय साधारण सभामा स्वीकृतिका लागि पेश गरेको छु । यसमा यहाँहरुको समर्थन रहनेमा म विश्वस्त छु। नेपाल राष्ट्र बैंक समक्ष हामीले पेश गरेको पूँजी योजनामा नेपाल राष्ट्र बैंकले तोके बमोजिमको समयावधि भित्रै चुक्ता पूँजी रु ८ अर्ब पुऱ्याउन गत आर्थिक वर्षमा जस्तै बैंकले यस आर्थिक वर्षमा समेत थप २५ प्रतिशत हकप्रद शेयर जारी गर्नुपर्नेमा चालु आर्थिक वर्षमा बैंकले हासिल गरेको उल्लेख्य उपलब्धिले गर्दा नेपाल राष्ट्र बैंकले तोके बमोजिम चुक्ता पूँजी रु ८ अर्ब पुऱ्याउन बैंकले चालु आर्थिक वर्षमा १५ प्रतिशत मात्र हकप्रद शेयर जारी गरे पुग्ने देखिएको तथ्य समेत यहाँहरुलाई सहर्ष जानकारी गराउँदछु।

यस साधारण सभामा प्रस्तावित बोनस शेयर तथा हकप्रद शेयर जारी गरे पश्चात बैंकको कुल चुक्ता पूँजी करिब रु. ६.६८ अर्ब पुग्नेछ। तत् पश्चात बैंकको आन्तरिक जगेडा कोष तथा चालु आर्थिक वर्षको मुनाफाबाट थप बोनस शेयर जारी गरेर नेपाल राष्ट्र बैंकले तोकेको समयावधि भित्र नै बैंकको चुक्ता पूँजी रु. ८ अर्ब पुऱ्याउन बैंकलाई कुनै कठिनाइ नहुने यहाँहरुलाई जानकारी गराउन पाउँदा हामी उत्साहित भएका छौं ।

### • रणनीति २०२०

प्रभावकारी तवरले व्यवसायको उद्धेश्य हासिल गर्न कुनै पनि संस्थाले बृहत् रुपमा गृहकार्य गरी स्पष्ट रणनीति तर्जुमा गर्नुपर्ने तथ्यलाई बैंकले मनन गरेको छ। यसै परिप्रेक्ष्यमा गत आर्थिक वर्षमा बैंकले बृहत गृहकार्य गरी सघन छलफल र सो बाट निस्केको निचोड समेटेर बैंकको पञ्चवर्षीय एकिकृत रणनीतिक योजना (Strategy २०२०) को तर्जुमा गरेको छ। उक्त योजनामा आर्थिक वर्ष सन् २०१९/२० सम्ममा बैंकले हासिल गर्ने लक्ष्य राखेका प्रमुख वित्तीय सुचांकहरु र सो को प्रभावकारी व्यवस्थापन गर्न बैंकले अवलम्बन गर्ने जोखिम व्यवस्थापन योजना तथा पूँजी योजना समेतलाई एकिकृत रुपमा सन्तुलित तवरले समेटिएको छ । उत्कृष्ट रणनीति तथा योजनाको तर्जुमा र सोको प्रभावकारी कार्यान्वयनले नै संस्थालाई उत्कृष्ट उचाईमा पुऱ्याउन सकिन्छ भन्ने विश्वासका साथ बैंकले Strategy 2020 तर्जुमा गरेको हो । उक्त Strategy मा आर्थिक वर्ष सन् २०१९/२० सम्ममा बैंकको Balance Sheet को Volume र Mix कस्तो हुने हो, कुल कर्जाको Volume तथा Mix कस्तो हुने हो, कुल निक्षेपको Volume तथा Mix कस्तो हुने हो र बैंकका शाखा लगायतका Foot Prints को संख्या कति पुग्ने हो, तथा बैंकको मुनाफा, प्रति शेयर आम्दानी र पूँजीमा प्रतिफल कति हुने हो, लगायतका महत्वपूर्ण विषयहरु सम्बन्धी लक्ष्यहरु र सो को प्रभावकारी प्राप्तिका लागि बैंकले अवलम्बन गर्ने रणनीतिहरु समेत विस्तृत रुपमा समेटिएको छ ।

समग्रमा कुल निक्षेप, कुल कर्जा, संचालन मुनाफा, खुद मुनाफा, प्रति शेयर आम्दानी र पूँजीमा प्रतिफल लगायतका सबै प्रमुख आर्थिक सुचकांकहरुमा आर्थिक वर्ष सन् २०१९/२० सम्ममा उच्चतम् वृद्धि हासिल गरी बैंकिङ्ग Industry कै अग्रणी बैंकको रुपमा स्थापित हुने लक्ष्य बैंकले लिएको छ ।

### • Foot Print को विस्तार र व्यवस्थापन

बैंकको Foot Print Expansion सम्बन्धी गतिविधिहरुलाई प्रभावकारी र व्यवस्थित बनाउन बैंकले गत आर्थिक वर्षमा Foot Print Expansion र Management Policy तर्जुमा गरेको छ । उक्त नीतिको कार्यान्वयन पश्चात् बैंकको Foot Prints को संख्यामा व्यापक वृद्धि भई बाणिज्य बैंकहरु मध्ये Foot Prints वा Network Presence को हिसाबले हाम्रो बैंक देशकै अग्रणी बैंकको रुपमा स्थापित हुनेछ । जसबाट बैंकलाई मात्र लाभ पुग्ने नभई सर्वसाधारण जनता, उद्योगी, व्यवसायी, सरकार लगायत सबै सरोकारवालाहरुको बृहत्तर हित सम्बर्धन हुनेमा कुनै दुइमत नहोला ।

बैंकले Strategy 2020 मार्फत् निर्दिष्ट लक्ष्य हासिल गर्न र सर्वसाधारणको वित्तीय पहुँच (Financial Access) बढाउने सरकारको नीतिलाई टेवा पुऱ्याउन Foot Print को संख्यामा उल्लेख्य विस्तार गर्ने नीति लिएको छ । बैंकको हाल देशभर ६७ वटा शाखा कार्यालयहरु तथा ६९ वटा एटीएम सञ्चालनमा रहेकोमा चालु आर्थिक वर्षको कार्तिक महिना भित्रै थप १२ शाखा र २ एक्स्टेन्सन काउन्टर सञ्चालनमा आइ सक्नेछन् ।

त्यसैगरि, ग्राहकहरुलाई प्रदान गर्ने सेवा तथा सुविधाहरुलाई थप चुस्त र प्रभावकारी बनाउने र सोमा लाग्ने गरेको समयलाई उल्लेख्य रुपले घटाई बैंकमा उत्कृष्ट Customer Centric Business Model लागू गरी Customer Satisfaction र Delight अभिवृद्धि गर्न बैंकले Cluster को अवधारणा अघि सारेको छ। यस अवधारणा अनुरुप नै हरेक Cluster लाई अधिकार र स्रोत साधन सम्पन्न निकायको रुपमा विकसित गर्ने कार्य अगाडि बढाइ सकिएको छ । Cluster अवधारणाको पूर्ण कार्यान्वयन पश्चात् बैंकको सेवा प्रवाहमा आमूल परिवर्तन आउने, सेवा प्रवाह गर्न लाग्ने अवधि अत्यन्त छोटो हुने तथा निर्णय प्रक्रिया छिटो, छरितो र विकेन्द्रिकृत हुने भएकोले बैंकको व्यवसायिक वृद्धि दिगो र सबल हुन गई समग्रमा Customer Delight हासिल गर्न बैंक सफल हुने विश्वास हामीले लिएका छौं । साथै, शाखा प्रबन्धक लगायतका Sales Function मा कार्यरत कर्मचारीहरु निजहरुको Main Line of Business मै केन्द्रित हुन सकुन् र सो बाट Customer Experience Enhance गर्न सकियोस भन्ने अभिप्रायले Cluster Level मै Support Function र Sales Function का तालिम प्राप्त, दक्ष र योग्य कर्मचारीहरु पर्याप्त संख्यामा राख्ने व्यवस्था मिलाइ बैंकको सबै शाखाहरुको Instrumental Empowerment गर्ने र शाखाहरुको कार्यसम्पादन र सेवाको गुणस्तरलाई उत्कृष्ट

बनाई ग्राहकहरुले Best Banking Services बाट प्रत्यक्ष लाभ लिन सक्ने सुनिश्चितता गरिएको छ ।

- **सम्पत्ति दायित्वको संरचना**

तुलनात्मक रुपमा दिगो स्रोत हुने र लागत कम हुने निक्षेप चालु निक्षेप र बचत निक्षेप हुन् भने कम जोखिममा उच्च प्रतिफल प्राप्त गर्न सकिने कर्जा Retail र साना तथा मझौला कर्जा नै हुन् । बैंकको स्थायित्व सम्पत्तिको गुणस्तर र दायित्वको स्थायित्वमा निर्भर गर्ने तथ्यलाई बैंकले मनन गरेको छ। बैंकले उच्च व्यवसायिक प्रतिफलको दिगोपनाका लागि कुल निक्षेपमा चल्ती तथा बचत निक्षेपको अनुपात (CASA Ratio) र कुल कर्जामा Retail एवं SME कर्जाको अनुपात व्यापक रुपमा वृद्धि गर्ने रणनीति लिएको छ ।

उपरोक्त उल्लेखित रणनीतिको परिणामस्वरुप बैंकले गत आर्थिक वर्षमा SME कर्जामा ७३ प्रतिशतको वृद्धि हासिल गरी Industry मै एक Break Through Performance हासिल गरेको यहाँहरुलाई जानकारी गराउन पाउँदा म गौरवान्वित भएको छु । साथै, गत आर्थिक वर्षमा Retail कर्जा प्रवाहतर्फ समेत ३८ प्रतिशतको उत्साहजनक वृद्धि हासिल गर्न बैंक सफल भएको छ ।

त्यसैगरी, आर्थिक वर्ष सन् २०१९/२० सम्ममा कुल निक्षेपमा बचत तथा चल्ती निक्षेपको अनुपात वृद्धि गरी ५५ प्रतिशत भन्दा बढी पुऱ्याउने बैंकले लक्ष्य लिएको छ । साथै, बैंकले कुल कर्जामा ठूला कर्पोरेट कर्जाको अनुपात २५ प्रतिशतमा सीमित गरी विपन्न वर्ग, Retail र साना तथा मझौला कर्जाको अनुपात ७५ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । Retail र SME कर्जामा फोकस गर्ने बैंकको रणनीतिबाट रोजगारीको श्रृजना हुने र समग्रमा आत्मनिर्भर अर्थतन्त्र र सन्तुलित आर्थिक विकास हासिल गर्ने सरकारी नीतिलाई टेवा पुग्ने तथा समग्र अर्थतन्त्रको मेरुदण्ड मानिने साना तथा मझौला व्यवसायीहरु लगायत आम सर्वसाधारण जनता प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् ।

- **ग्राहकमैत्री बैंकिङ्ग सेवा**

बैंक अस्तित्वमा आउनुको कारण नै ग्राहकहरुको आवश्यकता हो र बैंकको सफलता पूर्ण रुपमा ग्राहकहरुको सन्तुष्टिमा निर्भर गर्दछ भन्ने तथ्यलाई बैंकले राम्ररी मनन गरेको छ । त्यसैले बैंकले आफ्ना नीति, प्रक्रिया तथा रणनीतिहरुलाई ग्राहक मैत्री बनाउने तर्फ विशेष सजगता अपनाएको छ । यसै सन्दर्भमा Customer Satisfaction मात्र होइन Customer Delight नै हासिल गर्ने लक्ष्य लिई सो सम्बन्धमा प्रभावकारी कदमहरु चाल्न बैंकले छुट्टै Service Excellence विभाग गठन गरी सोही विभाग अन्तर्गत उपलब्ध हुने Customer Care Center समेतको स्थापना गरिसकेको छ । उपरोक्त व्यवस्थाबाट ग्राहकहरुको कुनै समस्या वा गुनासा भए सो को तत्काल सम्बोधन हुने र समग्रमा ग्राहकहरुको सन्तुष्टिमा वृद्धि हुने हाम्रो विश्वास छ । यसै सम्बन्धमा उपरोक्त उल्लेखित र अन्य आवश्यक एवं प्रभावकारी व्यवस्थाहरु गरी ग्राहकहरुको सन्तुष्टिलाई अधिकतम बिन्दुमा पुऱ्याउन बैंकले कुनै पनि कमी कसर बाँकी नछाड्ने प्रतिबद्धता समेत यहाँहरु समक्ष व्यक्त गर्न चाहन्छु ।

बैंकले समय सापेक्ष आफ्ना नीति, मार्गदर्शन र प्रक्रियाहरु पुनरावलोकन गरी विश्व बजारमा विकसित आधुनिक प्रविधिको उपयोग गरी सेवाको गुणस्तरमा निरन्तर रुपमा गुणात्मक वृद्धि गर्न, खर्चमा मितव्ययिता हासिल गर्न, सेवा प्रवाह गर्न लाग्ने समयको न्यूनीकरण गर्न र बैंकिङ्ग Service मा Excellence हासिल गर्न छुट्टै Business Process Reengineering (BPR) विभाग समेतको गठन गरी उक्त विभागले आफ्नो कार्य अघि बढाइसकेको छ । समग्रमा Business Process Reengineering (BPR) विभाग र Service Excellence विभागको प्रभावकारी कार्यसम्पादनले बैंकको Product र Service को गुणस्तर देशकै उत्कृष्ट स्तरको हुनेमा बैंक पूर्ण रुपले विश्वस्त छ ।

बैंक र ग्राहकहरु वीचको सम्बन्ध बैंक तथा ग्राहकहरु दुबै पक्षका लागि लाभदायक र Win Win प्रकृतिको हुनुपर्दछ भन्ने मान्यता बैंकले अंगीकार गरेको छ । त्यसैले, बैंकले Customer Retention and Loyalty Enhancement Policy समेतको तर्जुमा गरी बैंकका Customer हरुको Retention गर्ने र Loyal Customer हरुको लागि विभिन्न Reward and Recognition Programs लागू गर्ने नीति अख्तियार गरेको छ जस अन्तर्गत बैंकका Loyal Customer हरुले हाम्रो बैंकबाट प्रदान हुने सेवा तथा सुविधाहरुमा विभिन्न छुट तथा सहुलियतहरु प्राप्त गरी प्रत्यक्ष रुपमा उल्लेख्य लाभ लिन सक्नेछन् ।

- **आधुनिक सूचना प्रविधिको उपयोग र Digital Banking**

बैंकले नयाँ नयाँ प्रविधिहरुलाई व्यवसायको Support function को रुपमा मात्र नभई Business Enabler को रुपमा प्रयोग गर्ने रणनीति अख्तियार गरेको छ ।

आधुनिक सूचना प्रविधिको विकास सँगै बैंकिङ्ग व्यवसायलाई पनि बदलिँदो प्रविधि अनुरुप Re-Align गर्नुपर्ने आवश्यकतालाई बैंकले मनन गरेको छ। अत्याधुनिक प्रविधिको उपयोग गरी सेवाको गुणस्तर वृद्धि गर्ने विषय बैंकको उच्च प्राथमिकतामा परेको विषय भएकोले बैंकले गत आर्थिक वर्षमा छुट्टै Digital Banking विभागको समेत गठन गरेको छ । बैंकले हाल सेवाग्राहीहरुलाई Internet banking, Mobile banking, POS र Debit/Credit Cards को सेवा उपलब्ध गराइरहेको छ । त्यस्तै, ग्राहकहरुको आवश्यकता सम्बोधन गर्न बैंकले आफ्नै App (NIC ASIA App) को समेत विकास गरेको छ ।

Digital Banking मा बैंकले गरेको फोकसको फलस्वरुप हाम्रो बैंकबाट यस्ता प्रविधिमुलक सेवाहरु : Internet banking, Mobile banking र Cards लिने सेवाग्राहीहरुको संख्या

गत आर्थिक वर्षमा क्रमशः १२७, १०९ र ८३ प्रतिशतले उत्साहजनक रुपमा वृद्धि भएको छ । त्यस्तै, बैंकको Digital Banking Transactions को संख्या गत आर्थिक वर्षमा १०९ प्रतिशतले वृद्धि भएको छ । समग्रमा बैंकको Digital Banking र Business Process Automation सम्बन्धी कार्यहरु तिव्र गतिमा अघि बढीरहेको छ ।

त्यसैगरी, बैंकले आफ्ना Products तथा Services Sales लाई यथाशक्य Automated/Digital Channel मार्फत् प्रवाह गर्ने र वर्तमान विश्वमा Digital प्रविधिमा भएको विकासको अधिकतम उपयोग गर्ने लक्ष्य लिएको छ । सोही अनुरुप बैंकले Credit Approval System, General Approval System र Leave Approval System लाई Automate गरिसकेको छ भने आफ्नो Web Page लाई User Friendly बनाई Re-launch गरेको छ ।

Digital Banking मा गरिएको फोकसले बैंकलाई थप गतिशिल, प्रतिस्पर्धी तथा प्रभावकारी बनाउने हामीले विश्वास लिएका छौं । यसै सम्बन्धमा, विश्व बजारमा विकसित नयाँ, उन्नत र प्रभावकारी बैंकिङ्ग प्रविधिहरुको अनुसरण गर्दै हाम्रो बैंक Digital Banking तर्फ देशकै अग्रणी बैंक हुने गरी ठोस योजनाका साथ अघि बढीरहेको यहाँहरुलाई सहर्ष जानकारी गराउँदछु ।

### • सहायक कम्पनीहरुको स्थापना

Universal Banking को अवधारणा अनुरुप बैंकले Business Diversification गर्दै जाने र बैंकिङ्गसँग Associated व्यवसायमा समेत अगाडि बढ्ने रणनीति लिएको छ । सोही रणनीति अनुरुप बैंकले यथाशिघ्र विभिन्न सहायक कम्पनीहरुको स्थापना गर्ने योजना कार्यान्वयनमा ल्याएको छ । यसले दीर्घकालमा सबै प्रकारका वित्तीय सेवाहरु पाइने केन्द्र (A Center for Complete Financial Solutions) को रुपमा बैंक विकसित हुने र बैंकको आम्दानीमा समेत पर्याप्त विविधता हासिल हुने हामीले विश्वास लिएका छौं ।

### • सामाजिक उत्तरदायित्व र Branding

समाज र व्यवसाय एक अर्काका परिपुरक हुन् भन्ने मान्यतालाई बैंकले अंगीकार गरेको छ । बैंक समाजप्रति उत्तरदायी भइ जिम्मेवारीपूर्ण तवरले आफ्नो दायित्व निर्वाह गर्नुपर्छ भन्ने मान्यता राख्दछ । यसै मान्यतालाई मूर्तरुप दिन र बैंकको सामाजिक उत्तरदायित्व प्रभावकारी रुपमा वहन गर्न बैंकले NIC Asia Foundation मार्फत् स्वास्थ्य, शिक्षा, वातावरण लगायतका क्षेत्रहरुका विभिन्न सामाजिक हितका कार्यक्रमहरुमा सहयोग गर्दै आएको छ । बैंकले हरेक वर्ष आफ्नो मुनाफाको निश्चित प्रतिशत रकम सामाजिक उत्तरदायित्व वहन गर्ने प्रयोजनका लागि छुट्याउने गरेको छ ।

त्यसैगरी, बैंकले Healthy Workplace को अवधारणा अनुरुप आफ्ना सबै शाखाहरुलाई धुम्रपान निषेधित क्षेत्र बनाएको छ । साथै, प्रत्येक शाखाले हरेक वर्ष वृक्षारोपणका कार्यक्रमहरु सञ्चालन गरी चालु आर्थिक वर्षमा करिब ७,००० भन्दा बढी वृक्षारोपण गर्ने बैंकको लक्ष्य रहेको छ । यसका साथै, बैंकले Paperless Working Environment (Green and Digital Office) को अवधारणा अनुरुप आफ्नो कार्यहरु द्रुत गतिमा अघि बढाएको छ ।

त्यसै गरी, बैंकले गत आर्थिक वर्षमा आफ्नो मूल्य, मान्यता र सेवालाई प्रभावकारी रुपमा आफ्नोपना झल्कने तवरले विकास गर्न र सो तथ्यलाई अधिकतम जनमानसमा प्रभावकारी रुपले प्रवाह गर्न Corporate Communication, Branding र Corporate Social Responsibility (CSR) सम्बन्धी कार्यहरु हेर्ने गरी छुट्टै विभागको गठन गरेको छ । उक्त विभागको प्रभावकारी कार्यसम्पादनले Brand Equity र Brand Image मा व्यापक वृद्धि हासिल हुने र हाम्रो बैंक आर्थिक वर्ष सन् २०१९/२० भित्रै देशकै नं. १ बैंकिङ्ग Brand को रुपमा स्थापित गराउन हामी प्रयासरत छौं ।

### • संस्थागत सुशासन र जोखिम व्यवस्थापन

बैंकले अन्तराष्ट्रिय Best Practices अनुसारको संस्थागत सुशासनको पालना गर्ने लक्ष्य लिएको छ । नियामक निकायले तय गरेका मापदण्डको आशय बमोजिमको सुशासन बैंकमा सदा कायम गरिनेछ ।

गत आर्थिक वर्षमा बैंकले नीति तथा प्रक्रियागत सुदृढिकरण र संस्थागत सुशासनको प्रवर्द्धनमा समेत उल्लेख्य उपलब्धि हासिल गरेको छ । जसबाट व्यवसायको विस्तार, सबलीकरण र विविधीकरण गरी लगानीमा निरन्तर रुपमा उच्च प्रतिफल हासिल गर्न एकदम ठोस र मजबुत जग निर्माण भएको छ । गत आर्थिक वर्षमा नै चुस्त र प्रभावकारी जोखिम व्यवस्थापन प्रणाली र संस्थागत सुशासन कायम गर्न, प्रभावकारी रुपले सञ्चालन जोखिम, कर्जा जोखिम र बजार तथा तरलता जोखिमहरुको व्यवस्थापन गर्न र बैंकको समग्र परिपालनाको स्थितिको अनुगमन गर्न एकिकृत जोखिम व्यवस्थापन विभागको गठन गरिएको छ र उक्त विभागले कुशलताका साथ आफ्नो काम कारवाही अघि बढाई बैंकको समग्र वृत्ति विकासमा उत्कृष्ट र उदाहरणीय टेवा पुऱ्याएको छ ।

### • मानव संशाधनमा लगानी

बैंक सेवामूखी संस्था रहेकोले मानव संशाधनको विकास, सशक्तिकरण र सबलीकरण गर्ने कार्यलाई बैंकले उच्च प्राथमिकतामा राखेको छ । मानव संशाधनको Capacity Building, Skill Enhancement र Training ले नै बैंकको सफलताको आधार निर्माण गर्दछ । मानव संशाधनको गुणस्तरले नै बैंकिङ्ग सेवाको गुणस्तर समेत झल्काउँछ । बैंकको मानव संशाधन विभागका क्रियाकलापलाई Automate गर्ने, बैंकलाई Learning Organisation बनाउने र उत्कृष्ट कार्यसम्पादन गर्ने बैंकका कर्मचारीलाई

प्रभावकारी Reward and Recognition program हरु द्वारा Motivate गर्ने विषय बैंकले उच्च प्राथमिकतामा राखेको छ । त्यसैले बैंकले Reward सम्बन्धी छुट्टै Policy समेत तर्जुमा गरी लागू गरेको छ ।

नेपाल राष्ट्र बैंकले मौद्रिक नीति मार्फत् कुल सञ्चालन खर्चको ३ प्रतिशतले हुन आउने रकम कर्मचारीहरुको तालिम तथा विकासमा खर्चिने व्यवस्था गरेकोमा बैंकले मानव संशाधनको प्रभावकारी विकास गर्न उक्त सीमालाई न्यूनतम रुपमा लिई सोमा पर्याप्त लगानी गर्ने रणनीति अख्तियार गरेको छ ।

समग्रमा उच्चस्तरको र प्रभावकारी जनशक्ति व्यवस्थापनको सुनिश्चितता गरी बैंकले लिएका सम्पूर्ण लक्ष्यहरु हासिल गर्ने बैंकको रणनीतिले दीर्घकालमा हाम्रो बैंकलाई अन्य समकक्षी बैंकहरु भन्दा पृथक, सबल, प्रतिस्पर्धी, प्रभावकारी र सफल बनाउनेमा हामी पूर्ण रुपले विश्वस्त छौं र यसका लागि हामीले कुनै कमी कसर छाड्ने छैनौं ।

बैंक व्यवस्थापन र सञ्चालक समितिको प्रयासबाट मात्र माथि उल्लेखित उपलब्धिहरु हासिल गर्न बैंक सफल भएको पक्कै पनि होइन । ग्राहक वर्गको पूर्ण साथ, सहयोग र विश्वास, कर्मचारीहरुको अथक मेहनत, नियामक निकायहरुको सद्भाव र विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको सहयोगले गर्दा नै बैंक यस अवस्थामा आउन सफल भएको हो । यसका लागि म यहाँहरु सबै प्रति हार्दिक कृतज्ञता जाहेर गर्दछु र भविष्यमा समेत यहाँहरु सबैबाट सदा झैं हाम्रो बैंकलाई उत्कृष्ट बैंकिङ्ग Products र Services प्रदान गर्ने नेपालकै नम्बर १ बैंकिङ्ग Brand बनाउने महाअभियानमा यहाँहरुको सहयोग, सद्भाव र विश्वास प्राप्त हुने आशा एवं विश्वास लिएको छु ।

धन्यवाद !

**श्री जगदीश प्रसाद अग्रवाल**
**अध्यक्ष**



# प्रमुख कार्यकारी अधिकृतज्यूको मन्तब्य

यस बैंकले आर्थिक वर्ष २०७२/७३ मा ऐतिहासिक तथा उत्साहजनक नतिजा हासिल गरेको यहाँहरु समक्ष राख्न पाउँदा खुशी लागेको छ। आर्थिक वर्ष २०७२/७३ हाम्रो लागि ऐतिहासिक वर्ष रह्यो, जसको मुख्य कारण हामीले अपनाएको ग्राहक केन्द्रीत व्यवसाय संरचना हो । ग्राहकहरुको माग तथा सन्तुष्टिलाई मध्यनजर गर्दै यस वर्ष उच्च व्यवसाय वृद्धि हासिल गर्न सफल भएका छौं । यस वर्ष बैंकले हासिल गरेको व्यवसाय वृद्धि तथा व्यवसाय संरचनामा गरेको परिवर्तनले बैंकलाई दीर्घकालीन रुपमा व्यवसाय वृद्धि गर्नका लागि मजबुत आधारशिला निर्माण भएको विश्वास गरेको छु।

बैंकिङ्ग व्यवसायमा ग्राहकहरुको माग तथा सन्तुष्टिको महत्वलाई मध्यनजर गर्दै बैंकले अवलम्बन गरेको दीर्घकालीन रणनीति अनुरुप आफ्नो व्यवसायिक रणनीतिका साथसाथै आन्तरिक नीति तथा कार्यविधिमा सरलीकरण तथा आवश्यक परिमार्जन गर्दै आएको छ। ग्राहकहरुको माग तथा सन्तुष्टिलाई महत्व दिँदै बैंकको आफ्नो सेवा तथा सुविधाहरु सोही बमोजिम निरन्तर परिमार्जन गर्ने तथा ग्राहकहरुको सल्लाह सुझाव तथा बजारको माग अनुसार बैंकको कार्यविधि एवं आन्तरिक प्रक्रियाहरु समेत परिमार्जन गर्दै आएका छौं । ग्राहक केन्द्रीत व्यवसाय संरचना अवलम्बन गरी बैंकले आफ्नो व्यवसायमा उल्लेख्य वृद्धि हासिल गर्न सफल भएको छ । जसको प्रमुख उदाहरण, समीक्षा वर्षमा बैंकले हासिल गरेको कुल व्यवसाय वृद्धिमा व्यक्तिगत र साना तथा मझौला कर्जाको हिस्सा ८० प्रतिशत हुनु हो । बैंकले ग्राहकहरुको चाहना अनुरुप सेवा विस्तार गर्नका लागि आफ्नो आन्तरिक कार्यविधि पुनरावलोकन तथा निरीक्षण संयन्त्रलाई थप मजबुत बनाएको छ ।

बैंकले सूचना तथा सञ्चार प्रविधिलाई उच्चतम प्रयोग गरी सञ्चालन कार्यक्षमता वृद्धि गरी आफ्नो कार्यविधिलाई संस्थागत बनाउनु तथा Turn Around Time मा सुधार गर्नु, कागज रहित कार्यालय वातावरण बनाउनुलाई आफ्नो प्रमुख उद्देश्यको रुपमा लिएको छ । साथै काम, कर्तव्य तथा अधिकारको विकेन्द्रीकरणले गर्दा व्यवसायको निर्णयगत क्षमतामा मात्र अभिवृद्धि नभई व्यवसाय सम्बन्धीत आवश्यक तालिम, प्रशिक्षण तथा प्रोत्साहनले गर्दा समेत बैंकको कार्यविधिमा सकारात्मक असर परेको छ । कर्मचारीलाई कार्य सन्तुष्टि दिलाउनु पनि यस बैंकको प्रमुख उद्देश्य रहेको छ।

यस बैंकले आर्थिक वर्ष २०७२/७३ मा निक्षेप र कर्जामा क्रमशः ३० र ३७ प्रतिशतको उत्साहजनक वृद्धि हासिल गरेको छ। बैंकको कुल कर्जा र निक्षेप क्रमशः रु. ६९.५ र रु. ५९.५ अर्ब पुगेको छ। समीक्षा वर्षको समग्र बैंकिङ्ग क्षेत्रको कर्जा तथा निक्षेपमा वृद्धि क्रमशः २५ र १८ प्रतिशत रहेको थियो । बैंकको खुद नाफा रु.१.०७ अर्ब रहेको छ, जुन गत वर्षको तुलनामा ५७ प्रतिशतको वृद्धि हो । रु. १ अर्ब भन्दा बढी खुद मुनाफा आर्जन गर्नु यस बैंकको लागि ऐतिहासिक क्षण हो । समीक्षा वर्षमा व्यवसायमा भएको वृद्धि तथा खराब कर्जाको व्यवस्था फिर्तामा भएको वृद्धिले गर्दा बैंकले उक्त वित्तीय नतिजा हासिल गर्न सफल भएको हो। यस वर्ष व्यवसाय वृद्धि तथा विस्तारको लागि बैंकको कर्मचारी खर्चमा वृद्धि तथा अन्य सञ्चालन खर्चमा वृद्धि गरेको कारणले बैंकको लागत तथा आम्दानीको अनुपात ३९.७ प्रतिशत रह्यो। तत्कालका लागि उक्त खर्च उच्च देखिए तापनि बैंकले गरेको यस लगानीले आगामी दिनमा बैंकको व्यवसाय वृद्धिमा टेवा पुऱ्याउने तथा कार्यविधि सामान्यीकरण तथा सहजीकरण भई कुल लागत घट्न गई बैंकको वित्तीय नतिजामा सकारात्मक असर पर्ने अपेक्षा बैंकले गरेको छ।

समीक्षा वर्षमा देशको आर्थिक वृद्धिदर ०.७७ प्रतिशत रहेको अनुमान गरिएको छ, जुन सन् २००१/०२ पछिकै न्यून आर्थिक वृद्धिदर हो । न्यून आर्थिक वृद्धिदरले देशमा समीक्षा वर्षमा कठिन आर्थिक परिस्थिति रहेको दर्शाउँछ। गत आर्थिक वर्षको अन्त्य तिर गएको विनाशकारी भूकम्पको असर कायम रहनु, देशको दक्षिण सीमा नाकाहरुमा देखिएको अवरोध, अस्थिर राजनीतिक अवस्था कायम रहनु तथा न्यून आर्थिक गतिविधि, अधिक तरलताका कारण उत्पन्न बजार जोखिम तथा कोष व्यवस्थापनका चुनौती जस्ता कठिन परिस्थितिका बाबजुद बैंकले हासिल गरेको नतिजा उत्साहजनक रहेको छ।

समीक्षा अवधिमा बैंकको पूँजी पर्याप्तता अनुपात १२.४४ प्रतिशत रहेको छ, जुन नियमनकारी निकाय नेपाल राष्ट्र बैंकले तोकेको न्यूनत्तम पूँजी पर्याप्तता अनुपात १० प्रतिशत भन्दा बढी हो जसले बैंक पूँजीगत रुपमा मजबुत रहेको तथा आर्थिक रुपमा आउन सक्ने अकल्पनीय तथा अनपेक्षित समस्या तथा परिस्थितिहरु सामना गर्न बैंक सक्षम रहेको दर्शाउँछ।

बैंकको पूँजी योजनानुसार समीक्षा वर्षमा बैंकले ३९ प्रतिशत बोनस शेयर तथा २५ प्रतिशत हकप्रद शेयर जारी गरी वर्षको अन्त्यमा बैंकको चुक्ता पूँजी ४.५७ अर्ब पुऱ्याएको छ। साथै, बैंकको सञ्चालक समितिले बैंकको पूँजी बढाउन नेपाल राष्ट्र बैंकमा पेश गरेको स्वीकृत पूँजी योजना बमोजिमको लक्ष्य हासिल गर्न यस वर्ष पनि २७.३७ प्रतिशत लाभांश (१.३७ प्रतिशत नगद लाभांश तथा २६ प्रतिशत बोनस शेयर) तथा बोनस शेयर जारी पश्चात हुन आउने चुक्ता पूँजीमा १५ प्रतिशत हकप्रद शेयर जारी गर्ने प्रस्ताव पेश गरेको छ । यस बोनस शेयर तथा हकप्रद शेयर जारी पश्चात बैंकको कुल चुक्ता पूँजी रु ६.६८ अर्ब पुग्नेछ। त्यस पश्चात बैंकको आन्तरिक जगेडा कोष तथा चालु वर्षको अनुमानित मुनाफाको पूँजीकृत गरी नेपाल राष्ट्र बैंकले तोकेको समयसीमा भित्र नै बैंकको लक्षित चुक्ता पूँजी रु. ८ अर्ब हासिल गर्न बैंक सक्षम रहेको छ।

बैंकले आफ्नो दीर्घकालीन रणनीति अनुरुप मर्चेण्ट बैंकिङ्ग, लघुवित्त तथा रेमिट्यान्स सेवा विस्तार गर्ने लक्ष्य राखेको छ। बैंकले आफ्नो पूर्ण स्वामित्व रहने गरी मर्चेण्ट बैंकिङ्ग कार्य गर्न एन आई सी एशिया क्यापिटल लिमिटेड दर्ता गरेको छ र छिट्टै सञ्चालनमा ल्याउन आवश्यक कार्यहरु अगाडि बढाई रहेको जानकारी गराउँदछु। चालु वर्षमा बैंकले रेमिट्यान्स सेवा विस्तार गर्ने लक्ष्य लिएको छ ।

बैंकले एकै छाता अन्तर्गत सम्पूर्ण आधुनिक बैंकिङ्ग सेवा सुविधाहरु उपलब्ध गराउने लक्ष्य लिएको छ । लघुवित्त सेवा प्रदान गर्नका लागि समेत आवश्यक कामकारवाही अघि बढाइएको छ ।

पूँजीगत खर्चलाई लक्षित गरेर आएको बजेट, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पुर्नस्थापना तथा पुनर्निर्माणका द्रुत गतिमा सम्पन्न गर्ने अपेक्षाले चालु आर्थिक वर्षमा देशको सबै आर्थिक पक्षहरुलाई नयाँ गति दिई उच्च आर्थिक वृद्धिको दिशा तर्फ अग्रसर गर्ने अपेक्षा गरेको छु । यद्यपि राजनीतिक अस्थिरता, योजनागत रुपमा पूँजीगत खर्च गर्ने क्षमता वृद्धि तथा व्यापक पुर्ननिर्माण तथा पुर्नस्थापनालाई गति दिने जस्ता चुनौतीहरु कायम नै रहेको छ । यी चुनौतीहरु अन्त्य भई सिर्जना हुने नयाँ व्यवसाय तथा रोजगारका अवसरहरु कालो बादलमा रहेको चाँदीको घेराको रुपमा देखिएको छ, जसले समग्र देशको आर्थिक तथा व्यवसायिक अवस्थामा सुधार ल्याई देशको समग्र प्रगतिलाई एक नयाँ उच्च वृद्धिको रेखामा लैजाने अपेक्षा गरेको छु ।

बैंकले सदैव विवेकशील जोखिम व्यवस्थापन, उच्च तहको संस्थागत सुशासन, शुन्य सहिष्णुता पालना संस्कृति, पद्धति र कार्यसम्पादन प्रेरित वातावरणलाई केन्द्रबिन्दुमा राखेर सतर्कतापूर्ण जोखिम व्यवस्थापनका प्रक्रियाहरु अपनाएको छ । यस बैंकका सम्पूर्ण ग्राहकवर्गले हामी माथि गर्नु भएको विश्वासको कदर गर्दै, बैंक एक सुरक्षित र भरपर्दो संस्था रहनेमा उत्तिकै जिम्मेवार र दृढ रहेको छ । बैंकले सदैव इमान्दारी तथा सम्मानका साथ व्यवहार गर्नुका साथै दिगो मुनाफा आर्जन गर्न आफ्नो जोखिमलाई सन्तुलन गर्न जरुरी छ । हामी सेवा प्रदान गर्ने संस्थाको रुपमा मात्र नभई एउटा असल संस्थागत नागरिकको रुपमा सरकारलाई राजश्व तिर्नुका साथै हाम्रो सामाजिक उत्तरदायित्व संस्था एन आई सी एशिया फाउन्डेशन मार्फत समुदायको बृहत्तर हितका लागि योगदान दिँदै एक पृथक संस्था बन्न सदैव प्रयासरत रहेका छौं ।

अन्त्यमा, सम्पूर्ण ग्राहकवर्गहरु, नियामक निकायहरु, सेवाप्रदायक/आपूर्तिकर्ताहरु,व्यवसायिक प्रतिष्ठानहरु तथा शेयरधनीहरुमा वहाँहरुले निरन्तर रुपमा पुऱ्याउनु भएको सहयोगका लागि हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछु । मेरा सम्पूर्ण सहकर्मीहरुमा वहाँहरुले पुऱ्याउनुभएको उल्लेखनीय प्रयास तथा उत्कृष्ट योगदान तथा सञ्चालक समितिबाट निरन्तर रुपमा प्राप्त सहयोग, प्रतिबद्धता, दूरदर्शिता, भरोसा, मार्गदर्शन र हामी प्रति दर्शाउनुभएको विश्वासका लागि पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

हाम्रो अनुपम संस्कार कायम रहने र आउँदा दिनहरुमा अझै परिस्कृत हुँदै जानेछन् तथा जस्तोसुकै चुनौतीहरुको सामना गर्न बैंक सक्षम रहनेछ एवं सम्पूर्ण सरोकारवालाहरुको आकांक्षा अनुरुप प्रगति हासिल गर्न सक्नेछ भन्ने मेरो दृढ विश्वास रहेको छ ।

धन्यवाद ।

**लक्ष्मण रिसाल**
**प्रमुख कार्यकारी अधिकृत**



# व्यवस्थापन समिति

माथिबाट क्रमशः

**विनय दाहाल**
प्रमुख साना तथा मझौला कर्जा

**अर्जुन राज खनिया**
प्रमुख कर्जा असूली विभाग

**प्रविण बस्नेत**
प्रमुख रिटेल बैंकिङ्ग

**शिलु अर्याल**
प्रमुख निक्षेप तथा ट्रान्जेक्सन बैंकिङ्ग

तलबाट क्रमशः

**दिनेश भारी**
प्रमुख कानून तथा कम्पनी सचिव

**लक्ष्मण रिसाल**
प्रमुख कार्यकारी अधिकृत

**विमल डागा**
नायव महाप्रबन्धक



**सुधिर पाण्डे**
प्रमुख सञ्चालन तथा मानव
संशाधन अधिकृत

**रोशन कुमार न्यौपाने**
प्रमुख जोखिम अधिकृत

**दिपक ढकाल**
प्रमुख आन्तरिक लेखापरीक्षण

**विशाल सिग्देल**
प्रवन्धक वित्त

**निना तामाङ्ग**
प्रमुख सर्भिस एक्सिलेन्स

**सुजित शाक्य**
प्रमुख कर्जा अधिकृत

**भानु दवाडी**
प्रमुख कर्पोरेट कम्युनिकेशन
तथा व्राण्डि

# सञ्चालक समितिको प्रतिवेदन २०७२/७३

आदरणीय शेयरधनी महानुभावहरु,

यस बैंकको उन्नाईसौं वार्षिक साधारण सभामा सहभागी हुन पाल्नु भएकोमा बैंक सञ्चालक समितिको तर्फबाट म यहाँहरुलाई हार्दिक स्वागत तथा न्यानो अभिवादन गर्दछु ।

देशमा विद्यमान राजनीतिक अस्थिरता, आर्थिक चुनौती, अधिक तरलता तथा गत आर्थिक वर्षको अन्त्यमा गएको विनाशकारी भूकम्पको असर कायम रहनु तथा दक्षिण सीमा नाकामा देखिएको अवरोध जस्ता कठिन परिस्थितिले आर्थिक वर्षको शुरुको छ महिनामा देशको समग्र स्थितिमा प्रतिकुल असर पर्न गएको छ । भूकम्पको असर न्यून हुँदै जानु तथा सिमा अवरोध सामान्यीकरण भएसँगै देशमा आर्थिक गतिविधिहरुमा सुधार आई सो अवधिमा संकुचित रहेको कर्जाको मागमा वर्षको तेस्रो तथा चौथो त्रैमासिकमा उल्लेख्य सुधार आई समग्र बैंक तथा वित्तीय क्षेत्रमा सकारात्मक प्रभाव पर्न गयो । देशको लक्षित आर्थिक वृद्धिदर ६.० प्रतिशतबाट समीक्षा वर्षमा ०.७७ प्रतिशत मात्र वृद्धि भएको अनुमान रहेको छ । यस कठिन परिस्थितिका बाबजुद समीक्षा अवधिमा यस बैंकले हासिल गरेको व्यवसायिक वृद्धि तथा वित्तीय नतिजा उत्साहजनक रहेको जानकारी गराउँदछु ।

बैंकलाई निकट भविष्यमा नै उचाइमा पुऱ्याउने लक्ष्य राख्दै बजारमा सेवाग्राहीका माझ फरक ढंगले प्रस्तुत हुनका लागि बैंकले यस वर्ष आफ्नो दीर्घकालीन रणनीति Integrated 5 Year Strategy Plan "Strategy 2020" तयार गरी अवलम्बन गरेको छ । सोही रणनीति अनुरुप बैंकले पहिलो वर्षको लक्ष्य सफलतापूर्वक हासिल गरेको छ । आर्थिक वर्ष २०७२/७३ मा उक्त दीर्घकालीन रणनीति अनुरुप लक्ष्य हासिल गर्न चाहिने सम्पूर्ण आवश्यक पुर्वाधार र नीतिहरु निर्माण गरी अवलम्बन गरेको छ । "Strategy 2020" अनुरुपका सबै लक्ष्य पुरा गर्नका लागि हामी निरन्तर दृढताका साथ लागि परेका व्यहोरा यहाँहरु समक्ष निवेदन गर्न चाहन्छु ।

आर्थिक वर्ष २०७२/७३ मा बैंकले गरेका प्रगतिहरु, उपलब्धिहरु, सञ्चालनमा देखिएका चुनौतीहरु एवं भविष्यका अल्पकालीन तथा दीर्घकालीन योजनाहरु र समग्र बैंकिङ्ग कार्यको समीक्षा र पुनरावलोकन गर्न कम्पनी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५, तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को अधिनमा रही तयार गरिएको यो प्रतिवेदन संचालक समितिको तर्फबाट बैंकको उन्नाईसौं वार्षिक साधारण सभामा प्रस्तुत गरेको छ ।

**(क) आर्थिक वर्ष २०७२/७३ को कारोवारको सिंहावलोकन**

आर्थिक वर्ष २०७२/७३ को समीक्षा गर्दा बैंकको प्रगति समग्रमा निम्न अनुसार रहेको छ ।

*रु. दश लाखमा*

| शीर्षक | आषाढ मसान्त २०७३ | आषाढ मसान्त २०७२ | वृद्धि (प्रतिशतमा) |
|---|---|---|---|
| चुक्ता पूँजी | ५,७७६ | ३,६९५ | ५६ |
| निक्षेप | ६९,४८८ | ५३,४४७ | ३० |
| कर्जा सापट | १,८५० | – | |
| कुल कर्जा | ५९,४९९ | ४३,३३० | ३७ |
| लगानी | १२,८९० | १०,१२४ | २७ |
| कुल सम्पत्ति | ८०,४५७ | ६०,५१९ | ३३ |
| सञ्चालन मुनाफा (सम्भावित नोक्सानी व्यवस्था अघिको) | १,५६० | १,२२८ | २७ |
| खुद नाफा | १,०६७ | ६८० | ५७ |
| खुद नाफा/कुल सम्पत्ति (प्रतिशत) | १.५१ | १.२१ | २५ |
| खुद नाफा/नेटवर्थ (प्रतिशत) | १६.५० | १३.०५ | २६ |
| निष्कृय कर्जा/कुल कर्जा अनुपात (%) | ०.७६ | २.०७ | (६३) |
| प्रति शेयर आम्दानी (रु) | २८.३१ | २५.५९ | ११ |

→ चुक्ता पूँजी (रु अर्बमा)




→ निक्षेप (रु अर्बमा)



## → कर्जा तथा सापटी (रु अर्बमा)




## → खुद मुनाफा (रु अर्बमा)




समीक्षा अवधिमा बैंकको कुल कर्जा ३७ प्रतिशतले वृद्धि भई रु.५९.५० अर्ब पुगेको छ भने निक्षेप ३० प्रतिशतले वृद्धि भई रु.६९.४९ अर्ब पुगेको छ । यसै गरी बैंकको कुल सम्पत्ति ३३ प्रतिशतले वृद्धि भई रु.८०.४६ अर्ब पुगेको छ ।

घट्दो व्याजदर अन्तर तथा बढ्दो सञ्चालन खर्चका बाबजुद पनि कुल कर्जा ३७ प्रतिशतले वृद्धि भएको हुनाले समीक्षा वर्षमा बैंकले कर्जा, निक्षेप तथा अन्य आम्दानीमा बैंकिङ्ग क्षेत्रको औसत वृद्धिदर भन्दा केही माथि वृद्धि हासिल गर्दै सञ्चालन मुनाफा तथा खुद मुनाफामा भने क्रमश: २९ र ५७ प्रतिशतले वृद्धि गरी क्रमश: रु १.५६ अर्ब तथा रु. १.०७ अर्ब कायम गर्न सफल भएको छ । समीक्षा अवधिमा बैंकको पूँजीमा प्रतिफल र सम्पत्तिमा प्रतिफल क्रमश: १६.५० प्रतिशत र १.५१ प्रतिशत रहेको छ, जुन गत वर्ष क्रमश: १३.०५ प्रतिशत र १.२१ प्रतिशत रहेको थियो । त्यसैगरी, समीक्षा अवधिमा बैंकको प्रति शेयर आम्दानी गत वर्षको रु. २५.५९ मा ११ प्रतिशतले वृद्धि भई रु.२८.३ पुगेको छ ।

### पूँजी पर्याप्तता अनुपात

आर्थिक वर्ष २०७२/७३ मा बैंकको पूँजी पर्याप्तता अनुपात १२.४४ प्रतिशत रहेको छ । नियमनकारी निकाय नेपाल राष्ट्र बैंकले न्यूनतम पूँजी पर्याप्तता अनुपात १० हुनुपर्ने भनी तोकेको छ। समीक्षा अवधिमा बैंकको न्यूनतम पूँजी पर्याप्तता अनुपात नियमनकारी संस्थाले तोकेको अनुपात भन्दा २.४४ प्रतिशतले बढी छ । पूँजी पर्याप्तता अनुपात बढी हुनाले निक्षेपकर्ताको निक्षेप सुरक्षित छ भन्ने सकारात्मक सन्देश जानुका साथै आर्थिक रुपमा आउन सक्ने अकल्पनीय तथा अनपेक्षित समस्या तथा परिस्थितिहरु सामना गर्न समेत बैंक सबल रहेको मान्न सकिन्छ तथा बैंकले थप व्यवसाय वृद्धि गर्न सक्ने क्षमतालाई दर्शाउँछ ।

साथै बैंकको पूँजी पर्याप्तता अनुपात नियमनकारी निकाय नेपाल राष्ट्र बैंकको निर्देशनानुसार चालू आर्थिक वर्ष २०७३/७४ देखी लागू हुने Basel III अनुसार तोकिएको न्यूनत्तम पूँजी पर्याप्तता अनुपात ११ प्रतिशत भन्दा १.४४ प्रतिशतले बढी रहेको छ ।

### पूँजी कोष

गत वर्ष रु.५.५७ अर्ब रहेको बैंकको शेयर पूँजी र जगेडा तथा कोष समीक्षा वर्षमा ३४ प्रतिशतले वृद्धि भई रु ७.४४ अर्ब पुगेको छ । सोही अवधिमा वाणिज्य बैंकहरुको शेयर पूँजी र जगेडा तथा कोष ३२ प्रतिशतले वृद्धि भई रु.२०१.३६ अर्ब पुगेको छ ।

### निक्षेप

समीक्षा अवधिमा बैंकको कुल निक्षेप रु.६९.४९ अर्ब रहेको छ, जुन गत आर्थिक वर्षको तुलनामा ३० प्रतिशतको वृद्धि हो । समीक्षा वर्षमा बैंकले मुद्दती निक्षेपमा ४९, वचत निक्षेपमा २७ तथा कल निक्षेपमा २१ प्रतिशतले गरी कुल निक्षेपमा ३० प्रतिशतको वृद्धि हासिल गरेको हो ।

बैंकले अवलम्बन गरेका दीर्घकालीन रणनीति अनुरुप आर्थिक वर्ष २०७२/७३ मा बैंकले चालु तथा बचत खाता (Current and Saving Accounts-CASA) तर्फको निक्षेप वृद्धि गर्ने लक्ष्य अनुरुप बचत निक्षेपमा उत्साहजनक वृद्धि हासिल गर्न सफल रहेको छ ।




सोही रणनीति अनुसार बैंकले समीक्षा अवधिमा आफ्नो बचत खातामा परिमार्जन गर्नुका साथै नयाँ योजनाहरु समेत ल्याएको थियो जस कारण बैंकले गत वर्षको बचत खाताको निक्षेपमा २७ प्रतिशतले वृद्धि गर्न सफल भएको छ भने ७०,५९८ नयाँ बचत खाताहरु खोल्न सफल रहयो । आगामी वर्षहरुमा समेत बचत खाता वृद्धि गर्दै जाने रणनीतिलाई निरन्तरता दिने बैंकको लक्ष्य छ। समीक्षा वर्षको अन्त्यमा बैंकको कुल वचत खाता संख्या ३,६०,४५४ रहेको छ ।

वाणिज्य बैंकहरुले प्रकाशित गरेको चौथो त्रैमासिकको वित्तीय नतिजा अनुरुप गत वर्षको तुलनामा १८ प्रतिशतले वृद्धि भै आषाढ मसान्त २०७३ सम्मको बैंकिङ्ग क्षेत्रको कुल निक्षेप रु. १,७६४ अर्ब पुगेको छ। उक्त कुल निक्षेपमा यस बैंकको ३.९४ प्रतिशत हिस्सा रहेको छ । गत वर्ष बैंकिङ्ग क्षेत्रको कुल निक्षेपमा यस बैंकको हिस्सा ३.५८ प्रतिशत रहेको थियो ।

### कर्जा तथा कर्जा नोक्सानी व्यवस्था

समीक्षा अवधिमा बैंकको कुल कर्जा रकम गत वर्षको तुलनामा ३७ प्रतिशतले वृद्धि भई रु ५९.५ अर्ब पुगेको छ । बैंकले यस वर्ष रिटेल बैंकिङ्ग कर्जामा ३८, साना तथा मझौला कर्जामा ७३ तथा कर्पोरेट कर्जामा १८ प्रतिशतको वृद्धि हासिल गरेको छ । समीक्षा अवधिमा बैंकको कुल कर्जा रकममा रु. १६ अर्बले वृद्धि भएको छ, जुन सो अवधिको बैंकिङ्ग क्षेत्रको कुल वृद्धिको ६.२२ प्रतिशत हो ।

वाणिज्य बैंकहरुले प्रकाशित गरेको चौथो त्रैमासिकको वित्तीय नतिजा अनुरुप आषाढ मसान्त २०७३ सम्मको बैंकिङ्ग क्षेत्रको कुल कर्जा रकम २३ प्रतिशतले वृद्धि भई रु.१,३८१ अर्ब पुगेको छ, जस मध्ये यस बैंकको कुल बजार हिस्सा ३.७७ प्रतिशतवाट बढेर ४.२३ प्रतिशत कायम भएको छ ।

आफ्नो दीर्घकालीन रणनीति अनुरुप बैंकले रिटेल तथा उत्पादनमूलक साना तथा मझौला कर्जालाई थप सरलीकृत बनाउनुका साथै ग्राहकको माग पहिचान गरी नयाँ कर्जा योजनाहरु ल्याई ग्राहकको माझ पहिलो रोजाईको बैंक बन्ने लक्ष्य लिएको छ ।

सोही रणनीति अनुरुप बैंकले यस वर्ष कर्जा प्रक्रियालाई सहज बनाउनुका साथै कर्जाको दायरा फराकिलो बनाई कम जोखिमयुक्त कर्जामा जोड दिई कुल रिटेल कर्जामा ३८ प्रतिशतको वृद्धि हासिल गरेको छ, जुन समीक्षा वर्षको कुल कर्जामा भएको वृद्धि रकमको ४३.० प्रतिशत हो ।

साथै बैंकले साना तथा मझौला कर्जामा समेत कर्जा प्रक्रिया सहज बनाउनुका साथै कर्जा सीमा समेत बढाएको छ । बैंकले समीक्षा वर्षमा साना तथा मझौला कर्जालाई बिशेष प्राथमिकता दिई आवश्यक सुधार तथा संशोधन तथा नयाँ कर्जा योजना ल्याई उक्त कर्जामा ७३ प्रतिशतको वृद्धि हासिल गर्न सफल भएको छ ।

समीक्षा वर्षमा बैंकको कुल कर्जा नोक्सानी व्यवस्था गत वर्षको रु.१.१८ अर्बबाट घटेर रु.१.०५ अर्ब रहेको छ । यस आर्थिक वर्षमा रु.१८.४७ करोड कर्जा नोक्सानी व्यवस्था खर्चको रुपमा लेखिएको छ र नोक्सानी व्यवस्थाबाट रु.३२.२९ करोड रकम फिर्ता भएको छ । कुल कर्जा नोक्सानी व्यवस्था कुल खराब कर्जाको २३२ प्रतिशत रहेको छ । गत वर्ष २.०७ प्रतिशत रहेको कुल खराब कर्जा र कुल कर्जाको अनुपातमा यस वर्ष उल्लेखनीय सुधार भई ०.७६ प्रतिशत कायम भएको छ । यस बैंकले लिएको विवेकशिल कर्जा रणनीति अनुरुप खराब कर्जा आगामी वर्षहरुमा थप कम हुने अपेक्षा गरेका छौं ।

बैंकले अवलम्बन गरेको दीर्घकालीन रणनीति अनुरुपको लक्ष्य हासिल गर्न कम जोखिमयुक्त कर्जा लगानीलाई प्राथमिकतामा राखेको छ । सोही रणनीति अनुरुप भविष्यमा उत्पन्न हुन सक्ने कर्जा जोखिमलाई मध्यनजर गर्दै बैंकको खराब कर्जा तथा कर्जा नोक्सानीलाई न्यूनीकरण गर्ने उद्देश्यका साथ कर्जा असूली तथा व्यवस्थापन प्रक्रियालाई थप सहज तथा सबल बनाएको छ ।

## लगानी

समीक्षा वर्षमा बैंकको कुल लगानी अघिल्लो वर्षको तुलनामा २७ प्रतिशतले वृद्धि भई रु १२.८९ अर्ब पुगेको छ । कुल लगानी मध्ये ट्रेजरी बिल, सरकारी बिल ऋणपत्र तथा नेपाल राष्ट्र बैंक बण्ड र अन्य लगानीतर्फ क्रमशः १५ प्रतिशत, ६७ प्रतिशत र १८ प्रतिशत लगानी रहेको छ, जुन गत वर्ष क्रमशः ३४, २७ र ३९ प्रतिशत रहेको थियो ।

बैंकको लगानीको गत दुई आर्थिक वर्षहरुको तुलनात्मक विवरण यस प्रकार रहेको छ ।




सरकारी ऋणपत्र तथा ट्रेजरी बिल्सको घट्दो प्रतिफल तथा लगानीका अवसरहरु न्यून रहेको परिस्थितिमा यस बैंकले लगानीयोग्य रकमको उचित सदुपयोग, लगानीमा विविधता अपनाउनु तथा घट्दो लगानीको प्रतिफलमा टेवा लिने हिसाबले उच्च सर्तकता अवलम्बन गरी पूँजी बजारमा आफ्नो लगानी वृद्धि गरेको छ ।

समीक्षा वर्षको अन्त्यमा पूँजी बजारमा लगानी रकम रु ६५ करोड रहेको छ । पूँजी बजारमा गरिएको लगानी मुख्यतया लाभांशको रुपमा दिगो प्रतिफल दिने क्षमता भएका कम्पनीहरुमा रहेका छन् ।

## कमिशन तथा अन्य सञ्चालन आम्दानी

कमिशन तथा अन्य सञ्चालन आम्दानीहरु बैंकको गैह्र कोषमा आधारित प्रमुख आम्दानीका स्रोतहरु हुन् । यस वर्ष बैंकले कमिशन तथा अन्य सञ्चालन आम्दानीतर्फ रु.४८.८० करोड आर्जन गर्न सफल भएको छ, जुन गत वर्षको तुलनामा २३.० प्रतिशतको वृद्धि हो ।

बैंकले आर्जन गर्ने खुद मुनाफामा कमिशन तथा अन्य सञ्चालन आम्दानीको हिस्सा बढाउने रणनीति अनुरुप बैंकले समीक्षा वर्षमा यस सम्बन्धी केन्द्रीत भई विभिन्न नवीनतम सेवा तथा सुविधा बिस्तार गर्नुका साथै भई रहेका सेवामा पनि समय सापेक्ष परिमार्जन गरेको छ । यसै क्रममा बैंकले आफ्नो एटीएम सुविधामा समय सापेक्ष परिमार्जन गर्नुका साथै चालु वर्ष देखी क्रेडिट कार्ड सुविधा सञ्चालनमा ल्याएको छ ।

## सटही घटबढ आम्दानी

समीक्षा वर्षमा बैंकको सटही घटबढ आम्दानी ३३ प्रतिशतले वृद्धि भई रु १६.७५ करोड पुगेको छ, जुन गत वर्ष रु १२.६४ करोड रहेको थियो । बैंकको यस वर्ष विदेशी मुद्रा खरिद बिक्री (ट्रेडिङ्ग) तर्फको आम्दानीमा ३० प्रतिशतको वृद्धि हासिल गर्न सफल भएको छ । बैंकको कुल सटही घटबढ आम्दानीमा ट्रेडिङ्ग तर्फको आम्दानीको हिस्सा ९८.५ प्रतिशत रहेको छ ।

समीक्षा वर्षमा बैंकिङ्ग क्षेत्रको सटही घटबढ आम्दानी २० प्रतिशतले बढेको छ र बैंकको हिस्सा गत वर्ष २.७७ प्रतिशत रहेकोमा समीक्षा वर्षमा वृद्धि भई ३.०६ प्रतिशत पुगेको छ ।

## व्याज आम्दानी

समीक्षा अवधिमा बैंकको व्याज आम्दानी १२.३६ प्रतिशतले वृद्धि भई रु. ४.४० अर्ब पुगेको छ । समीक्षा वर्षमा बैंकको कर्जातर्फको व्याज आम्दानी १२.८० प्रतिशतले वृद्धि भई रु.४.१७ अर्ब पुगेको छ भने कर्जा बाहेक अन्य लगानीतर्फको व्याज आम्दानी ५ प्रतिशतले वृद्धि भई रु.२३.४६ करोड पुगेको छ ।

आर्थिक वर्षको पहिलो छ महिनामा अधिक तरलता तथा न्यून आर्थिक गतिविधिका कारण संकुचित रहेको कर्जाको मागले गर्दा कर्जातर्फको औसत प्रतिफलमा प्रतिकूल असर पर्न गयो । फलस्वरुप समीक्षा वर्षमा बैंकको कर्जातर्फको औसत प्रतिफल ९ प्रतिशतले घटी ८.६६ प्रतिशत कायम रहन गयो ।

यद्यपि बैंकले न्यून प्रतिफल रहेको लगानीलाई उच्च प्रतिफल प्राप्त हुने लगानीमा प्रतिस्थापन गर्दै लगानीतर्फको पहिलो त्रैमासिकमा औसत प्रतिफल १.७८ प्रतिशत रहेकोमा उल्लेख्य वृद्धि हासिल गरी वर्षको अन्तिम त्रैमासमा २.५४ प्रतिशत कायम गर्न सफल भएको छ ।

आर्थिक वर्षको बैंकको त्रैमासिक रुपमा रहेको लगानीको औसत प्रतिफल तल प्रस्तुत गरिएको छ :




बैंकले अवलम्बन गरेको दीर्घकालीन रणनीति अनुरुप बैंकको कुल कर्जामा रिटेल र साना तथा मझौला कर्जाको अनुपात वृद्धि हुँदै जानुले बैंकको कर्जातर्फको औसत प्रतिफलमा ह्रास आउने क्रम रोकिने अपेक्षा गरेको छ। त्यस बाहेक नियमनकारी निकाय नेपाल राष्ट्र बैंकले मौद्रिक नीति २०७३/७४ मा अल्पकालीन ब्याजदरमा आउने उतार चढावलाई न्यूनीकरण गर्दै ब्याजदर स्थायित्व कायम गर्ने र मौद्रिक व्यवस्थापनलाई आधुनिकीकरण गर्ने उद्देश्यले ब्याजदर करिडोरलाई क्रमशः लागू गर्ने व्यवस्था मिलाएको छ । फलस्वरुप सरकारी ऋणपत्रहरुको ब्याजदर तथा अल्पकालीन ब्याजदरमा समेत सुधार भई समग्र बैंकको ब्याज आम्दानीमा समेत सुधार भई समग्र बैंकको ब्याज आम्दानीमा वृद्धि हुने अपेक्षा गरेका छौं ।

## ब्याज खर्च

समीक्षा अवधिमा बैंकको ब्याज खर्च ४.४४ प्रतिशतले वृद्धि भई रु २.४४ अर्ब पुगेको छ। समीक्षा वर्षमा बैंकको निक्षेपतर्फको ब्याज खर्च ४.४४ प्रतिशतले वृद्धि भई रु. २.४० अर्ब पुगेको छ भने सापटतर्फको ब्याज खर्च ४.४७ प्रतिशतले वृद्धि भई रु. ४.२२ करोड पुगेको छ।

बैंकको कर्जा लगानीमा भएको वृद्धि अनुरुप मुद्दती खातामा वृद्धि गर्नु परेकोले बैंकको औसत निक्षेप लागतमा सोचे अनुरुप सुधार आउन सकेन। फलस्वरुप आर्थिक वर्षमा बैंकको निक्षेपतर्फको ब्याजदरको औसत लागतमा १५ प्रतिशतले मात्र कमी आई ४.०५ प्रतिशत कायम रहन गयो।

आर्थिक वर्षमा बैंकको त्रैमासिक रुपमा रहेको स्वदेशी निक्षेपको औसत लागत तल प्रस्तुत गरिएको छ :




बैंकले अवलम्बन गरेको दीर्घकालीन रणनीति अनुरुप बैंकको कुल निक्षेपमा चल्ती तथा बचत खाताको अनुपातमा वृद्धि गर्दै जाने लक्ष्य अनुरुप बैंकको विभिन्न आकर्षक बचत निक्षेपका योजनाहरु समेत ग्राहक सामु ल्याएको छ। यसबाट आउंदा दिनहरुमा बैंकको निक्षेपको लागतमा क्रमिक सुधार आउने विश्वास लिइएको छ।

## खुद ब्याज आम्दानी

कर्जा तथा निक्षेप ब्याजदर घट्दो क्रममा रहे पनि कर्जाको ब्याजदरको तुलनामा निक्षेप ब्याजदर सोही अनुपातमा नघट्नाले बैंकको ब्याजदर अन्तरमा केही प्रतिकूल असर परेको छ। समीक्षा वर्षमा खुद ब्याज आम्दानी गत वर्षको तुलनामा २४ प्रतिशतले वृद्धि भई रु.१.९६ अर्ब कायम भएको छ। गत वर्ष कर्जा तथा लगानीको औसत प्रतिफल ९.५१ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ९ प्रतिशतको गिरावट आई ८.६६ प्रतिशत कायम भएको छ। त्यस्तै गरी निक्षेपको औसत लागत ४.७८ प्रतिशतबाट गिरावट आई ४.०५ प्रतिशत रहेको छ।

आगामी दिनहरुमा बैंकले उपलब्ध कोषको अत्यधिक सदुपयोगका लागि कर्जा तथा निक्षेप अनुपात व्यवस्थापन तथा ब्याजदर अन्तरलाई बिशेष जोड दिने रणनीति अवलम्बन गरेको छ।

## कर्मचारी खर्च

समीक्षा वर्षमा बैंकको कुल कर्मचारी खर्च २९ प्रतिशतले वृद्धि भई रु ५४.३३ करोड पुगेको छ, जुन गत वर्ष रु ४२.१८ करोड रहेको थियो।

बैंकले व्यापार व्यवसायमा उल्लेख्य रुपमा वृद्धि गर्दै जाने लक्ष्य अनुरुप बैंकको विभिन्न विभाग तथा शाखामा आवश्यक सीप भएको कर्मचारीको माग तथा अभाव परिपूर्ति गर्नका लागि बैंकले समीक्षा वर्षमा विगत वर्षको तुलनामा थप कर्मचारी पदपूर्ति गरेको तथा बैंकले नियमित रुपमा दक्ष कर्मचारीको पदोन्नित, वार्षिक कार्य सम्पादन क्षमताको मूल्याङ्कन तथा प्रत्येक दुई वर्षमा कर्मचारी सेवा सुविधाको पुनरावलोकन गर्ने योजना तथा कार्यक्रम अनुरुप कामकारबाही गरेकोले यस वर्ष कर्मचारी खर्चमा केही वृद्धि भएको हो। गत वर्ष कुल कर्मचारी संख्या ७३० रहेकोमा समीक्षा अवधिमा ३७१ जना कर्मचारी थप भई समीक्षा वर्षमा कुल कर्मचारी संख्या १,१०१ पुगेको छ।

कर्मचारी नै बैंकको सबैभन्दा मूल्यवान सम्पत्ति हुन् भन्ने मान्यतालाई आत्मसात गर्दै बैंकको दीर्घकालीन रणनीति अनुरुप बैंकलाई थप सबल र सक्षम बनाउने उद्देश्यका साथ बैंकलाई आवश्यक थप जनशक्ति तथा कर्मचारीको क्षमता तथा सीप अभिवृद्धिका लागि गरिएको खर्चलाई बैंकले लगानीको रुपमा लिएको छ र आउदों दिनहरुमा यसको प्रतिफल व्यवसाय र मुनाफा वृद्धिको रुपमा प्राप्त हुने विश्वास लिएको छ।

## अन्य सञ्चालन खर्च

समीक्षा वर्षमा बैंकको अन्य सञ्चालन खर्च १३ प्रतिशतले वृद्धि भई रु ५०.९८ करोड पुगेको छ, जुन गत वर्ष रु ४५.१८ करोड रहेको थियो । यस वर्ष बैंकको कर्मचारीमा भएको वृद्धि, व्यवसायमा उल्लेख्य वृद्धि हासिल गर्ने लक्ष्य अनुरुप व्यवसाय प्रर्वद्धनका लागि गरिएको कार्यहरु तथा अन्य विभिन्न कारणहरुले गर्दा उक्त खर्च वृद्धि भएको हो।

बैंकले अवलम्बन गरेको दीर्घकालीन रणनीति अनुरुप बैंकको लक्ष्य हासिल गर्न आफ्नो कार्यविधि तथा संयन्त्रहरुलाई थप मजबुत बनाउने दिशा तर्फ कदम चालेको छ। उक्त कार्यका लागि बैंकको पूर्वाधार तथा कार्यविधिहरुको केन्द्रीकरण तथा Automation मा पर्याप्त लगानी गरेको छ। त्यसै गरी बढ्दो मुद्रास्फीति तथा विस्तारित कार्य सञ्जालले गर्दा समेत बैंकको अन्य सञ्चालन खर्चमा वृद्धि भएको हो।

तत्कालका लागि उक्त खर्च उच्च देखिए तापनि बैंकले गरेको यस लगानीले आगामी दिनमा बैंकको व्यवसाय वृद्धिमा टेवा पुऱ्याउने तथा कार्यविधि सामान्यीकरण तथा सहजीकरण भई कुल लागत घट्न गई बैंकको वित्तीय नतिजामा सकारात्मक असर पर्ने अपेक्षा बैंकले गरेको छ।

## लागत तथा आम्दानीको अनुपात

समीक्षा वर्षमा बैंकको लागत तथा आम्दानीको अनुपात १.२५ प्रतिशतले कमी भई ४०.२५ प्रतिशत पुगेको छ, जुन गत वर्ष

४१.५६ प्रतिशत रहेको थियो । बैंकको विगत दुई वर्षको लागत तथा आम्दानीको अनुपात निम्न चार्टमा प्रस्तुत गरिएको छ ।




**लागत तथा आम्दानी अनुपात**

समीक्षा वर्षमा कुल खर्चमा २१ प्रतिशतले वृद्धि भएतापनि बैंकको कुल सञ्चालन आम्दानीमा उल्लेख्य वृद्धि भएको कारणले लागत तथा आम्दानीको अनुपातमा कमी ल्याउन सफल भएको हो ।

बैंकको शाखा विस्तार सम्बन्धी योजनाले गर्दा यस चालु वर्षमा पनि बैंकको लागत तथा आम्दानीको अनुपात ४० प्रतिशतको हाराहारीमा रहने अपेक्षा गरिए तापनि आगामी वर्षहरुमा व्यवसाय तथा आम्दानीमा वृद्धि भई लागत तथा आम्दानी अनुपातमा क्रमशः सुधार आउने अपेक्षा गरिएको छ ।

### आयकर तथा स्रोतमा करकट्टी तर्फ बैंकले गरेको भुक्तानी

बैंकले देशको राजश्व संकलनमा योगदान स्वरुप समीक्षा वर्षमा स्रोतमा कर कट्टी तर्फ रु. ३०.३४ करोड तथा आयकर तर्फ रु. ४६.५८ करोड गरी कुल रु. ७६.९२ करोड भुक्तानी गरेको छ। उक्त कुल भुक्तानी गत आर्थिक वर्षको तुलनामा ४३ प्रतिशतले (रु.२३.२१ करोडले) बढी हो ।

### नाफा/नोक्सान बाँडफाँड विवरण

बैंकले यस आर्थिक वर्षमा रु. १.०७ अर्ब खुद मुनाफा आर्जन गरेको छ र यस मुनाफाको बाँडफाँड विवरण निम्न अनुसार रहेको छ ।

*रु. दश लाखमा*

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| सञ्चित मुनाफा | ४१.०४ | १७०.७१ |
| यस वर्षको खुद नाफा | १,०६७.१४ | ६८०.३१ |
| पूँजी समायोजन कोषबाट रकमान्तर | – | – |
| स्थगन कर जगेडा | – | ३.२५ |
| पूँजीगत जगेडा कोषबाट रकमान्तर | ५४८.०९ | ४५१.९१ |
| लगानी समायोजन कोषबाट फिर्ता | १४.०० | – |
| शेयर प्रिमियमबाट रकमान्तर | – | ६७.८३ |
| जम्मा | १,६७०.८४ | १३७४.०३ |
| बाँडफाँड : | | |
| साधारण जगेडा कोष | २१३.४३ | १३६.०६ |
| सटही घटबढ कोष | ०.६४ | – |
| एनआईसी एशिया बन्ड २०७७ फिर्ता जगेडा कोष | ७१.४३ | ७१.४३ |
| स्थगन कर जगेडा | ६.१० | – |
| लगानी समायोजन कोष | ८.७५ | ३४.२० |
| शेयरधनीहरुलाई लाभांशको रुपमा बाँडन मिल्ने रकम | १,३६९.९२ | १,१३२.३४ |
| प्रस्तावित नगद लाभांश | ६३.२४ | ५४.५६ |
| प्रस्तावित बोनस शेयर | १२००.८८ | १०३६.७३ |
| सञ्चित मुनाफा | १०५.६४ | ४१.०४ |

### (ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिबाट कारोवारलाई परेको असर

**१. विश्व अर्थतन्त्र**

सन् २०१६ मा विकसित मुलुकहरुको आर्थिक गतिविधिमा सुधार हुने र उदीयमान एवं विकासशील मुलुकहरुको आर्थिक गतिविधिमा केही संकुचन आउने देखिएको छ । अन्तर्राष्ट्रिय मुद्राकोषले जुलाई २०१६ मा जारी गरेको World Economic Outlook का अनुसार विश्वको आर्थिक वृद्धिदर सन् २०१५ मा ३.१ प्रतिशत रहेकोमा सन् २०१६ मा ३.४ प्रतिशत रहने प्रक्षेपण छ ।

*(स्रोतः नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिमा आधारित)*

**२. देशको आर्थिक अवस्था**

**कुल गार्हस्थ्य उत्पादन तथा मुद्रास्फीति**

केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०७२/७३ मा यथार्थ कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधार मूल्यमा ०.८ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्ष यस्तो वृद्धिदर २.३ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा अपर्याप्त वर्षाका कारण प्रमुख कृषिजन्य उपजमा कमी आउनुका साथै लामो समयसम्मको बन्द हड्ताल एवम् सीमा नाका अवरोधका कारण अर्थतन्त्रका समग्र क्षेत्रहरुमा नकारात्मक असर परेकोले आर्थिक वृद्धिदर न्यून हुन गएको हो।

आर्थिक वर्ष २०७२/७३ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ९.९ प्रतिशत रह्यो। अघिल्लो आर्थिक वर्षमा सो मुद्रास्फीति ७.२ प्रतिशत रहेको थियो । तराई आन्दोलन, सीमा-नाका अवरोध र आपूर्ति असहजता जस्ता प्रतिकूल परिस्थितिका कारण समीक्षा अवधिमा मूल्यमा चाप परेको हो ।

**वित्तीय क्षेत्रको अवस्था**

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप १९.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त निक्षेप २०.१ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७२/७३ मा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा २३.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो कर्जा १९.८ प्रतिशतले बढेको थियो । समीक्षा वर्षको तेस्रो त्रयमास देखि आर्थिक गतिविधि चलायमान भएका कारण निजी क्षेत्रतर्फको कर्जा विस्तार भएको हो । २०७२ असारको तुलनामा २०७३ असारमा ९१-दिने ट्रेजरी विल र अन्तर-बैंक कारोवारको भारित औसत ब्याजदर घटेको छ। २०७२ असारमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ०.१७३९ प्रतिशत रहेकोमा २०७३ असारमा ०.०४५६ प्रतिशत कायम रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोवारको भारित औसत ब्याजदर २०७२ असारमा १.०१ प्रतिशत रहेकोमा २०७३ असारमा ०.६९ प्रतिशत पुगेको छ।

*(स्रोतः नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको देशको वर्तमान आर्थिक स्थिति,आर्थिक वर्ष २०७२/७३ को वार्षिक तथ्याङ्कमा आधारित)*

**(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा,**
मिति २०७३ आषाढ मसान्तपछि बैंकको हितलाई तात्विक असर पर्ने कुनै पनि घटना रहेको छैन ।

चालु आर्थिक वर्षको १ महिनाको अवस्था गत वर्षको सोही अवधिसँग तुलना गर्दा निम्न अनुरुप रहेको छ ।

*रु. दश लाखमा*

| शीर्षक | श्रावण मसान्त २०७३ | श्रावण मसान्त २०७२ | वृद्धि (प्रतिशतमा) |
|---|---|---|---|
| सञ्चालन मुनाफा (सम्भावित नोक्सानी व्यवस्था अघिको) | १७५.५८ | ९६.५८ | ८२ |
| कुल निक्षेप | ६९,४५०.६६ | ५३,९५९.६१ | २९ |
| कुल कर्जा सापट | ५८,९०५.३६ | ४३,६५९.०१ | ३५ |

बैंकले चालु वर्ष पनि व्यापार व्यवसायमा लक्षित वृद्धि हासिल गर्ने अपेक्षा गरेको छ ।

## शाखा विस्तार

समीक्षा वर्षमा बैंकले नयाँ शाखा विस्तार गरेको छैन ।

यस वर्ष बैंकको कार्य क्षेत्र तथा सञ्जाल बिस्तार तथा व्यवस्थापनका लागि आवश्यक उचित दिशानिर्देश तथा वैज्ञानिक प्रणाली अवलम्बन गर्नका लागि Footprint बिस्तार तथा व्यवस्थापन नीति २०१६ "Footprint expansion and Management Policy 2016" बैंकको सञ्चालक समितिबाट पारित गराई लागू गरेको छ ।

बैंकले चालु आर्थिक वर्षमा चालीस वटा नयाँ शाखा विस्तार गर्ने र सोही अनुपातमा ATM थप गर्ने लक्ष्य राखेको छ । यसरी बिस्तारित शाखा सञ्जालले देशको सुगम क्षेत्रमा मात्र नभई दुर्गम क्षेत्रमा समेत बैंकिङ्ग सुविधाको पहुँच पुग्ने र नेपाल सरकारले अवलम्बन गरेको वित्तीय समावेशीता कार्यक्रम (Financial Inclusiveness Program) मा समेत टेवा पुग्ने बैंकको ठहर छ ।

साथै चालु आर्थिक वर्षको कार्तिक मसान्तसम्ममा बैंकले बटार, अत्तरिया, पुष्पलाल चोक विराटनगर, उर्लावारी, जितपुर, कावासोती, दलदले, बाग्लुङ्ग, फिदिम, कुश्मा, लेखनाथ र विरौटा गरी १२ वटा नयाँ शाखा खोल्ने निर्णय भइसकेको छ, जसमध्ये ११ वटा शाखाको निर्माण कार्य भइरहेको छ र चालु वर्षको वर्षको कार्तिकमसान्त सम्ममा सबै १२ वटै शाखा खोल्ने लक्ष्य राखेको छ ।

## सेवा विस्तार

बैंकले सदा झै समय सापेक्ष आफ्ना सेवाग्राहीको माग बमोजिम नयाँ तथा परिमार्जित सेवाहरु सञ्चालनमा ल्याएको छ । बैंकले ग्राहकको चाहना अनुरुप ग्राहकवर्ग समक्ष नवीनतम, भरपर्दो तथा गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ । यसको निमित्त प्रविधिमा भइरहेको विकास, ग्राहकवर्गको आवश्यकता, व्यापार व्यवसायमा भएका परिवर्तन आवश्यक सिर्जना आदि पक्षहरुको मूल्याङ्कन गरी आफ्नो जनशक्तिलाई सक्षम बनाउदै उपभोक्ता वर्गलाई समय सापेक्ष सेवा प्रदान गर्नको निमित्त बैंकले अनुसन्धान तथा विकासको निरन्तरलाई संस्थाको एक विशिष्ट पक्षको रुपमा ग्रहण गरेको छ । ग्राहक सेवामा सुधार ल्याउनको निमित्त जनशक्ति तथा प्रविधिमा बैंकले अधिकतम लगानी गर्दै आएको छ ।

समीक्षा वर्षमा बैंकले ल्याएको नयाँ तथा परिमार्जित सेवाहरु निम्न अनुसार रहेका छन् ।

### १) प्रिमियम वचत खाता (Premium Saving)

बैंकको कुल निक्षेपमा वचत खाताको संख्या तथा अनुपातमा वृद्धि गर्ने लक्ष्य अनुरुप high net worth ग्राहकहरुलाई लक्षित गरी बैंकले आकर्षक सुविधा तथा बिशेषताहरु रहेको प्रिमियम वचत खाता ग्राहक माझ ल्याएको छ ।

### २) सुपर पेरोल खाता (Super Payroll Account)

बैंकले आफ्नो बजार हिस्सा वृद्धि गर्ने उद्देश्यका साथ कर्मचारी वर्गलाई लक्षित गरी विभिन्न आकर्षक सुविधा सहितको सुपर पेरोल खाता ग्राहक सामु ल्याएको छ । यस खाता सञ्चालनमा ल्याउनुको लक्ष्य विभिन्न संघ/संस्था, गैह्र सरकारी तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरु, सरकारी कार्यालयहरु तथा बिमा संस्था आदिका कर्मचारीहरुलाई यो सुविधा प्रदान गरी संस्थासँगको सम्बन्ध थप सुदृढ पार्नु तथा वचत निक्षेपको हिस्सा बढाउनु रहेको छ ।

### ३) सुन कर्जा (Gold Loan)

बैंकको दीर्घकालीन रणनीति अनुरुप व्यक्तिगत कर्जा अन्तर्गत उल्लेख्य वृद्धि हासिल गर्नका लागि, यस वर्ष सुन कर्जालाई पुनः ग्राहक सामु ल्याएको छ । यस कर्जाको प्रमुख उद्देश्य जोखिम न्यूनीकरण, कम जोखिमयुक्त कर्जामा वृद्धि तथा बजारमा बैंकको हिस्सा वृद्धि गर्नु रहेको छ ।

### ४) व्यक्तिगत कर्जा (Personal Loan)

नियमित आम्दानी तथा व्यवसायिक दक्षता भएका ग्राहकहरुको आवश्यकता अनुसार विना धितो प्रदान गरिने रु.१५ लाख सम्मको व्यक्तिगत कर्जाले बैंकको कर्जामा विविधता प्रदान गरेको छ ।

### ५) Loyalty Financing

बैंकले आफ्ना असल नियमित ग्राहकहरुलाई मध्यनजर गरी समीक्षा वर्षमा रिटेल कर्जा अन्तंगत Loyalty Financing कर्जा बैंकिङ्ग क्षेत्रमा नै नविनतम् कर्जाको रुपमा ल्याएको छ । यस कर्जाको प्रमुख उद्देश्य भनेको नै आफ्ना असल ग्राहकहरुको आवश्यकतालाई पुरा गर्नु रहेको छ । बैंकिङ्ग क्षेत्रमा देखिएको रिटेल कर्जामा बढ्दो प्रतिस्पर्धालाई ध्यानमा राखी बैंकले आफ्नो दीर्घकालिन रणनीतिक योजना अनुसार रिटेल कर्जामा वृद्धि गर्ने योजना अनुरुप यस कर्जालाई उपभोक्ता कर्जा अन्तर्गत बेग्लै इकाइको रुपमा राखिएको छ ।

### ६) सहज व्यवसाय कर्जा (Easy Business Loan)

बैंकिङ्ग क्षेत्रमा साना तथा मझौला कर्जामा वृद्धि गर्ने बढ्दो प्रतिस्पर्धालाई मध्यनजर गर्दै तथा उक्त कर्जामा विविधता अपनाई थप वृद्धि गर्दै जाने लक्ष्य अनुरुप बैंकले सहज व्यापार कर्जा ग्राहक सामु ल्याएको छ । यस कर्जाको लक्ष्य साना व्यवसायहरुलाई प्रवर्द्धन गर्नुका साथै साना व्यापारको प्रचुर सम्भावना भएको क्षेत्रमा रहेको शाखाको कर्जामा वृद्धि गर्ने रहेको छ ।

### ७) युवा कृषि कर्जा (Agriculture Loan for Youth)

व्यवसायिक कृषिमा संलग्न युवा वर्गका लागि आवश्यक लगानीको सहज पहुँचका लागि उक्त युवा वर्गलाई लक्षित गरी बैंकले युवा कृषि कर्जा ल्याएको छ । साथै नियमनकारी निकाय नेपाल राष्ट्र बैंकको परिपत्र विविनि/परिपत्र/कखग/१०/०७१/७२ को निर्देशन पालना तथा बैंकको कर्जामा विविधता ल्याउन समेत यस कर्जा ल्याएको हो ।

## नयाँ योजना

बैंकिङ्ग क्षेत्रको थप सहज पहुँज पुऱ्याउने लक्ष्यका साथ बैंकले देशका विभिन्न क्षेत्रहरुमा एक्सटेन्सन काउण्टर खोल्ने सोच बनाएको छ । साथै शाखा बिस्तार तथा एक्सटेन्सन काउण्टर खोल्न सम्भव नभएका दुर्गम क्षेत्रहरुमा आर्थिक रुपमा पहुँच बढाउनका लागि शाखा रहित सेवा उपलब्ध गर्ने सोच राखेको छ । बैंकको सम्पूर्ण शाखाहरुमा एटीएम सेवा उपलब्ध गर्ने छौं । चालु आर्थिक वर्ष देखी बैंकले क्रेडिट कार्ड सेवा उपलब्ध गराईसकेको छ ।

साथै आउँदा दिनमा समेत यस्तै समय सापेक्ष तथा प्रविधि उन्मुख सेवा मार्फत ग्राहकवर्गको बैंकिङ्ग सेवा सुविधाको अवधारणालाई नयाँ आयाम दिने प्रयास गर्ने छौं ।

## प्रविधि विकास तथा सूचना व्यवस्थापन प्रविधि

बैंकले विगतका वर्षहरुमा जस्तै नविनतम प्रविधि आत्मसात गर्दै यस प्रविधिको युगमा आफुलाई अग्रणी भूमिकामा राख्ने प्रयत्न गरेको छ । बैंकले आफ्ना सबै शाखाहरुमा Optical Fiber र Wireless को प्रयोगद्वारा Real Time मा हिसाब किताब राख्ने व्यवस्था मिलाएको छ, जसले Data Redundancy, Data Error जस्ता समस्याहरुलाई हटाई सूचना चाहिएको बेलामा सजिलै उपलब्ध गराउँदछ ।

साथै बैंकका दैनिक कामहरुलाई प्रविधिउन्मुख तथा स्तरीय बनाउनको निमित्त विकसित Izone2 लाई थप सरल र प्रभावकारी बनाएको छ । Izone2 बैंकका कर्मचारीहरुको मात्र पहुँचमा रहने अन्तर्राष्ट्रिय स्तरको एक नवीन Intranet Platform हो तथा यसको प्रयोगद्वारा बैंकको आन्तरिक संचार, सूचना सम्प्रेषण तथा कार्यालय सञ्चालन सहज हुनुका साथै यसले गर्दा समयको बचत र गुणात्मकता अभिवृद्धि भएको छ ।

बैंकले आफ्नो सम्पूर्ण बैंकिङ्ग कार्यहरुलाई Automation गर्ने र कागज रहित कार्यालय वातावरण बनाउने सोच लिएको छ । बैंक आफ्नो सूचना स्रोत र तथ्यांक प्रणालीको सुरक्षाप्रति सदैव संवेदनशील छ । बैंकले सूचना प्रविधि नीति (IT Policy) लागू गरेको छ, जसले बैंकको Data Centre Operation,Hardware, Network Security तथा Computer System सम्बन्धी विषयहरुलाई बैंकको Internal Audit को नियमित लेखापरीक्षणको अधिनमा राख्दछ । साथै बैंकले हालसालै आफ्नो Information System Audit सम्पन्न गरेको छ, जसले गर्दा बैंकलाई आफ्नो सूचना व्यवस्थापन तथा सुरक्षालाई थप मजबुत बनाएको छ ।

बैंकको सूचना प्रविधिलाई समयसापेक्ष एवं अत्याधुनिक बनाउँदै लैजाने क्रममा सञ्चालनमा रहेको Oracle Software तथा Finacle Core Banking Software को समेत आगामी दिनहरुमा स्तरोन्नति (version upgrade) गर्दै लैजाने योजना रहेको सहर्ष जानकारी गराउँदछौं ।

बैंकले यस वर्ष Disaster Recovery Plan/Policy लागू गरेको छ । बैंकले आफ्नो कार्यसम्पादनलाई प्रभावकारी रुपमा सम्पन्न गर्न नवीनत्तम प्रविधिहरुको प्रयोग सँगै दैवी प्रकोप तथा अन्य विभिन्न कारणवश उत्पन्न हुन सक्ने जोखिमहरुलाई मध्यनजर गर्दै उक्त जोखिमयुक्त समयमा पनि बैंकको कार्यलाई हानी नोक्सानी रहित वातावरण कायम गर्न, बैंकको कार्यहरु सुचारु गर्न तथा प्रविधि सम्बन्धीत जोखिम न्यूनीकरण गर्न यो नीति लागू गरेको हो । यसै नीति अर्न्तगत यस वर्ष बैंकको Disaster Recovery को सफल परीक्षण गरिसकेको छ । साथै बैंकको Disaster Recovery Site लाई उपत्यका बाहिर भैरहवामा स्थानान्तरण गरेको छ ।

साथै प्रविधि विकास तथा सूचना व्यवस्थापनका लागि समीक्षा अवधिमा सूचना प्रविधि सम्बन्धी अन्य विभिन्न नीतिहरु समेत जारी गरेको अवगत गराउँदछौं ।

## मानव संशाधन

बैंकले आफ्ना कर्मचारीहरुलाई सदैव आफ्नो महत्वपूर्ण सम्पतिको रुपमा लिएको छ । बैंकको दीर्घकालीन रणनीति अनुरुप बढ्दो व्यापार तथा व्यवस्थित शाखा विस्तार नीतिका कारणहरुले गर्दा यो वर्ष पनि बैंकमा कर्मचारीहरुको संख्यामा वृद्धि भएको छ । बदलिंदो परिवेश, गतिशिल आर्थिक वातावरणमा आफ्ना कर्मचारीहरुलाई समय सापेक्ष, दक्ष र सीपयुक्त बनाउन तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका साथसाथै प्रोत्साहन गर्नका लागि बैंकले समय समयमा विभिन्न आन्तरिक तथा वाह्य तालिमहरु उपलब्ध गराउंदै आएको छ ।

समीक्षा वर्षमा ४७ वटा वाह्य तथा ८३ वटा आन्तरिक तालिमहरुमा बैंकको ७०० भन्दा बढी कर्मचारीहरु सहभागी भई उनीहरुको क्षमता अभिवृद्धि तथा सीप विकासमा मद्दत पुगेको छ । बैंकले कर्मचारीको सीप तथा क्षमताको अभिवृद्धि गर्नका लागि बैंकलाई ज्ञान हासिल गर्ने थलोका रुपमा विकसित गर्न र कर्मचारीमा ज्ञान हासिल गर्ने संस्कार बसाल्न विभिन्न कार्यहरु गरेको छ ।

मानव संशाधनको विकासले दैनिक कार्यमा सहयोग गर्ने मात्र नभई बैंकमा नयाँ सोच, नयां प्रविधिहरु भित्र्याउन मद्दत पुग्ने कुरामा सञ्चालक समिति विश्वस्त छ । आगामी वर्षहरुमा समेत कर्मचारीहरुको ज्ञान तथा क्षमता वृद्धिका लागि आन्तरिक तथा वाह्य तालिमहरु निरन्तर रुपमा सञ्चालन गरिनेछ । कुल कर्मचारीहरुको संख्या आर्थिक वर्ष २०७३ आषाढ मसान्त सम्ममा १,१०१ पुगेको छ । कर्मचारीहरु वीच एक आपसमा उचित समन्वय तथा संयोजनको लागि आवश्यक सम्पूर्ण कदमहरु चालिएको छ तथा यसमा कर्मचारीहरुको पूर्ण सहयोग रहेको छ ।

**(घ) कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध,**

बैंकले आफ्नो व्यवसायिक दायरालाई फराकिलो पार्दै जानको लागि बैंकको प्रगतिसँग सरोकार राख्ने संघ संस्था तथा औद्योगिक व्यावसायिक प्रतिष्ठानहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी सो सम्बन्धलाई अभिवृद्धि गर्दै लगेको र सो क्रमलाई भविष्यमा पनि निरन्तरता दिने योजना राखेको छ । यसै क्रममा यस बैंक Nepal India Chamber of Commerce, Forum of Nepalese Bankers, Foreign Exchange and Money Dealers Association, Nepal Bankers' Association, Banking Promotion Committee, Nepal Foreign Trade Association, Nepal Institute of Company Secretaries, International Chamber of Commerce Nepal, World Bank, International Finance Corporation, Asian Development Bank, Federation of Nepalese Chambers of Commerce and Industry जस्ता संस्थाहरुसंग आबद्ध रहेको छ ।

**(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण,**

व्यवसायिक सञ्चालक श्री गणेश मान श्रेष्ठज्यूको पदावधि मिति २०७२/१२/१९ मा समाप्त भएको र उक्त रिक्त पदमा डा. रामचन्द्र भट्टराईज्यू मिति २०७२/१२/१९ देखि लागू हुने गरी नियुक्त हुनु भएको छ । यस बैंकको प्रगतिमा व्यवसायिक सञ्चालकको रुपमा श्री गणेश मान श्रेष्ठज्यूले दिनुभएको योगदानको लागि यस बैंक उहाँ प्रति हार्दिक आभार प्रकट गर्दछ ।

श्री विरेन्द्र कुमार संघईज्यूले आफ्नो कार्य व्यस्तताको कारणले सञ्चालक समितिबाट राजिनामा दिनु भएको र उक्त राजिनामा मिति २०७३/०१/१५ देखि लागू हुने गरी मिति २०७३/०१/१२ मा सम्पन्न सञ्चालक समितिको २६७ औं बैठकबाट स्वीकृत भएको छ ।

श्री प्रकाश विक्रम खत्रीज्यू मिति २०७२/१२/१९ देखि लागू हुने गरी मिति २०७२/१२/१९ मा सम्पन्न सञ्चालक समितिको २६६ औं बैठकबाट सञ्चालकमा नियुक्त हुनुभएको छ ।

श्री गोविन्द लाल संघईज्यू मिति २०७३/०१/१५ देखि लागू हुने गरी मिति २०७३/०१/१२ गते सम्पन्न सञ्चालक समितिको २६७ औं बैठकबाट सञ्चालकमा नियुक्त हुनुभएको छ ।

यस बाहेक सञ्चालक समितिमा केही हेरफेर नभएको ।

## सञ्चालक समितिको बैठक

विद्यमान ऐन तथा बैंकको नियमावलीको प्रावधान अनुरुप सञ्चालक समितिको बैठक नियमित रुपमा बस्ने गरेको छ । सञ्चालक समितिका बैठकहरुमा बैंकका प्रमुख कार्यकारी अधिकृत स्थायी आमन्त्रित सदस्य हुनुहुन्छ ।

यस समिक्षा अवधिमा सञ्चालक समितिको कुल २९ वटा बैठक बसेको छ । बैठकमा सञ्चालकहरुको उपस्थिति र निजहरुले प्राप्त गरे को भत्ताको विवरण निम्न अनुसार रहेको छ :

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | बैठक भत्ता रु. |
|---|---|---|
| अध्यक्ष श्री जगदीश प्रसाद अग्रवाल | २९ | ३१२,०००/– |
| सञ्चालक श्री त्रिलोक चन्द अग्रवाल | २६ | २३०,०००/– |
| सञ्चालक श्री तुलसी राम अग्रवाल | २९ | २६०,०००/– |
| तत्कालीन सञ्चालक श्री विरेन्द्र कुमार संघई | ९ | ६०,०००/– |
| सञ्चालक श्री रामचन्द्र संघई | १४ | ११०,०००/– |
| सञ्चालक श्री राजेन्द्र अर्याल | २६ | २३०,०००/– |
| सञ्चालक श्री विनोद कुमार प्याकुरेल | २९ | २६०,०००/– |
| तत्कालीन सञ्चालक श्री गणेश मान श्रेष्ठ | १९ | १७०,०००/– |
| सञ्चालक श्री गोविन्द लाल संघई | ७ | ६०,०००/– |
| सञ्चालक श्री प्रकाश विक्रम खत्री | ७ | ६०,०००/– |
| सञ्चालक डा. रामचन्द्र भट्टराई | ७ | ६०,०००/– |
| प्रमुख कार्यकारी अधिकृत, श्री लक्ष्मण रिसाल | २४ | – |

**च) कारोवारलाई असर पार्ने मुख्य कुराहरू**

देशको समग्र आर्थिक स्थिति, राजनीतिक तरलता एवं सीमित लगानीका अवसरहरु, ब्याजदर अन्तरको व्यवस्थापन, विद्युत आपूर्तिमा कटौती चालू वर्षमा पनि चुनौतीका रुपमा रहने छन् । साथै, बढ्दो प्रतिस्पर्धा एवं दक्ष जनशक्तिको अभावले थप चुनौतीहरु थपिएका छन् । नयाँ प्रविधि उन्मुख सेवा तथा नवीनतम योजनाको बढ्दो मागलाई बैंकले अवसरको रुपमा लिएको छ ।

यी चुनौती र अवसरहरुलाई ध्यानमा राख्दै बैंकले आफ्नो सेवाको दायरा तथा गुणस्तर वृद्धि गर्दै लैजाने, थप नवीनतम् सेवाहरु प्रदान गर्ने तथा नयाँ बजारहरु र नयाँ क्षेत्रहरुमा आफ्नो सेवाहरु विस्तार गर्दै लैजाने रणनीति तर्जुमा ल्याएको छ ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया**

यस्तो कुनै कैफियत लेखापरीक्षकको प्रतिवेदनमा उल्लेख भएको छैन ।

**(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम**

मिति २०७३/०५/२६ मा बसेको सञ्चालक समितिको २८१ औं बैठकले रु १,२६,४०,८४,३७७/– (अक्षरेपी रुपैयाँ एक अर्ब छब्बीस करोड चालीस लाख चौरासी हजार तीन सय सत्तहतर मात्र) अर्थात चुक्ता पूँजीको २७.३७ प्रतिशत (१.३७ प्रतिशत नगद तथा २६ प्रतिशत शेयर लाभांश) प्रस्ताव गरेको छ ।

**(झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर वापत रकम फिर्ता गरेको भए सोको विवरण**

बैंकले हालसम्म कुनै शेयर जफत गरेको छैन ।

**(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोवारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन**

बैंकले यस वर्ष मर्चेन्ट बैंकिङ्ग तथा म्युचुअल फन्ड व्यवसाय गर्ने उद्देश्यका साथ सहायक कम्पनी एन आई सी एशिया क्यापिटल लिमिटेड दर्ता गरेको छ । यद्यपि यस सहायक कम्पनीले कार्य सञ्चालनका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त गर्ने क्रममा रहेको छ ।

यस वर्ष बैंकले उक्त सहायक कम्पनीमा चुक्ता पूँजीको रुपमा रु. १० करोड लगानी गरेको छ । यस बाहेक सो सहायक कम्पनीको नाममा अन्य कुनै कारोवार नरहेको जानकारी गराउँदछौं ।

**(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र सो अवधिमा कम्पनीको कारोवारमा आएको कुनै महत्वपूर्ण परिवर्तन**

यस वर्ष बैंकको सहायक कम्पनी एन आई सी एशिया क्यापिटल लिमिटेड दर्ता गरिसकेको र नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त गर्ने कममा रहेकोले व्यवसाय सञ्चालनमा नआएको । आर्थिक वर्षमा बैंकले सामान्य बैंकिङ्ग कारोवारहरु गरेको । यसै अवधिमा कुनै महत्वपूर्ण परिवर्तन नभएको ।

**(ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी**

विगत आर्थिक वर्षमा कुनै यस्तो जानकारी बैंकलाई प्राप्त भएको छैन ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोवारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी**

विगत आर्थिक वर्षमा यस्तो जानकारी बैंकलाई प्राप्त भएको छैन ।

**(ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धीत सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा**

विगत आर्थिक वर्षमा यस्तो कुनै जानकारी बैंकलाई प्राप्त भएको छैन ।

**(ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकम**

बैंकले हालसम्म आफ्नो शेयर आफैं खरिद गरेको छैन ।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण**

बैंकको आन्तरिक नियन्त्रण प्रणाली र यसको प्रभावकारिताको समीक्षा गर्ने जिम्मेवारी सञ्चालक समितिमा रहन्छ । यसका लागि सञ्चालक समिति अन्तर्गत नै विभिन्न समितिहरुको गठन गरिएको छ, साथै बिशेष क्षेत्रहरुको कार्य सम्पादन र चुस्त तथा प्रभावकारी नीति निर्माण तथा परिपालनको निम्ति आवश्यक समितिहरु गठन गरी आफ्नो अधिकारहरु समेत प्रत्यायोजन गरेको छ । लेखापरीक्षण समितिले नियमित रुपमा आन्तरिक लेखापरीक्षक, बाहय लेखापरीक्षक र सुपरिवेक्षकिय लेखापरीक्षकका लेखापरीक्षण प्रतिवेदनहरुको समीक्षा गरी सञ्चालक समितिलाई बैंकको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताका विषयमा स्वतन्त्र आश्वासन प्रदान गर्दछ ।

बैंकिङ्ग व्यवसायका हरेक क्षेत्रहरुमा केही न केही मात्रामा जोखिम निहित रहेको हुन्छ । जोखिम न्यूनीकरणका लागि आवश्यक प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली स्थापनार्थ चाहिने कार्यविधिहरु तयार गरी कार्यान्वयन समेत गर्दै आएका छौं । यस्ता कार्यविधिहरुले निरन्तर रुपमा जोखिमको पहिचान, सम्प्रेषण, मूल्याङ्कन तथा व्यवस्थापनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् ।

बैंकको कार्य सम्पादनलाई चुस्त बनाउन बैंकको कार्य क्षेत्रलाई व्यवसाय, सहायक र नियन्त्रण गरी तीन भागमा वर्गीकरण गरेको छ ।

बैंकले आफ्नो आन्तरिक नियन्त्रण (Control function) प्रणालीलाई थप प्रभावकारी बनाउन आवश्यक एकीकृत जोखिम व्यवस्थापन विभाग (Intergated Risk Management Department) लाई थप मजबुत बनाउँदै लगेको छ । यस विभाग प्रमुख जोखिम अधिकृतको नेतृत्वमा

बैंकको व्यवस्थापनको अधिनमा नभई स्वतन्त्र इकाईको रुपमा आफ्नो कामकारवाही गर्ने र बैंकको जोखिम व्यवस्थापन समिति प्रति जवाफदेही रहेको छ ।

एकीकृत जोखिम व्यवस्थापन विभागको प्रमुख उद्देश्य निम्न उल्लेख गरिएको छ :

- बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक नीति निर्माण गर्ने ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन बैंकमा निहित जोखिमहरु (कर्जा जोखिम, तरलता जोखिम, बजार जोखिम, सञ्चालन जोखिम आदि) को पहिचान गरी जोखिम न्यूनीकरणका लागि आवश्यक नयाँ नीतिहरु निर्माण गर्नुका साथै पुराना नीतिहरु परिमार्जन तथा संशोधन गर्ने ।
- बैंकमा निहित तथा उत्पन्न हुन सक्ने कर्जा तथा सञ्चालन जोखिमहरुको पहिचान, सम्प्रेषण र न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक कार्यविधिहरुको निर्माण गर्ने ।
- बैंकले अंगीकार गरेको नीतिहरुको परिपालनाको प्रत्याभूति दिलाउन अनुगमनकारी भूमिका खेल्ने ।
- जोखिम न्यूनीकरण तथा उचित व्यवस्थापन गर्न तथा व्यवसायमा समेत टेवा दिन समय समयमा बैंकको नीति तथा कार्यविधिको पुनरावलोकन गरी आवश्यक सुझाव सहित जोखिम व्यवस्थापन समितिमा पेश गर्ने ।
- यस विभागले आवश्यक कामकारवाहीको प्रतिवेदन बनाई बैंकको जोखिम व्यवस्थापन समितिलाई पेश गर्ने ।

त्यसै गरी बैंकको आन्तरिक लेखापरीक्षण विभागले बैंकले अंगीकार गरेको नीति निर्माणको परिपालना भए/नभएको तथा बैंकको कार्यसम्पादन क्षेत्रको लेखापरीक्षण गर्ने गर्दछ । यस विभागले प्रमुख आन्तरिक लेखापरीक्षणको अधिनमा रही बैंकको व्यवस्थापनको अधिनमा नभई स्वतन्त्र इकाईको रुपमा आवश्यक कामकारवाही गरी आफ्नो प्रतिवेदन बैंकको लेखापरीक्षण समितिलाई पेश गर्ने गर्दछन् ।

यस आर्थिक वर्षमा निम्न अनुसारका समितिहरु रहेका छन् ।

**१. जोखिम व्यवस्थापन समिति**

यस समितिको मुख्य उद्देश्य नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशनले यस समितिलाई तोकेको काम, कर्तव्य र उत्तरदायित्व वहन गर्दै बैंकमा अन्तर्निहित तथा भविष्यमा आउन सक्ने विभिन्न जोखिमहरु (कर्जा, बजार, सञ्चालन आदि) को पहिचान, अनुगमन तथा व्यवस्थापन गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने तथा सो सम्बन्धमा बैंक व्यवस्थापनलाई आवश्यक सुझाव दिने गर्दछ ।

बैंकको जोखिम व्यवस्थापन समितिमा निम्न सदस्यहरु रहेको छन् ।

| | |
|---|---|
| – सञ्चालक श्री तुलसी राम अग्रवाल | संयोजक |
| – सञ्चालक श्री विनोद कुमार प्याकुरेल | सदस्य |
| – सञ्चालक श्री राजेन्द्र अर्याल | सदस्य |
| – प्रमुख सञ्चालन अधिकृत तथा मानव संशाधन, श्री सुधिर पाण्डे | सदस्य |
| – प्रमुख जोखिम अधिकृत, श्री रोशन कुमार न्यौपाने | सदस्य सचिव |

यस समितिको प्रमुख जिम्मेवारी बैंकको समग्र जोखिम व्यवस्थापन संरचना हेर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको समीक्षा तथा अनुगमन गर्नु हो । बैंकको कार्यसम्पादनका क्रममा उत्पन्न हुन सक्ने विभिन्न प्रकारका जोखिमहरुका पहिचान गर्ने र सोको न्यूनीकरणका लागि यस समितिले अग्रणी भूमिका निर्वाह गर्दै आएको छ । यस समितिको निम्न बमोजिमका जिम्मेवारीहरु (Terms of Reference) रहेका छन् ।

- बैंकमा निहित जोखिम तथा जोखिम व्यवस्थापनको पहिचान तथा अनुगमन गरी आवश्यक सुझाव सहितको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।
- बैंकको व्यवसाय, सञ्चालन तथा जोखिम वहन गर्ने क्षमता सम्बन्धीत कार्यविधिहरुको निर्माण तथा अनुगमन र उक्त जोखिम न्यूनीकरणका लागि बैंकको रणनीति तयार गरी सञ्चालक समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने ।
- व्यवस्थापन समिति मार्फत बैंकको विभिन्न कार्य क्षेत्रसँग सम्बन्धीत जोखिम व्यवस्थापनको प्रतिवेदन संकलन गरी आवश्यक सुझाव सहित सञ्चालक समितिमा पेश गर्ने ।
- जोखिमयुक्त सम्पत्तिमा आधारित रहेर पूँजी पर्याप्तताको विश्लेषण, आन्तरिक पूँजी पर्याप्तता विश्लेषण प्रक्रिया, बैंकको जोखिम वहन गर्न सक्ने क्षमता तथा बैंकले अवलम्बन गरेको रणनीति बमोजिम बैंकको नीति प्रभावकारी रहे/नरहेको सम्बन्धी प्रतिवेदन तयार गरी सञ्चालक समितिमा पेश गर्ने ।
- नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम आवश्यक नीति तथा संरचनाको निर्माण, बैंकको जोखिम व्यवस्थापनका लागि आवश्यक आन्तरिक निर्देशिकाहरु तयार गरी लागू गर्न सञ्चालक समितिलाई सिफारिस गर्ने ।
- आफ्नो कार्यसम्पादन तथा कार्यविधि सम्बन्धी प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।

यस वर्ष यस समितिले जोखिम व्यवस्थापनका लागि गरेका प्रमुख कार्यहरुको संक्षिप्त सार निम्नानुसार रहेको छ ।

- बैंकको जोखिम व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आवश्यक नीति, निर्देशिकाहरु निर्माण तथा विद्यमान नीतिहरुको अनुगमन गरी उचित परिमार्जन तथा संशोधन गरी कार्यान्वयन ।
- बैंकको व्यापार व्यवसायसँग सम्बन्धीत नीतिहरुमा जोखिम क्षमता तथा जोखिम वहन गर्न सक्ने सिमाको निर्धारण ।
- जोखिम व्यवस्थापनका लागि आवश्यक सञ्चालन जोखिम, कर्जा जोखिम, बजार जोखिम तथा तरलता जोखिम व्यवस्थापनका नीतिहरु तथा कर्जा जोखिम पुनरावलोकन निर्देशिका तयार गरी लागू गरेको ।
- व्यवस्थापकीय तहको जोखिम व्यवस्थापन समितिहरुको गठन :
  - एकीकृत जोखिम व्यवस्थापन समिति
  - सञ्चालन जोखिम व्यवस्थापन उपसमिति
  - कर्जा जोखिम व्यवस्थापन उपसमिति
  - बजार तथा तरलता जोखिम व्यवस्थापन उपसमिति
- जोखिम प्रतिवेदनको पुनरावलोकन गरी जोखिम न्यूनीकरणका लागि आवश्यक कदम चालिएको ।
- पूँजी पर्याप्तता सम्बन्धीत प्रतिवेदनहरुको पुनरावलोकन गरी आवश्यक सुझाव सहित सञ्चालक समितिमा पेश गरेको ।
- नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम आवश्यक नीति तथा संरचनाहरुको अनुगमन गरी आवश्यक जोखिम वहन सिमा निर्धारण प्रतिवेदन तयार गरी त्रैमासिक रुपमा सञ्चालक समितिमा पेश गरेको ।

आर्थिक वर्ष २०७२/०७३ मा समितिको जम्मा ३७ वटा बैठक बसेको थियो जसको विवरण निम्नानुसार रहेको छ:

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | बैठक भत्ता रु. |
|---|---|---|
| सञ्चालक श्री तुलसी राम अग्रवाल, संयोजक | ३५ | ३५०,०००/– |
| सञ्चालक श्री विनोद कुमार प्याकुरेल, सदस्य | ३७ | ३७०,०००/– |
| सञ्चालक श्री रामचन्द्र संघई, तत्कालीन सदस्य | २ | २०,०००/– |
| सञ्चालक श्री राजेन्द्र अर्याल, सदस्य | २४ | २४०,०००/– |
| प्रमुख सञ्चालन अधिकृत तथा मानव संशाधन, श्री सुधिर पाण्डे–सदस्य | ३६ | – |
| प्रमुख जोखिम अधिकृत, श्री रोशन कुमार न्यौपाने ,सदस्य सचिव | ३७ | – |
| तत्कालीन सञ्चालक श्री गणेश मान श्रेष्ठ (आमन्त्रित) | ३ | ३०,०००/– |
| सञ्चालक श्री प्रकाश विक्रम खत्री (आमन्त्रित) | १ | १०,००० /– |
| सञ्चालक डा. रामचन्द्र भट्टराई (आमन्त्रित) | १ | १०,००० /– |

२. **Branding and Special Purpose Vehicle (SPV) Sub Committee**

बैंकले आफ्नो व्यवसायको दायरा फराकिलो पार्ने उद्देश्य तथा बैंकहरु माझ यस बैंकको Brand Value लाई उच्च कायम राख्ने, आफुलाई पृथक रुपमा प्रस्तुत गरी लोकप्रियतामा वृद्धि गर्ने दीर्घकालीन रणनीति अनुरुपको लक्ष्य हासिल गर्नका लागि मिति २०७२/१२/०९ मा बसेको सञ्चालक समितिको २६६ औं बैठकको निर्णयानुसार निम्न लिखित उद्देश्य तथा जिम्मेवारी सहित यस Branding and Special Purpose Vehicle (SPV) Sub Committee गठन गरेको छ ।

क. आम जनमानसमा बैंकको लोकप्रियता अभिवृद्धि गर्नको निमित्त Branding का विभिन्न Medium हरुको सम्बन्धमा अध्ययन गर्ने ।

ख. बैंकको व्यवसाय वृद्धि गर्नको निमित्त व्यवसायिक सम्भावना भएका Special Purpose Vehicle (Asset Management, Remittance Platform, Mutual Fund, Microfinance, Merchant Banking, Investment Banking, Brokering Solution जस्ता Special Purpose Vehicle) हरु पहिचान गरी व्यवसाय विस्तार गर्ने सम्बन्धमा अध्ययन गरी सो को प्रतिवेदन संचालक समिति समक्ष पेश गर्ने ।

ग. Special Purpose Vehicle हरु बाहेक Branchless Banking, Mobile Banking, ATM, Branch Network, Website, Alternative Delivery Channels लगायतका बैंकको लागि अत्यन्त महत्वपूर्ण विषयहरु सम्बन्धमा ठोस अध्ययन विश्लेषण गरी संचालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

घ. बैंकको Corporate Communication Department लाई व्यवसायिक रणनीतिक उद्धेश्य हासिल गर्ने प्रयोजनार्थ अत्यन्त प्रभावकारी विभागको रुपमा स्थापित गर्न के के गर्न सकिन्छ सो बारेमा अध्ययन गरी सो सम्बन्धी प्रतिवेदन संचालक समिति समक्ष पेश गर्ने ।

ङ. बैंकको Image, Reputation एवं Goodwill मा अभिवृद्धि गर्नको निमित्त बैंकले अवलम्बन गर्नुपर्ने रणनीतिहरुको बारेमा अध्ययन गरी सो को प्रतिवेदन संचालक समिति समक्ष पेश गर्ने ।

उक्त उपसमितिमा निम्न उल्लेखित सदस्यहरु रहेका छन् :

- सञ्चालक श्री त्रिलोक चन्द अग्रवाल — संयोजक
- सञ्चालक श्री तुलसी राम अग्रवाल — सदस्य
- प्रमुख कानून विभाग, श्री दिनेश भारी — सदस्य
- प्रबन्धक वित्त, श्री विशाल सिग्देल — सदस्य
- प्रमुख जोखिम अधिकृत, श्री रोशन कुमार न्यौपाने — सदस्य सचिव

उक्त उप समितिले यस वर्ष गरेका काम कारवाहीहरु यस प्रकार रहेका छन :

- उपसमितिले बैंक व्यवस्थापनको सहकार्यमा तयार भएको Branding Policy तथा Strategy and Roadmap for Branding को पुनरावलोकन गरी सञ्चालक समितिको स्वीकृतिको लागि सिफारिस गरेको छ ।
- उपसमितिले बैंक व्यवस्थापनको सहकार्यमा तयार भएको देहाय बमोजिमको Special Purpose Vehicle हरुको सम्भाव्यता अध्ययन तथा प्रारम्भिक अध्ययन प्रतिवेदन पुनरावलोकन गरी सञ्चालक समितिको स्वीकृतिको लागि सिफारिस गरेको छ :
  - लघु वित्त कम्पनी
  - मर्चेण्ट बैंकिङ्ग कम्पनी
  - रेमिटेन्स कम्पनी
  - जीवन बिमा कम्पनी
- प्रतिवेदन बमोजिम बैंकले यस वर्ष मर्चेण्ट बैंकिङ्ग दर्ता गरी सकेको छ भने लघुवित्त दर्ता प्रक्रियामा रहेको छ ।
- उपसमितिले बैंक व्यवस्थापनको सहकार्यमा तयार भएको शाखा रहित बैंकिङ्ग नीति (Branchless Banking Policy) को पुनरावलोकन गरी सञ्चालक समितिको स्वीकृतिको लागि सिफारिस गरेको छ ।
- उपसमितिले बैंक व्यवस्थापनको सहकार्यमा तयार भएको संस्थागत Corporate Communication Policy को पुनरावलोकन गरी सञ्चालक समितिको स्वीकृतिको लागि सिफारिस गरेको छ ।
- उपसमितिले बैंक व्यवस्थापनको सहकार्यमा तयार भएको संस्थागत सामाजिक उत्तरदायित्व नीति (Corporate Social Responsibility Policy) को पुनरावलोकन गरी संचालक समितिको स्वीकृतिको लागि सिफारिस गरेको छ ।

उक्त उपसमितिको बैठक आर्थिक वर्ष २०७२/७३ मा जम्मा दुई पटक बसेको तथा सो को विवरण देहाय बमोजिम रहेको छ :

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | बैठक भत्ता रु. |
|---|---|---|
| सञ्चालक, श्री त्रिलोक चन्द अग्रवाल, संयोजक | २ | २०,००० |
| सञ्चालक श्री तुलसी राम अग्रवाल, सदस्य | २ | २०,००० |
| सञ्चालक, श्री गोविन्द लाल संघई (आमन्त्रित) | १ | १०,००० |
| सञ्चालक राजेन्द्र अर्याल, सदस्य (आमन्त्रित) | १ | १०,००० |
| सञ्चालक श्री विनोद कुमार प्याकुरेल (आमन्त्रित) | १ | १०,००० |
| सञ्चालक श्री प्रकाश विक्रम खत्री (आमन्त्रित) | १ | १०,००० |
| प्रमुख कानून विभाग,श्री दिनेश भारी –सदस्य | २ | – |
| प्रबन्धक वित्त,श्री विशाल सिग्देल –सदस्य | २ | – |
| प्रमुख जोखिम अधिकृत, श्री रोशन कुमार न्यौपाने, सदस्य सचिव | २ | – |

* यसै वीच आफ्नो जिम्मेवारी सफलतापूर्वक निर्वाह गरिसकेको यस उपसमितिलाई मिति २०७३/०३/१७ मा बसेको सञ्चालक समितिको २७४ औं बैठकबाट विघटन गरिएको ।

## ३. कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति

बैंकिङ्ग व्यवसाय सेवामुलक हुनुका साथै जोखिम लिने व्यवसाय हो । त्यसैले उत्कृष्ट सेवा प्रदान गर्न तथा जोखिमको उचित व्यवस्थापन गर्नका लागि सक्षम र व्यवसायिक जनशक्तिको आवश्यकता पर्दछ। सक्षम जनशक्ति नै बैंकको बलियो आधार भएकोले गुणस्तरीय जनशक्ति आर्कषण गर्ने, जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउन व्यवस्थापनका सिद्धान्त र बैंकिङ्ग व्यवसायको प्रभावकारी सञ्चालनका लागि निरन्तर रुपमा व्यवस्थापन पुनरावलोकन र समायोजन गरिरहनु पर्ने हुन्छ।

कर्मचारी सेवा सुविधा समिति एक सञ्चालकस्तरको समिति हो, जसको प्रमुख उद्देश्य बैंकको जनशक्ति व्यवस्थापन सम्बन्धी नीति तथा मापदण्डहरु तयार गरी सञ्चालक समिति समक्ष पेश गर्ने, पारिश्रमिक निर्धारण नीति तर्जुमा गर्ने, प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक वृद्धि गर्नु पर्ने देखिएमा सोको आधारहरु सहित सञ्चालक समितिमा सिफारिश गर्ने, Succession Planning तयार गर्ने, कार्यसम्पादन मूल्याङ्कन प्रणालीको पुनरावलोकन

गर्ने रहेको छ । यस समितिले जनशक्ति व्यवस्थापन सम्बन्धमा बैंक व्यवस्थापनलाई आवश्यक सुझाव दिन सक्नेछ तथा आवधिक रुपमा यस समितिले गरेका निर्णयहरुको तथा निर्णय बमोजिम भएका कार्यहरुको जानकारी सञ्चालक समिति समक्ष प्रस्तुत गर्नेछ । यस समितिमा निम्न पदाधिकारीहरु रहेका छन् ।

| | |
|---|---|
| – सञ्चालक श्री राजेन्द्र अर्याल | संयोजक |
| – सञ्चालक श्री त्रिलोक चन्द अग्रवाल | सदस्य |
| – सञ्चालक श्री डा. रामचन्द्र भट्टराई | सदस्य |
| – प्रबन्धक वित्त अधिकृत, श्री विशाल सिग्देल | सदस्य |
| – प्रमुख मानव संशाधन तथा सञ्चालन अधिकृत, श्री सुधिर पाण्डे | सदस्य सचिव |

यस समितिको निम्न बमोजिमका काम, कर्तव्य तथा जिम्मेवारीहरु (Terms of Reference) रहेका छन् :

- बैंकको "पारिश्रमिक निर्धारण नीति" तर्जुमा गर्न सञ्चालक समितिलाई आवश्यक सहयोग गर्ने ।
- समितिले समय समयमा सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक संरचनाको अध्ययन तथा विश्लेषण गर्ने र बजारको पारिश्रमिक संरचनामा आएको परिवर्तनले बैंकमा पार्ने प्रभावका सम्बन्धमा नियमित रुपले अध्ययन गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।
- बैंकको "पारिश्रमिक निर्धारण नीति" बमोजिम प्रचलित कानून तथा नीति निर्देशनमा उल्लिखित व्यवस्थाहरुको पालना हुने गरी प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक वृद्धि गर्नु पर्ने देखिएमा सोको आधारहरु सहित सञ्चालक समितिमा सिफारिश गर्ने ।
- बैंकका कर्मचारीहरुले सम्पादन गर्नु पर्ने कार्य विवरण, लक्ष्य र प्रगति मूल्याङ्कनका परिसूचकहरु समेत विकास गरी सो बमोजिम निजहरुको कार्यसम्पादन मूल्याङ्कन प्रणालीको पुनरावलोकन गर्ने ।
- जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरु भर्ना, छनौट, नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, वृत्ति विकास, कार्यसम्पादन मूल्याङ्कन, पुरस्कार तथा सजाय र श्रम सम्बन्धी योजना, नीति तथा मापदण्डहरु तयार गरी सञ्चालक समिति समक्ष पेश गर्ने ।
- कर्मचारी नीति तथा कार्यरत कर्मचारी संरचनाको समीक्षा गर्ने र Succession Planning तयार गरी स्वीकृतिका लागि सञ्चालक समिति समक्ष सिफारिस गर्ने ।

**समीक्षा वर्षमा यस समितिले गरेका प्रमुख कार्य विवरणहरुको संक्षिप्त विवरण यस प्रकार रहेको छ :**

- बैंकको दीर्घकालीन रणनीति अनुरुप बैंकले उपलब्ध गरेको सेवा सुविधालाई बैंकिङ्ग क्षेत्रमै अग्रणी स्थानमा कायम गर्न, बैंकलाई आवश्यक दक्ष जनशक्तिलाई आकर्षित गर्न तथा बैंकका उत्कृष्ट कर्मचारीहरुलाई कायम (retain) गर्न, कर्मचारीलाई थप प्रोत्साहन प्रदान गर्ने उद्देश्यका साथ बैंकको कर्मचारीलाई प्रदान गरेको सेवा सुविधाको आवश्यक पुनरावलोकन तथा समायोजनका लागि आवश्यक कार्यविधिहरु समेटेर "Remuneration Determinant Policy 2016" जारी गरेको ।
- बैंकको कर्मचारीहरुलाई थप प्रोत्साहन प्रदान गर्न तथा कर्मचारीहरुको कार्यसम्पादनको उचित मूल्याङ्कन गर्नका लागि "Performance Management, Reward and Punishment Policy 2016" जारी गरेको ।
- बैंकको कर्मचारी प्रतिस्थापन लागत घटाउने, विभिन्न कार्यका लागि आवश्यक दक्ष जनशक्तिको अभाव हुन नदिन, उच्च जिम्मेवारीका लागि आवश्यक जनशक्ति तयारी रुपमा कायम राख्न तथा दक्ष कर्मचारीको राजिनामाले गर्दा उत्पन्न हुन सक्ने क्षतिको परिपूर्ति गर्ने उद्देश्यले यस वर्ष "Staff Succession Planning Policy 2016" जारी गरेको ।
- बैंकको कार्य क्षेत्र अनुरुप आवश्यक जनशक्तिको भर्ती, छनौट तथा स्थानान्तरण गर्ने लक्ष्यका साथ "Job Design, Recruitment, Selection and Placement Policy 2016" जारी गरेको ।
- यस वर्ष बैंकको कर्मचारी सेवा सुविधा विनियमावली अनुरुप आवश्यक निरीक्षण गरी कर्मचारीहरुको अपेक्षा अनुरुप तलब वृद्धिका साथै अन्य सेवा सुविधाहरु समय सापेक्ष परिमार्जन गर्न सञ्चालक समिति समक्ष सिफारिस गरेको ।
- बैंकका साथै कर्मचारीहरुको समेत वृहत्तर हितलाई मध्यनजर गर्दै "Staff Rotation and Transfer Policy 2016" बनाउने कार्यलाई अगाडि बढाइएको ।

उक्त उपसमितिको बैठक आर्थिक वर्ष २०७२/७३ मा जम्मा २१ पटक बसेको तथा सो को विवरण देहाय बमोजिम रहेको छ :

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या. | बैठक भत्ता रु |
|---|---|---|
| सञ्चालक, श्री राजेन्द्र अर्याल, संयोजक | २१ | २,१०,०००/– |
| सञ्चालक, श्री त्रिलोक चन्द अग्रवाल, सदस्य | ७ | ७०,०००/– |
| तत्कालीन सञ्चालक, श्री गणेश मान श्रेष्ठ, सदस्य | १७ | १,७०,०००/– |
| सञ्चालक, श्री तुलसी राम अग्रवाल, (आमन्त्रित) | ३ | ३०,०००/– |
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल, (आमन्त्रित) | ३ | ३०,०००/– |
| सञ्चालक, श्री डा. रामचन्द्र भट्टराई, (आमन्त्रित) | ३ | ३०,०००/– |
| तत्कालीन प्रमुख वित्त अधिकृत, श्री प्रवीण बस्नेत, तत्कालीन सदस्य | ११ | – |
| तत्कालीन प्रमुख मानव संशाधन, श्री भानु भक्त दवाडी, तत्कालीन सदस्य सचिव | १९ | – |
| प्रमुख मानव संशाधन तथा सञ्चालन, श्री सुधिर पाण्डे, सदस्य सचिव | ३ | – |
| प्रबन्धक वित्त अधिकृत, श्री विशाल सिग्देल, सदस्य | ६ | – |

**४.लेखापरीक्षण समितिको विषयमा क्रमांक 'द' मा उल्लेख गरिएको ।**

**५."5 Year's Strategic Plan" उपसमिति**

वर्तमान बदलिँदो परिवेश तथा गतिशिल आर्थिक वातावरणमा बैंकलाई समय सापेक्ष सञ्चालन गर्न र सोबाट उत्पन्न हुने चुनौतीहरुलाई कुशलतापूर्वक सामना गरी बैंकको लक्ष्य हासिल गर्न आगामी पाँच वर्षको Integrated Strategic Plan तयार गर्न आर्थिक वर्ष २०७१/७२ मा 5 Year's Strategic Plan उपसमितिको गठन गरिएको थियो ।

सो उपसमितिले स्पष्ट, वैज्ञानिक, वस्तुगत, दुरदर्शी र सन्तुलित सिद्धान्तहरु अवलम्बन गरी प्रमुख सरोकारवालाहरुको स्वामित्व हुने र निजहरुको हितको सम्बर्द्धन गर्ने धरातलीय यथार्थहरुमा आधारित र कार्यान्वयन गर्न सकिने बैंकको भावी योजना र रणनीतिको बारेमा स्पष्ट मार्गचित्र, व्यवसायिक तथा पूँजी योजनालाई एकीकृत रुपमा समेटिएको "5 Year's Integrated Strategy Paper" तयार गर्ने मुख्य उद्देश्य रहेको थियो ।

बैंकको Vision/Mission हासिल गर्न बैंकले अवलम्बन गर्नुपर्ने रणनीति, सोको लागि चाहिने कार्यान्वयन गर्ने समय सीमा, सोको लागि विभिन्न सरोकारवाला एवं पदाधिकारीहरुले निभाउन हाल कायम रहेको संरचना र नीतिगत एवं प्रकृयागत व्यवस्थाहरुमा गर्नुपर्ने आवश्यक परिवर्तनहरु व्यवस्थित तवरमा प्रभावकारी रुपमा समावेश गरी "5 Year's Integrated Strategy Paper" तयार गरेको छ ।

आर्थिक वर्ष २०७२/७३ मा उपसमितिको जम्मा २ वटा बैठक बसेको थियो जसको विवरण निम्न अनुसार रहेको छ ।

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | बैठक भत्ता रु. |
|---|---|---|
| सञ्चालक श्री त्रिलोक चन्द अग्रवाल, संयोजक | २ | २०,०००/– |
| सञ्चालक श्री तुलसी राम अग्रवाल, सदस्य | २ | २०,०००/– |
| सञ्चालक श्री विनोद कुमार प्याकुरेल, सदस्य | २ | २०,०००/– |
| सञ्चालक श्री राजेन्द्र अर्याल, सदस्य | २ | २०,०००/– |
| तत्कालीन सञ्चालक श्री गणेश मान श्रेष्ठ, सदस्य | २ | २०,०००/– |
| प्रमुख कार्यकारी अधिकृत– श्री लक्ष्मण रिसाल, सदस्य | २ | – |
| नायव महाप्रबन्धक– श्री विमल डागा, सदस्य | २ | – |
| सहायक महाप्रबन्धक प्रमुख कर्जा अधिकृत– श्री सुजित कुमार शाक्य, सदस्य | २ | – |
| प्रमुख एस.एम.ई. कर्जा– श्री विनय दाहाल, सदस्य | २ | – |
| तत्कालिन प्रमुख रिटेल बैंकिङ्ग– श्री सुनिल पोखरेल, सदस्य | २ | – |
| प्रमुख मानव संशाधन तथा संचालन अधिकृत–श्री सुधिर पाण्डे, सदस्य | २ | – |
| प्रमुख जोखिम अधिकृत– श्री रोशन कुमार न्यौपाने, सदस्य | २ | – |
| तत्कालिन प्रमुख वित्त अधिकृत– श्री प्रविण बस्नेत, सदस्य सचिव | २ | – |
| तत्कालिन प्रमुख मानव संशाधन– श्री भानुभक्त दवाडी (आमन्त्रित) | २ | – |
| प्रमुख सूचना प्रविधि– श्री शुशिल भट्टराई (आमन्त्रित) | २ | – |
| प्रमुख सूचना प्रविधि रणनीति तथा योजना– श्री परमेश्वर श्रेष्ठ (आमन्त्रित) | २ | – |

* यस उपसमितिले आफ्नो जिम्मेवारी अनुरुप बैंकको दीर्घकालीन रणनीति "5 Year's Integrated Strategy Paper" तयार पारी सञ्चालक समिति समक्ष पेश गरिसकेको र यस उपसमिति मिति २०७२/०६/१७ मा बसेको बैंकको सञ्चालक समितिको २५३ औं बैठकको निर्णयानुसार उक्त उपसमिति विघटन भइसकेको छ।

**(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण**

आर्थिक वर्ष २०७२/७३ को कर्मचारी खर्च रु.५४.३३ करोड र कार्यालय संचालन खर्च रु. ५०.९८ करोड गरी कुल व्यवस्थापन खर्च रु. १०५.३२ करोड रहेको छ।

**(द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण**

बैंकको सञ्चालक समितिले कम्पनी ऐन तथा राष्ट्र बैंकको निर्देशनको अधिनमा रहि गैह्र कार्यकारी सञ्चालकको संयोजकत्वमा विषेशज्ञ सञ्चालक सदस्य र आन्तरिक लेखापरीक्षण विभागका प्रमुख सदस्य सचिव रहने गरि लेखापरीक्षण समिति गठन गरेको छ। यस समितिमा निम्न पदाधिकारीहरु रहेको छन्।

- सञ्चालक श्री विनोद कुमार प्याकुरेल — संयोजक
- सञ्चालक श्री त्रिलोक चन्द अग्रवाल — सदस्य
- सञ्चालक श्री प्रकाश विक्रम खत्री — सदस्य
- सञ्चालक श्री गोविन्द लाल संघई — सदस्य
- श्री दिपक ढकाल – प्रमुख आन्तरिक लेखापरीक्षण विभाग — सदस्य सचिव

**लेखापरीक्षण समितिको निम्न प्रमुख उद्धेश्यहरु रहेका छन् :**

- आन्तरिक नियन्त्रण प्रणाली, लेखापरीक्षण सम्बन्धी कार्यक्रम, लेखापरीक्षण परिणाम, बैंकको जोखिम व्यवस्थापन, संस्थागत सुशासनको अवस्थाका सम्बन्धमा विस्तृत छलफल गरी व्यवस्थापनलाई आवश्यक निर्देशन दिने।
- बैंकको आन्तरिक लेखापरीक्षण प्रतिवेदन, वाह्य लेखापरीक्षण प्रतिवेदनको समीक्षा गरी सो बाट आएका सल्लाह, सुझाव तथा निर्देशनहरुको परिपालना भए नभएको मूल्याङ्कन गर्ने।
- बैंकको समग्र आर्थिक अवस्थाको समीक्षा गर्ने।
- आवधिक रुपमा यस समितिले गरेका निर्णयहरु तथा निर्णय बमोजिम भएका कार्यहरुको जानकारी सञ्चालक समिति समक्ष प्रस्तुत गर्ने।

यस वर्ष यस समितिले गरेका प्रमुख कार्य विवरणहरुको संक्षिप्त सार यस प्रकार छन् :

- लेखापरीक्षण समितिको बैठकलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने, समितिका सदस्यहरुको कर्तव्य र जिम्मेवारी परिभाषित गर्ने, समितिको निर्देशन कार्यान्वयन तथा कार्य प्रगतिको अनुगमन गर्ने कार्यलाई दिशानिर्देश गर्नको निमित्त लेखापरीक्षण समितिको बैठकलाई व्यवस्थित गर्ने कार्यविधि समेत संलग्न गरी "लेखापरीक्षण समितिको हातेपुस्तिका" जारी गरिएको तथा उक्त पुस्तिकामा लेखापरीक्षणका सम्बन्धमा अन्तराष्ट्रिय मान्यता तथा अभ्यासहरु, प्रचलित ऐन कानून तथा बैंकको आन्तरिक नीतिहरुमा गरिएका व्यवस्थाहरुलाई समेत समावेश गरिएको।
- लेखापरीक्षण कार्यलाई थप मजबुत बनाउन आवश्यक कार्य प्रणाली तथा प्रक्रिया समावेश गरी "लेखापरीक्षण नीति २०१६" तयार गरी लागू गरेको।
- समितिको वार्षिक कार्य योजनामा उल्लेख भए बमोजिम तेह्र वटा विभिन्न विभाग तथा नौ वटा शाखाहरुको बिशेष लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन पेश गरेको।
- समितिको वार्षिक कार्य योजना अनुरुप बैंकको विभिन्न शाखा तथा विभागहरुको नियमित लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन पेश गरेको।
- आन्तरिक, बाह्य तथा सुपरिवेक्षकिय लेखापरीक्षण प्रतिवेदनहरुको विस्तृत रुपमा समीक्षा गरेको छ।

आर्थिक वर्ष २०७२/०७३ मा समितिको जम्मा २७ वटा बैठक बसेको थियो जसको विवरण निम्न अनुसार रहेको छ :

| सदस्यहरु | बैठक संख्या | बैठक भत्ता रु. |
|---|---|---|
| सञ्चालक श्री विनोद कुमार प्याकुरेल, संयोजक | २७ | २७०,०००/– |
| तत्कालीन सञ्चालक श्री गणेश मान श्रेष्ठ, सदस्य | २० | २००,०००/– |
| सञ्चालक श्री प्रकाश विक्रम खत्री, सदस्य | ५ | ५०,०००/– |
| सञ्चालक श्री त्रिलोक चन्द अग्रवाल, सदस्य | ८ | ८०,०००/– |
| सञ्चालक श्री गोविन्द लाल संघई, सदस्य | १ | १०,००० /– |
| प्रमुख आन्तरिक लेखापरीक्षण विभाग ,श्री दिपक ढकाल –सदस्य सचिव | २७ | – |

**(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा**

यस सम्बन्धी विवरण लेखा सम्बन्धी टिप्पणीमा उल्लेख गरिएको छ।

**(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम**

यस सम्बन्धी विवरण यसै प्रतिवेदनको सम्बन्धीत स्थानमा तथा लेखा सम्बन्धी टिप्पणीमा उल्लेख गरिएको छ।

**(प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम** :

यस बैंकले आर्थिक वर्ष २०५७/०५८, २०६१/०६२, २०६६/०६७, २०६७/०६८, २०६८/०६९, २०६९/०७० र २०७०/०७१ मा घोषणा गरेको नगद लाभांश मध्ये समीक्षा अवधिसम्म शेयरधनी महानुभावहरुले रु. १५,२३,२७,४६४/१० भुक्तानी लिन बाँकी रहेको छ।

बैंकले शेयरधनीहरुले भुक्तानी लिन बाँकी लाभांश रकम बुझिलिन अनुरोध गर्दै राष्ट्रियस्तरको पत्रिकामा पटक पटक सूचना प्रकाशित गर्नुका साथै पाँच वर्ष नाघेको भुक्तानी दिन बाँकी लाभांशको विवरण बैंकको वेब साइट www.nicasiabank.com मा समेत राखेका छौं।

**(फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण :**

विगत आर्थिक वर्षमा बैंकले कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको छैन।

**(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोवारको विवरण :**
कम्पनी ऐन, २०६३ को दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच कारोवार नभएको ।

**(भ) यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

**१. लेखापरीक्षक**
लेखापरीक्षक श्री जी. पी. राजबाहक एण्ड कम्पनीद्वारा आ.व. २०७२/७३ को बैंकको लेखापरीक्षण सफलतापूर्वक सम्पन्न गर्नुभएकोमा धन्यवाद व्यक्त गर्दछौं । साथै, कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७२/७३ को लागि वर्तमान लेखापरीक्षक श्री जी. पी. राजबाहक एण्ड कम्पनी पुन: नियुक्ति हुन नसक्ने भएकोले लेखापरीक्षण समितिको सिफारिस बमोजिम नयाँ लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्न यस साधारणसभामा प्रस्ताव पेश गरिएको छ ।

**२. संस्थागत सुशासन**
बैंकले नियमनकारी निकाय तथा कानूनको परिपालनाको निम्ति मात्रै नभई असल व्यवसायिक कार्य तथा आवश्यक पारदर्शिताका निम्ति समेत संस्थागत सुशासनलाई सधैं नै अग्रणी स्थानमा राखेको छ । बैंकको संस्थागत सुशासन संरचना अन्तर्गत सञ्चालक समितिको निष्पक्ष एवं पारदर्शी कार्य प्रणाली, सञ्चालक समितिको हस्तक्षेपमुक्त दैनिक व्यवस्थापकीय कामकारवाही तथा बैंकको कार्य सम्पादन अझ चुस्त र प्रभावकारी बनाउन सञ्चालक समिति अन्तर्गतका समितिहरु रहेका छन् ।

बैंकले संस्थागत सुशासनका तीन अभिन्न अङ्ग Integrity, Transparency र Fairness लाई सदैव आत्मसात गर्दै आएको छ र बैंकले आफ्ना शेयरधनी, अन्य सरोकारवालाको हित तथा आफ्ना सेवाग्राहीहरुको माग र सेवाग्राहीलाई दिइने सेवाको गुणस्तर वृद्धि गर्न संस्थागत सुशासनलाई आफ्नो नीति तथा नियमहरुको अभिन्न अङ्ग बनाएको छ र भविष्यमा पनि बनाउँदै जानेछ ।

बैंकको संस्थागत सुशासनलाई थप चुस्त तथा मजबुत बनाउन बैंकले "संस्थागत सुशासन नीति २०१५" जारी गरिसकेको छ, जसको मुख्य उद्देश्यहरु निम्न उल्लेखित रहेका छन् ।

- बैंकका सम्पूर्ण तह, संरचना तथा कार्यहरुमा उच्च संस्थागत सुशासन लागू गर्ने ।
- बैंकको सम्पूर्ण कार्यहरु आन्तरिक तथा बाह्य नीति अनुरुप पालना गर्न ।
- बैंकको लक्ष्य, उद्देश्य प्राप्तिका लागि आवश्यक प्रभावकारी नीति, विधि तथा मार्गदर्शन बनाउन र सोको प्रभावकारी रुपमा पालना गराउनुका साथै अनुगमन गर्न ।

बैंकले संस्थागत सुशासन समितिमा निम्न पदाधिकारीहरु रहेका छन् ।

| | |
|---|---|
| – नायब प्रमुख कार्यकारी अधिकृत | संयोजक |
| – प्रमुख जोखिम अधिकृत | सदस्य |
| – प्रमुख वित्त अधिकृत | सदस्य |
| – प्रमुख मानव संशाधन अधिकृत | सदस्य |
| – प्रमुख सञ्चालन अधिकृत | सदस्य |
| – प्रमुख अनुपालना अधिकृत | सदस्य |
| – प्रमुख आन्तरिक लेखापरीक्षण अधिकृत | सदस्य सचिव |

यस समितिले बैंकको संस्थागत सुशासनको मासिक रुपमा पुनरावलोकन गर्नुका साथै आवश्यक सल्लाह सुझावहरु समेत प्रदान गर्ने गरेको छ । बैंकको संस्थागत सुशासन समितिको निम्न बमोजिमका जिम्मेवारीहरु (Terms of Reference) छन् :

- बैंकको संस्थागत सुशासन व्यवस्था नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशन भए/नभएको अनुगमन गरी यकिन गर्ने ।
- बैंकको संस्थागत सुशासन व्यवस्था सम्बन्धी व्यवस्थापन, लेखापरीक्षण समिति तथा सञ्चालक समितिलाई जानकारी दिने ।
- नेपाल राष्ट्र बैंकले समय समयमा जारी गर्ने नीति निर्देशनहरु पालना भए/नभएको यकिन गर्ने ।
- बैंकका सम्पूर्ण कर्मचारीहरु बैंकको संस्थागत सुशासन नीति तथा आचारसंहिता सम्बन्धी जानकार रहेको तथा कर्मचारीहरुलाई समय समयमा संस्थागत सुशासन सम्बन्धी आवश्यक तालिम तथा चेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- समितिलाई तोकिएको अन्य विविध जिम्मेवारी पालना गर्ने ।

**३. संस्थागत सामाजिक उत्तरदायित्व**
| ११. | हङकङ डलर | १,०७० | १३.६९ | १४,६४८ | १४,६४८ | १,०३,७७० |
| १२. | डेनिस क्रोनर | - | - | - | - | - |
| १३. | स्विडिस क्रोनर | १०० | १२.४३ | १,२४३ | १,२४३ | २,८१५ |
| १४. | साउदी अरब रियाल | १५,२४८ | २८.२३ | ४,३०,४५१ | ४,३०,४५१ | ९६,२०३ |
| १५. | कतारी रियाल | १,२६५ | २९.०६ | ३६,७६१ | ३६,७६१ | ८२,८७८ |
| १६. | यूएइ दिराम | ५,०२० | २८.०७ | १,४०,९११ | १,४०,९११ | ८४,०१८ |
| १७. | मलेसियन रिङगेट | १४,५३४ | २६.४४ | ३,८४,२७९ | ३,८४,२७९ | ५६,५२४ |
| १८. | कोरियन योन | ६०,००,००० | ०.०९४८ | ५,६८,८०० | ५,६८,८०० | - |
| १९. | चाइनिज यान | ४,९२५ | १५.८२ | ७७,९१४ | ७७,९१४ | ८१,६०८ |
| २०. | कुवेती दिनार | ३७० | ३५२.९७ | १,३०,५९९ | १,३०,५९९ | - |
| २१. | सिल्भर बार | १४,००० | ६७.५० | ९,४५,००० | ९,४५,००० | - |
| २२. | सिल्भर दाना | (१५,०००) | ६५.०० | (९,७५,०००) | ९,७५,००० | - |
| कुल अवस्था (क) | | | | | ३७,८५,८९,८०९ | ३०,७४,८३,६२५ |
| तोकिएको प्रतिशत (ख) | | | | | ५% | ५% |
| बजार जोखिमको लागि आवश्यक पूंजी (ग) =(क)x(ख) | | | | | १,८९,२९,४९० | १,५३,७४,१८१ |
| जोखिम भार (Reciprocal of capital requirement) (घ) | | | | | १० | १० |
| बजार जोखिमको लागि जोखिम भारित रकम (ङ)=(ग)x(घ) | | | | | १८,९२,९४,९०४ | १५,३७,४१,८१२ |

# निक्षेपमा खुद तरल सम्पत्तिको अनुपात

३१ आषाढ २०७३

अनुसूची ३० च

| विवरण | | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| १. | जम्मा निक्षेप तथा सापट (क) | ७१,३३,७९,९७,२६५ | ५३,४७,७१,८४,२३९ |
| | जम्मा निक्षेप (ने.रा.बैं. को नि. फा. ९.१ अनुसार) | ६९,४८,७९,९७,२६५ | ५३,४७,७१,८४,२३९ |
| | जम्मा सापटी (ने.रा.बैं. को नि. फा. ९.१ अनुसार) | १,८५,००,००,००० | - |
| २. | तरल सम्पत्ति (ख) | १८,३८,२५,४३,०२५ | १५,४६,१५,९७,१७८ |
| | नगद (९.१) | १,१६,८२,७४,६३५ | १,०४,१५,६६,५४१ |
| | बैंकमा रहेको मौज्दात (९.१) | ६,५६,११,७६,२८४ | ५,६३,०९,४७,४५७ |
| | माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | - |
| | नेपाल सरकारको सुरक्षणमा लगानी | १०,५१,७०,०६,२११ | ८,७५,८६,०३,१८० |
| | ९० दिन भित्र भुक्तानी हुने विदेशी लगानी | १३,६०,८५,८९४ | ३,०४,८०,००० |
| ३. | ९० दिन भित्र तिनुपर्ने सापटी (ग) | १,८५,००,००,००० | - |
| ४. | खुद तरल सम्पत्ति (घ=ख-ग) | १६,५३,२५,४३,०२५ | १५,४६,१५,९७,१७८ |
| ५. | खुद तरल सम्पत्तिको अनुपातमा जम्मा निक्षेप | २३.७९ | २८.९१ |
| ६. | अपुग अनुपात | - | - |
| ७. | जोखिम भारित सम्पत्तिमा थप गर्नुपर्ने | - | - |

# विगत ५ वर्षको परिसुचकहरु

अनुसूची ३१

| | विवरण | सूचाङ्क | चालु वर्ष | गत वर्षहरु | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७२/७३ | २०७१/७२ | २०७०/७१ | २०६९/७० | २०६८/६९ |
| १. | खुद नाफा/कुल आम्दानी प्रतिशत | प्रतिशत | ४०.८३ | ३२.३६ | ३७.१४ | ४१.८७ | ३७.११ |
| २. | प्रति शेयर आम्दानी | रु. | २८.३१ | २५.५९ | ३५.९८ | ४७.४१ | २९.८७ |
| ३. | प्रति शेयर बजार मुल्य | रु. | ७९८ | ६१७ | ९७० | ५५४ | ४६८ |
| ४. | मूल्य आम्दानी अनुपात (PE Ratio) | अनुपात | २८.१९ | २४.११ | २६.९६ | ११।.६९ | १५.६७ |
| ५. | शेयर पूंजीमा लाभांश (वोनस सहित) | प्रतिशत | २७.३७ | ४१.०५ | ३०.०० | २०.०० | २५.०० |
| ६. | शेयर पूंजीमा नगद लाभांश भुक्तानी | प्रतिशत | १.३७ | २.०५ | १५.०० | २०.०० | २५.०० |
| ७. | व्याज आम्दानी/कर्जा तथा सापट | प्रतिशत | ७.७७ | ८.३१ | १०.४५ | १०.६९ | १२.२० |
| ८. | कर्मचारी खर्च/कुल संचालन खर्च | प्रतिशत | ५१.५९ | ४८.२८ | ४९.५५ | ४८.०७ | ४५.९७ |
| ९. | कूल निक्षेप तथा सापटीमा व्याज खर्च | प्रतिशत | ४.४१ | ५.१२ | ५.९९ | ६.८८ | ८.८७ |
| १०. | सहटी घटबट आम्दानी/कुल आम्दानी | प्रतिशत | ३.२९ | २.८४ | २.२७ | ३.७२ | ३.४१ |
| ११. | कुल खर्च/कुल आम्दानी | प्रतिशत | ४०.३० | ४१.५६ | ३४.१२ | ३०.४५ | ३७.०४ |
| १२. | कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | २८.२१ | २३.०१ | ३१.४४ | ३९.८३ | ३१.२२ |
| १३. | प्रति कर्मचारी कर्मचारी खर्च | रु. | ४,९३,४७८ | ५,७७,७७८ | ६,३६,०३४ | ६,०७,२२१ | ५,१९,६२० |
| १४. | प्रति कर्मचारी खुद नाफा | रु. | ९,६९,०३४ | ९,३१,९४१ | १३,९७,६२८ | १०,८६,५२५ | ११,३२,३१० |
| १५. | कुल कर्जा/निक्षेप | प्रतिशत | ८५.६२ | ८१.०३ | ८२.९३ | ८१.२३ | ७९.२५ |
| १६. | कुल संचालन खर्च/कुल सम्पत्ति | प्रतिशत | १.३१ | १.४४ | १.४८ | १.०० | १.५३ |
| १७. | जोखिम भारित सम्गत्तिमा पूंजीकोषको पर्याप्तता | | - | - | - | - | - |
| | क. प्राथमिक पूंजी | प्रतिशत | १०.६९ | १०.५३ | ११.८४ | १२.२१ | ९.९१ |
| | ख. पुरक पूंजी | प्रतिशत | १.७५ | १.९६ | २.२० | ०.९७ | १.१० |
| | ग. कुल पूंजी कोष | प्रतिशत | १२.४४ | १२.४९ | १४.०५ | १३.१७ | ११.०१ |
| १८. | तरलता (CRR) | प्रतिशत | २३.७९ | २८.९१ | २८.६८ | २९.२७ | २८.८४ |
| १९. | खूद नाफा/कर्जा सपटी | प्रतिशत | १.७९ | १.५७ | २.२३ | १.९८ | २.२४ |
| २०. | निष्कृय कर्जा/कुल कर्जा | प्रतिशत | ०.७६ | २.०७ | २.३३ | २.३२ | ०.७३ |
| २१. | खूद निष्कृय कर्जा/कुल कर्जा | प्रतिशत | ०.११ | ०.४१ | ०.६८ | ०.६६ | ०.१२ |
| २२. | व्याज दर अन्तर (Weighted Average Interest Rate Spread) | प्रतिशत | ३.३६ | ३.१९ | ४.४६ | ३.८१ | ३.३३ |
| २३. | खूद नाफा/कुल सम्पत्ति | प्रतिशत | १.५१ | १.२१ | १.७१ | १.७८ | १.६४ |
| २४. | खुद नाफा/नेटवर्थ | प्रतिशत | १६.५० | १३.०५ | १५.९३ | १४.६३ | १९.०० |
| २५. | बुक नेटवर्थ प्रति शेयर | रु. | १६१ | २०७ | २११ | १९० | १५७ |
| २६. | कुल शेयर संख्या | संख्या | ४,५७,५३,७४३ | २,६५,८२,८४८ | २,३१,१५,५२० | २,३१,१५,५२० | १,३१,१५,५२० |
| २७. | कुल कर्मचारी संख्या | संख्या | १,१०१ | ७३० | ५९५ | ५९१ | ३४६ |
| २८. | कुल शाखा संख्या | संख्या | ६७ | ६७ | ६७ | ५३ | ३६ |
| २९. | कुल ATM संख्या | संख्या | ६९ | ६८ | ६१ | ४८ | ३७ |

## १. सामान्य जानकारी

एन आई सी एशिया बैंक लिमिटेड (यस पश्चात "बैंक" भनी उल्लेख गरिएको) तत्कालिन नेपाल इण्डष्ट्रियल एण्ड कमर्सीयल बैंक लिमिटेड तथा बैंक अफ एशिया नेपाल लिमिटेड बिचको मर्जरबाट स्थापित भएको बैंक, नेपालमा दर्ता रहेको एक लिमिटेड कम्पनी हो । यसको रजिष्टर्ड कार्यालय तथा कर्पोरेट कार्यालय काठमाडौंमा रहेको छ। यस बैंकले नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र पाए अनुरुप बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ ।

## २. वित्तीय विवरणहरु तयारीका आधार

### अ) अनुपालनाको विवरण

वित्तीय विवरणहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएका छन् । यी विवरणहरु ऐतिहासिक मूल्य अवधारणाको आधारमा स्पष्ट रुपमा अन्यथा उल्लेख गरेकोमा बाहेक प्रोदभावी (Accrual) आधारमा लेखाङ्कन गरी नेपाल लेखामान सिद्धान्त, सर्वमान्य लेखा नीतिहरु, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा कम्पनी ऐन २०६३ को व्यवस्था समेत को अधिनमा रही तयार गरिएका छन् ।

चार्टड एकाउण्टेन्टस् संस्था नेपालद्धारा आर्थिक वर्ष २०७२/७३ देखी वाणिज्य बैंकहरुले Nepal Financial Reporting Standard (NFRS) लागू गर्नु पर्ने व्यवस्था ल्याएको छ र यस बैंक सो प्रणाली लागू गर्ने क्रममा रहेको छ ।

यस वित्तीय विवरण सञ्चालक समितिको मिति २०७३/०५/१० मा बसेको बैठकबाट स्वीकृत भई शेयरधनीहरुको स्वीकृतिको लागि बैंकको आगामी साधारण सभा समक्ष प्रस्ताव गरिएको छ ।

### आ) मान्यता उपयोग

वित्तीय विवरणमा उल्लेख गरिएका विदेशी मुद्रा सम्पति तथा दायित्वलाई विदेशी मुद्राको प्रतिवेदन तयार गरिएको मितिको मध्य दरमा मूल्याङ्कन गरिएको छ र अन्य विवरणहरुमा भने ऐतिहासिक लागत मूल्याङ्क प्रणाली अवलम्वन गरिएको छ ।

### इ) सञ्चालन र मुल्याङ्कन मुद्रा

वित्तीय विवरणमा उल्लेख गरिएको सम्पूर्ण विवरणहरुलाई नेपाली मुद्रामा मूल्याङ्कन गरिएको छ । सम्पूर्ण वित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएकोमा बाहेक नेपाली रुपैयाँमा उल्लेख गरी नजिकैको रुपैयाँमा प्रस्तुत गरिएको छ ।

विदेशी मुद्रामा उल्लेख गरिएको बाहेक वित्तीय विवरणमा उल्लेख गरिएका सम्पूर्ण सम्पत्ति तथा दायित्वहरु ऐतिहासिक लागत प्रणाली र नेपाली मुद्रामा मुल्याङ्कन गरिएको छ ।

### ई) अनुमान तथा विवेकको प्रयोग

वित्तीय विवरण नेपाल लेखामानको सिद्धान्त बमोजिम तयार गरिएकोले व्यवस्थापनले अवलम्वन गरेको विवेक, अनुमान र मान्यताहरुबाट तयार गरिएको वित्तीय नीतिहरु, प्रस्तुत गरिएको सम्पति तथा दायित्वहरु (वासलात बाहिरको समेत), आम्दानी खर्चहरु वास्तविक रुपमा प्रस्तुत गरिएको भन्दा केही फरक पर्नेछन् ।

व्यवस्थापनले अवलम्वन गरेका मान्यता तथा अनुमानहरु समयानुसार पुनरावलोकन गरिदै लगिएको छ । अनुमानित वित्तीय विवरणहरु जुन समयमा पुनरावलोकन गरिएको हो सोही समय तथा भविष्यमा आइपर्ने प्रभावहरुलाई समेत मध्यनजर गरी पुनरावलोकन गरिएको छ ।

## ३. प्रमुख लेखा नीतिहरु

वित्तीय विवरण तयार गर्ने क्रममा उपयोगमा ल्याइएका प्रमुख लेखा नीतिहरु यस प्रकार रहेका छन् । अन्यथा उल्लेख नभएसम्म यिनै लेखा नीतिहरुको प्रयोग गरिएको छ ।

### अ) सम्पत्ति

**क.** नगद तथा नगद समान

नगद तथा नगद समान अन्तर्गत नगद, नेपाल राष्ट्र बैंक, तथा अन्य बैंक तथा वित्तीय संस्थामा रहेको बैंक मौज्दात पर्दछन् ।

**ख. लगानी**

नेपाल सरकारको ट्रेजरी बिल तथा ऋणपत्रहरु, विदेशी ऋणपत्रहरु, दिर्घकालीन तथा अल्पकालीन अन्तर बैंक लगानी तथा संगठित संस्थाहरुमा गरिएको शेयर तथा डिबेन्चरमा गरिएको लगानी यस लगानी शीर्षक अन्तर्गत देखाइएको छ । यस्ता लगानीहरुलाई लागत मूल्यमा वा प्रिमियममा लगानी गरिएको भए प्रिमियमलाई लगानी अवधि भरिमा परिशोधन गरी लागत समायोजन गरी अभिलेख गरिएको छ ।

नेपाल राष्ट्र बैंकको निर्देशिका तथा बैंकको लगानी नीति अनुसार लगानीलाई निम्न अनुसार वर्गिकृत गरिएको छ :

**क) व्यापारिक लगानी**

छोटो समयमा विक्री गर्ने मुख्य उद्देश्यले गरिएका लगानीहरुलाई व्यापारिक लगानी अन्तर्गत वर्गिकृत गरिएको छ । यस्ता लगानीहरु परल मूल्य अथवा बजार मूल्य जुन कम हुन्छ सोही मूल्यमा मूल्याङ्कन गरिन्छ भने जुन लगानीको परल मूल्य बजार मूल्य भन्दा बढी हुन्छ सोलाई आवश्यक व्यवस्था पनि गरिएको छ ।

**ख) भुक्तानी मितिसम्म धारण गर्ने लगानी**

भुक्तानी मितिसम्म धारण गर्ने उद्देश्यले गरिएको लगानीहरुलाई भुक्तानी मितिसम्म धारण गर्ने लगानी अन्तर्गत वर्गिकृत गरिएको छ । यस्ता लगानीहरुलाई लागत मूल्यमा मुल्याङ्कन गरिन्छ भने प्रिमियममा लगानी गरिएका लगानीहरु भए प्रिमियमलाई अवधिभरिमा परिशोधन गरी लागत समायोजन गरी अभिलेख गरिएको छ । उक्त परिशोधन गरिएको रकम सो लगानीको व्याज आम्दानीमा समायोजन गरिएको छ ।

**ग) विक्रीको लागि उपलब्ध लगानी**

यी लगानीहरु निरन्तर धारण गर्ने भन्दा बिक्री गरी लागत असूली गर्ने मुख्य उद्देश्य सहित धारण गरिएका हुन्छन् । यस्ता लगानीहरु परल मूल्य अथवा बजार मूल्य जुन कम हुन्छ सोही मूल्यमा मूल्याङ्कन गरिन्छ भने जुन लगानीको परल मूल्य बजार मूल्य भन्दा बढी हुन्छ सो लाई आवश्यक व्यवस्था पनि गरिएको छ । नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम लागत मूल्य बजार मूल्य भन्दा बढी भएको खण्डमा बढी भए बराबरको रकमलाई नाफा नोक्सान हिसाव खातामा व्यवस्था गरिएको छ। यस्ता लगानीहरुबाट सिर्जना हुन सक्ने नाफा वा नोक्सान बैंकको नाफा नोक्सान हिसावमा त्यस्ता लगानीको निसर्गको समयमा मात्र देखाइएको छ ।

सम्पूर्ण लगानीहरु बैंकको सञ्चालक समितिबाट समय समयमा पुनरावलोकन गर्ने गरिएको छ ।

**ग. कर्जा तथा सापट (बिल खरिद समेत), कर्जा नोक्सानी व्यवस्था तथा कर्जा अपलेखन**

बैंकको नीति अनुरुप प्रवाह गरिएको प्रत्यक्ष कर्जाहरु जस्तै अधिविकर्ष, आवधिक कर्जा, चालु पूँजी कर्जा, उपभोक्ता कर्जा तथा प्राथमिकता प्राप्त र विपन्न वर्ग कर्जाहरु तथा अन्य कर्जा यस शीर्षक अन्तर्गत रहेका छन् ।

नेपाल राष्ट्र बैंकको निर्देशानुसार उक्त कर्जाहरुलाई असल, सुक्ष्म निगरानी, कमसल, शंकास्पद तथा खराब कर्जाको रुपमा वर्गीकृत गरिएको छ । कर्जा तथा सापट र बिल खरिद रकममा कर्जा नोक्सानी व्यवस्था घटाई खुद रकम वासलातमा देखाइएको छ ।

सञ्चालक समितिबाट स्वीकृत "Write off Bylaws" नीतिले बैंकको बिग्रन लागेको कर्जा तथा निष्क्रिय कर्जाको प्रभावकारी व्यवस्थापनको निर्देशन गराउँदछ । यस नीतिले पारदर्शी र प्रभावकारी अपलेखन नीति प्रदान गर्दछ । यसै नीतिको प्रवधानभित्र पर्ने खराब कर्जाहरुलाई बैंकको असूली गर्ने हकलाई अविच्छिन्न राखी अपलेखन गरिएको छ ।

### घ. कर्मचारी कर्जा

बैंकको नियमानुसार कर्मचारीहरुलाई प्रदान गरिएको कर्जा तथा सापटीलाई अन्य सम्पत्ति अन्तर्गत देखाइएको छ ।

### ङ. स्थिर सम्पत्ति

**स्थिर सम्पतिको लेखाङ्कन तथा मुल्याङ्कन**

स्थिर सम्पतिको लेखाङ्कन तथा मूल्याङ्कन त्यतिबेला गरिन्छ जब त्यस सम्पतिबाट भविष्यमा प्राप्त गर्ने आर्थिक लाभ प्रबल हुन्छ साथै स्थिर सम्पत्तिको लगानीलाई विश्वसनीय तवरले मापन गर्न समेत सकिन्छ । बैंकको सम्पूर्ण स्थिर सम्पत्तिहरुलाई ऐतिहासिक लागतको सिद्धान्तमा लेखा राख्ने गरिएको छ ।

स्थिर सम्पत्तिलाई उक्त सम्पतिहरुबाट सिर्जना भएको ह्रस खर्च रकम घटाई किताबी मूल्यमा देखाइएको छ । सम्पत्ति खरिद गर्दा प्रत्यक्ष रुपमा लागेका सम्पूर्ण खर्चहरुलाई सम्पत्तिको लागतमा नै जोडी लेखाङ्कन गर्ने गरिएको छ ।

यस्ता सम्पत्तिहरुमा गरिने खर्चहरुलाई यदि माथि उल्लेख गरिए बमोजिमको शर्तहरु पूरा भएको खण्डमा सम्पतिको लागतमा मूल्याङ्कन गरिएको छ अन्यथा सामान्य प्रकृतिको निरन्तर रुपमा गरिने खर्चहरुको हकमा भने उक्त सम्पतिको मर्मत तथा सम्भार खर्च शीर्षकमा राखी नाफा नोक्सान हिसाव खातामा राख्ने गरिएको छ ।

स्थिर सम्पत्तिबाट सिर्जना हुन सक्ने नाफा नोक्सान रकम निर्धारण गर्दा उक्त स्थिर सम्पति निसर्ग गरिएको समयावधि सम्मको ह्रस खर्च घटाई बाँकी रहन आएको मूल्यमा उक्त सम्पति निसर्ग गर्दा प्राप्त भएको रकमको फरकबाट निर्धारण गर्ने गरिएको छ । सम्पत्ति निसर्ग गर्दा सिर्जना भएको नाफा नोक्सान रकमलाई बैंकको नाफा नोक्सान हिसाव खातामा देखाउने गरिएको छ ।

रु.१०,००० भन्दा कम मूल्य पर्ने सम्पत्तिहरुलाई पूँजीकृत नगरी खरिद भएकै वर्षमा खर्च लेख्ने गरिएको छ ।

निर्माणाधीन स्थिर सम्पत्तिलाई "पूँजीगत निर्माण" अन्तर्गत देखाइएको छ ।

अपलेखन र ह्रस खर्च

सम्पत्ति प्रयोग गर्न उपलब्ध भएको मितिबाट स्थिर सम्पत्तिहरुको ह्रास खर्च राख्ने गरिएको छ । स्थिर सम्पत्तिको अनुमानित उपयोगिता अवधिभरको ह्रासकट्टी घट्दो ह्रास प्रणाली अनुसार नाफा नोक्सान हिसाबमा लेखाङ्कन गरिएको छ जग्गामा भने ह्रस खर्च लेखाङ्कन गरिएको छैन ।

अनुमानित उपयोगिता अवधिको आधारमा विभिन्न सम्पत्तिमा निम्नलिखित दरमा ह्रासकट्टी गर्ने गरिएको छ ।

| सम्पत्तिको प्रकृति | ह्रासकट्टी दर |
|---|---|
| भवन | ५% |
| सवारी साधनहरु | १५%-२०% |
| कार्यालय उपकरणहरु | २५% |
| कम्प्युटरहरु | २५% |
| फर्निचर | २५% |
| प्लान्ट तथा मेशिनरी | २५% |

### पट्टा विकास

भाडामा लिएको सम्पत्तिमा गरिएको विकास खर्चलाई पट्टा अवधिलाई आधार नलिई त्यस्तो पट्टा विकास पूँजीकृत गरिएको मिति देखि बढीमा १० वर्ष ननाघ्ने गरि समदर प्रणालीमा परिशोधन गर्ने गरिएको छ ।

### सफ्टवेयर खर्च

सफ्टवेयर खर्चलाइ खरिद मूल्यमा पूँजीकृत गरी प्राप्त गरेको मिति देखि ५ वर्ष वा उपयोगिता अवधि मध्ये जुन कम हुन्छ सो समयावधि भित्रमा परिशोधन गर्ने गरिएको छ ।

### च. पट्टा

वित्तिय पट्टा अन्तर्गत सम्पत्तिलाई प्रारम्भबाट नै बैंकको सम्पत्ति सरह स्वीकार गरी बजार मूल्य वा वर्तमान मूल्य मध्ये कममा लेखाङ्कन गरिन्छ ।

पट्टा भुक्तानीहरुलाई वित्तीय खर्चको रुपमा वर्गिकरण गर्ने गरिएको छ भने पट्टा भुक्तानीहरुको दरमा कमी भएमा पट्टाको बाँकी समय सम्ममा बैंकले भुक्तानी गर्नु पर्ने दायित्वमा समायोजन गरी प्रभावकारी व्याज दर निर्धारण गर्ने गरी लेखाङ्कन गर्ने गरिएको छ । सम्पतिमा लेखाङ्कन गर्न मिल्ने प्रकृति बाहेकका वित्तीय खर्चहरु खर्च भएकै समयावधिमा नाफा नोक्सान हिसाब खातामा लेखाङ्कन गर्ने गरिएको छ भने सम्भावित पट्टाहरु भने जुन समयावधिमा भुक्तानी गरिन्छ सोही समयावधिमा लेखाङ्कन गर्ने गरिएको छ ।

अन्य पट्टाहरु अन्तर्गत सञ्चालन पट्टाहरु रहेका छन् र पट्टा सम्पतिहरु वासलातमा लेखाङ्कन गर्ने गरिएको छैन । पट्टा अवधिबाट सिर्जना हुने आर्थिक फाइदालाई प्रतिनिधित्व गर्ने अर्को कुनै पट्टा समयावधि निर्धारण गर्ने अर्कै प्रणाली नभएकोले सञ्चालन पट्टा अर्न्तगत भुक्तानी गरिएका रकमहरु जुन रद्द हुने प्रकृतिको हुन्छ त्यस्ता खर्चहरु समदर प्रणालीको आधारमा पट्टा अवधिसम्म खर्च लेखाङ्कन गर्ने गरिएको छ ।

### छ. गैह्र बैंकिङ्ग सम्पत्ति

गैह्र बैंकिङ्ग सम्पत्ति सकार गर्दा ऋणीबाट उठाउन बाँकी रकम वा धितोमा राखेको सम्पत्तिको प्रचलित बजार मूल्य (Distress Value) मध्ये जुन कम हुन्छ त्यसैमा मूल्याङ्कन गरिएको छ । नेपाल राष्ट्र बैंकको निर्देशानुसार गैह्र बैंकिङ्ग सम्पत्ति सकार गर्दा सकार गरेकै मिति देखी शत प्रतिशत नोक्सानी व्यवस्था कायम गरी खुद रकममा देखाउने गरिएको छ ।

**ज.स्टेशनरी मौज्दात**

खरिद गरिएका स्टेशनरी लागतमा देखाइ पहिला किनिएको मौज्दात पहिला उपयोग गर्ने (First In First Out) नीति अनुरुप नाफा नोक्सान हिसावमा उपयोग गरिएको मौज्दातको आधारमा गर्ने गरिएको छ ।

**आ. जेथा** (Equity)

साधारण शेयर पूँजी, बचत तथा जगेडाकोष, सञ्चित मुनाफा, शेयर प्रिमियम तथा अन्य जेथा सँग सम्बन्धीत रहेको जगेडा कोषहरुको संयोजनबाट बैंकको इक्विटी निर्माण भएको छ ।

बैंकको साधारण शेयर नेपाल स्टक एक्सचेन्जमा NICA नामबाट कारोवार हुने गरी सूचिकृत गरिएको छ ।

**इ. व्यवस्था तथा दायित्वहरु**

**क. कर्मचारी सुविधा**

**१. कर्मचारीको सञ्चित बिदा वापतको खर्च**

कर्मचारीको सञ्चित बिदा वापतको दायित्वलाई बैंकको कर्मचारी सेवा विनियमावली बमोजिम पाकेको आधारमा लेखाङ्कन गरिएको छ ।

**२. अवकाश लाभ**

बैंकको अवकाश लाभको रुपमा सञ्चय कोष र उपदान नामक दुई सुविधाहरु रहेका छन् । नियमित रुपले मासिक रुपमा संचय कोषको रुपमा बैंकको नाफा नोक्सान हिसाबमा आयगत खर्चको रुपमा खर्च लेखी उक्त सञ्चय कोष रकम बैंकको स्वीकृत अवकाश कोषमा जम्मा गर्ने गरिएको छ ।

भविष्यमा भुक्तानी गर्नु पर्ने प्रकृतिको उपदान कोष वापतको दायित्व बैंकको कर्मचारी प्रशासन विनियमावली अनुसार प्रोदभावी लेखा पद्धतीको आधारमा लेखाङ्कन गरिएको छ । उपदान कोषको व्यवस्था कर्मचारी प्रशासन विनियमावली अनुसार वासलात तयार गर्दाको समयसम्ममा उपदानको लागि योग्य कर्मचारीहरुको विवरण अनुसार गरिएको छ ।

कर्मचारी सञ्चयकोष तथा उपदान कोष दुवै बैंकको छुट्टै संस्थाको रुपमा स्थापना भएको स्वीकृत अवकाश कोषमा जम्मा गर्ने गरिएको छ ।

**ख. आयकर व्यवस्था**

यस वर्षको स्थगन कर र कर व्यवस्थाबाट सिर्जना भएको रकम नै आयकर व्यवस्थामा समावेश गरिएको छ । आयकर व्यवस्था नाफा नोक्सान हिसावमा लेखाङ्कन गरिएको छ ।

यस वर्षको आयकर दायित्व बैंक तथा वित्तीय संस्थाहरुलाई तोकिएको करको दरको आधारमा वासलातको मिति सम्मको कर योग्य आयबाट अघिल्लो आर्थिक वर्ष सम्म बढी भुक्तानी गरिएको रकमलाई समायोजन गरी निर्धारण गरिएको छ ।

स्थगन कर, सम्पति तथा दायित्वको लेखाङ्कन पद्धती अनुसार लेखाङ्कन गरिएको छ । स्थगन कर सम्पत्ति तथा दायित्व वित्तीय विवरणमा उल्लेख गरिएको सम्पत्ति तथा दायित्व र कर लेखा परीक्षणमा उल्लेख गरिएको सम्बन्धीत सम्पत्ति तथा दायित्वहरुको भिन्नताको आधारमा लेखाङ्कन गरिएको छ । अस्थायी भिन्नताहरु प्रतिवेदन तयार गर्दाको समयावधि सम्ममा फिर्ता भुक्तानी समायोजन गरी आयकर दर अनुसार लेखाङ्कन गरी समायोजित स्थगन कर सम्पत्ति तथा दायित्वको मौज्दात निकाली लेखाङ्कन गर्ने गरिएको छ ।

वित्तीय विवरण तयार गर्दाको समयावधि सम्ममा त्यस्तो स्थगन कर सम्पत्ति तथा दायित्वमा करको दरको कारणबाट भएको थपघट रकम बैंकको नाफा नोक्सान हिसाब खातामा लेखाङ्कन गरिएको छ ।

अस्थायी भिन्नताबाट सिर्जना भएको रकमलाई उपयोग गरिएको कारणबाट आउने करयोग्य नाफालाई स्थगन कर सम्पतिको रुपमा लेखाङ्कन गरिएको छ । स्थगन कर सम्पत्ति हरेक वित्तिय विवरण तयार गर्दाको समयमा पुनरावलोकन गर्ने गरिएको छ र दायित्व सिर्जना नहुने प्रकृतिका रकमहरु पुनरावलोकन गरिएको समयमा समायोजन गरिएको छ ।

**ग. कर्मचारी बोनस व्यवस्था**

बोनस ऐन, २०३० बमोजिम कर तिर्नु अघिको खुद नाफाको १० प्रतिशतका दरले कर्मचारी बोनस वापत व्यवस्था गरिएको छ ।

**ई. आम्दानी**

**१.व्याज आम्दानी**

क. कर्जा तथा सापटीमा प्राप्त हुने व्याज आम्दानी नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ। यद्यपि नेपाल लेखामानको सिद्धान्त अनुसार आम्दानीलाई पाकेको आधारमा लेखाङ्कन गर्नु पर्दछ । नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम जारी गरिएको व्यवहारिक तथा पौराणिक सिद्धान्त अनुसार बैंकले अवलम्वन गरेको आम्दानी लेखाङ्कन गर्ने सिद्धान्त अनुपालना गर्ने गरिएको छ ।

ख. ट्रेजरी बिल्स, नेपाल सरकारको ऋणपत्र, तथा अन्य वित्तीय संयन्त्रहरुमा गरिएको लगानीमा प्राप्त हुने व्याज आम्दानीलाई पाकेको आधारमा लेखाङ्कन गरिएको छ । उक्त लगानीमा गरिएको प्रिमियम तथा डिस्काउन्टहरुलाई प्रभावकारी ब्याज दर निर्धारण गर्नको लागि लगानीको लागतमा नै समायोजन गर्ने गरिएको छ ।

**२. कमिशन आम्दानी**

कमिशन आम्दानी सामान्यतया त्यस्ता आम्दानीहरु प्राप्त भएकै समयमा लेखाङ्कन गर्ने गरिएको छ । बैंक जमानत वापतको कमिशन रु.१,००,०००/– भन्दा बढी भएको खण्डमा उक्त बैंक जमानतको भुक्तानी समयावधि सम्ममा हुने गरी प्रोदभावी सिद्धान्तको आधारमा लेखाङ्कन गर्ने गरिएको छ ।

**३. लाभांश आम्दानी**

लाभांश आम्दानी प्राप्त हुने अधिकार स्थापित भएपछि लेखाङ्कन गर्ने गरिएको छ । बोनस शेयरको हकमा भने शेयर संख्यामा मात्र वृद्धि गरी कुल शेयर लगानी रकमलाई यथावत राखी लेखाङ्कन गर्ने गरिएको छ ।

**४. बहुमुल्य धातुको कारोवार**

बैंकले बहुमूल्य धातु (सुन तथा चाँदी) को कारोवार आफैंले मौज्दात राखेर वा आपूर्तिकर्तासंग भएको व्यवस्था अनुरुप प्रेषण भएको मौज्दात राखेर गर्ने गरेको छ । यसरी आफैंले राखेको मौज्दात अन्य सम्पत्तिमा समावेश गरिएको छ । प्रेषण भएको मौज्दातमा लाग्ने भन्सार शुल्कलाई पनि अन्य सम्पत्तिमा समावेश गरिएको छ ।

बहुमूल्य धातुको कारोवार नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम गर्ने गरिएको छ ।

**५. विदेशी विनिमय कारोवारहरु**

विदेशी मुद्रामा रहेको सम्पत्ति तथा दायित्व, सुन/चाँदी समेतलाई

वासलातको मितिमा विद्यमान खरिद तथा बिक्रीको मध्य दरले हिसाब गरी नेपाली रुपैयाँमा रुपान्तरण गरिएको छ। विदेशी विनिमयको खरिद तथा बिक्री, सुन/चाँदी समेतबाट भएको आम्दानी तथा नोक्सानीलाई कारोवार भएको मितिमा गणना गरी सटही घटबढ आम्दानी वा नोक्सानीको रुपमा देखाइएको छ । विभिन्न विदेशी विनिमय तथा सुन/चाँदी समेतको खरिद तथा बिक्री दरमा भएको परिवर्तनको कारणले हुने नाफा वा नोक्सानलाई दैनिक रुपमा गणना गरी सटही घटबढ आम्दानी/नोक्सानमा देखाइएको छ ।

नेपाल राष्ट्र बैंकको निर्देशानुसार त्यसरी प्राप्त भएको नाफाको २५ प्रतिशत नाफा नोक्सान बाँडफाँड हिसाबबाट रकमान्तर गरी सटही घटबढ कोषमा सार्ने गरिएको छ ।

### उ. खर्च

#### १. व्याज खर्च

निक्षेप दायित्व, अन्य बैंकसंग लिएको सापटी तथा ऋणपत्रमा तिर्नुपर्ने व्याजलाई पाकेको आधारमा लेखाङ्कन गर्ने गरिएको छ ।

#### २. कर्मचारी खर्च

सम्बन्धीत आर्थिक वर्षमा कर्मचारीहरुले आफ्नो सेवा प्रदान गरेबापत बैंकले भुक्तानी गर्नु पर्ने कर्मचारी खर्च अर्न्तगत अल्पकालीन तथा दीर्घकालीन खर्चहरुलाई समावेश गरी लेखाङ्कन गर्ने गरिएको छ । अल्पकालीन खर्चहरु सम्बन्धीत सेवा शिर्षक अर्न्तगत लेखाङ्कन गर्ने गरिएको छ ।

भविष्यमा तिर्नु पर्ने कर्मचारी खर्चहरु कर्मचारीहरुले वासलात तयार गर्दाको वर्ष सम्ममा सेवा प्रदान गरेको आधारमा पाकेका खर्चहरु जस्तै बिदा वापतको भुक्तानी तथा उपदान कोष समावेश गर्ने गरिएको छ। त्यस्ता दीर्घकालीन भुक्तानीहरु वासलात मितिको मूल्यमा डिस्काउन्ट नगरी लेखाङ्कन गर्ने गरिएको छ।

#### ३. सम्भावित कर्जा नोक्सानी व्यवस्था

नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम निर्देशन गरिएको १ प्रतिशत देखि १०० प्रतिशत सम्मको वर्गीकरण अनुसार कर्जा तथा सापटीको रकममा कर्जा नोक्सानी व्यवस्था गर्ने गरिएको छ।

#### ४. कर्जा अपलेखन

कर्जाहरु नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम खराब कर्जाको श्रेणीमा श्रेणीकृत गरिएका कर्जाहरुलाई सञ्चालक समिति तथा नेपाल राष्ट्र बैंकबाट स्वीकृत "Write off Bylaw" नामक नीतिको अधिनमा रही खराब कर्जाहरुलाई बैंकको असूली गर्ने हकलाई अविच्छिन्न राखी कर्जा अपलेखन गर्ने गरिएको छ।

### ऊ. सम्भावित दायित्व तथा सम्पत्तिहरुको व्यवस्था

बैंकले विगतमा भएका घटनाक्रम वा आर्थिक क्रियाकलापहरुबाट भविष्यमा सिर्जना हुन सक्ने दायित्वको मूल्याङ्कन गरी सम्भावित दायित्वको व्यवस्था गर्ने गरिएको छ। त्यस्ता व्यवस्थाहरु हरेक वासलात तयार गरिँदाको समयमा पुनरावलोकन गरी थपघट गर्ने गरिएको छ। यदि त्यस्ता सम्भावित दायित्वहरु भविष्यमा चुक्ता भुक्तान गर्नु नपर्ने भएमा वासलात तयार गरिएको समयमा नै व्यवस्थाबाट फिर्ता गर्ने गरिएको छ।

सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन् :

(क) विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व भविष्यका एक वा एकभन्दा बढी अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्नेछ, जुन बैंकको नियन्त्रण भन्दा बाहिर रहेको हुन्छ, वा

(ख) विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु ।

दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने स्रोत बाहिरिने सम्भावना नरहेको दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको।

प्रतितपत्रको अन्तिम मौज्दात, बैंक जमानत, फरवार्ड एक्सचेन्ज करार दायित्व र विवादित आयकर दायित्वहरुलाई बैंकको सम्भावित दायित्व अर्न्तगत लेखाङ्कन गर्ने गरिएको छ । त्यसको अतिरिक्त अन्य ज्ञात दायित्वहरु जसलाई मौज्दातको व्यवस्था गर्नु पर्ने प्रकृतिका र जसको भविष्यमा आउन सक्ने नतिजा सुनिश्चित गर्न नसकिने प्रकृतिका तर घट्न सक्ने वस्तुगत आधार भएका दायित्वहरुलाई सम्भावित दायित्व अर्न्तगत लेखाङ्कन गर्ने गरिएको छ।

सम्भावित सम्पत्तिहरुलाई वासलातमा देखाइएको छैन भने अन्य विवरणहरुमा पनि उल्लेख गर्ने गरिएको छैन । तथापि सम्भावित सम्पत्तिहरु निरन्तर रुपमा मूल्याङ्कन गर्ने गरिएको छ र त्यस्ता सम्पत्तिहरु वास्तविक रुपमा नै सम्पतिको रुपमा प्राप्त भए पश्चात भने प्राप्त भएको समयमा नै लेखाङ्कन गर्ने गरिएको छ।

### ए. वासलात मिति पछिका घटनाहरु

वासलात मिति पछिका घटनाहरु त्यस्ता अनुकुल तथा प्रतिकुल घटनाहरु हुन्, जुन वासलात मितिदेखि वित्तीय विवरण जारी गर्नका लागि स्वीकृत गरिएको मितिका बीच घटित हुन्छन् ।

यस वासलात मिति पश्चात घटित सबै सारभूत तथा महत्वपूर्ण घटनाहरुलाई ध्यान दिईएको छ र यसलाई लेखा टिप्पणीमा प्रस्तुत गरिएको छ।

# लेखा सम्बन्धी टिप्पणीहरू

## १. पूँजीगत संरचना र चुक्ता पूँजी

बैंकको शेयर पूँजीको संरचना यस प्रकार रहेको छ ।

- बैंकको अधिकृत पूँजी रु. ५,००,००,००,०००/– (अक्षरेपी  पाँच अर्ब रुपैयाँ मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/– का दरले ५,००,००,००० (पाँच करोड ) थान शेयरमा विभाजन गरिएको छ ।
- बैंकको जारी तथा चुक्ता पूँजी रु.४, ६१,८७, ६९, ८४०/– (अक्षरेपी  चार अर्ब एकसट्ठी करोड सत्तासी लाख उनान्सत्तरी हजार आठ सय चालीस रुपैयाँ मात्र) रहेको छ । साधारण शेयर संख्या ४, ६१, ८७, ६९८ (चार करोड एकसट्ठी लाख सतासी हजार छ सय अन्ठाननब्बे) थान प्रति शेयर रु.१०० का दरले रहेको छ ।
- वासलात तयार गर्दाको समय सम्ममा बैंक कुल चुक्ता पूँजी रु. ४,५७,५३,७४,२७२ (अक्षरेपी चार अर्ब सन्ताउन्न करोड त्रिपन्न लाख चौहत्तर हजार दुई सय बहत्तर रुपैया) रहेको छ । साधारण शेयर संख्या ४,५७,५३,७४२ (चार करोड सन्ताउन्न लाख त्रिपन्न हजार सात सय बयालीस) थान प्रति शेयर रु. १०० का दरले रहेको छ ।

बैंकको स्थापना पश्चात पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

| आर्थिक वर्ष | अधिकृत पूँजी | जारी पूँजी | चुक्ता पूँजी | कैफियत |
|---|---|---|---|---|
| २०५५/५६ | १,००,००,००,००० | ३२,५०,००,००० | ३२,५०,००,००० | सुरुको शेयर पूँजी रु.१०० का दरले |
| २०५६/५७ | १,००,००,००,००० | ५०,००,००,००० | ४९,१४,७२,६०० | प्राथमिक सार्वजनिक निष्काशन |
| २०५७/५८ | १,००,००,००,००० | ५०,००,००,००० | ४९,९७,२९,५०० | बाँकी रहेको शेयर वापतको रकम संकलन |
| २०५८/५९ | १,००,००,००,००० | ५०,००,००,००० | ४९,९८,९०,००० | बाँकी रहेको शेयर वापतको रकम संकलन |
| २०५९/६० | १,००,००,००,००० | ५०,००,००,००० | ४९,९९,५४,५०० | बाँकी रहेको शेयर वापतको रकम संकलन |
| २०६०/६१ | १,००,००,००,००० | ५०,००,००,००० | ४९,९९,५९,५०० | बाँकी रहेको शेयर वापतको रकम संकलन |
| २०६१/६२ | १,००,००,००,००० | ५०,००,००,००० | ५०,००,००,००० | बाँकी रहेको शेयर वापतको रकम संकलन |
| २०६२/६३ | १,००,००,००,००० | ६०,००,००,००० | ६०,००,००,००० | २०% बोनस शेयर |
| २०६३/६४ | १,००,००,००,००० | ६६,००,००,००० | ६६,००,००,००० | १०% बोनस शेयर |
| २०६४/६५ | १,००,००,००,००० | ९५,०४,००,००० | ७९,२०,००,००० | २०% बोनस शेयर |
| | | | ९४,३८,७७,१०० | २०% हकप्रद शेयर |
| २०६५/६६ | १,६०,००,००,००० | १,४०,४८,००,००० | ९५,०४,००,००० | आर्थिक वर्ष २०६४/६५ को हकप्रद शेयर आवेदन नपरेको बिक्री |
| | | | १,१४,०४,८०,००० | २०% बोनस शेयर |
| २०६६/६७ | १,६०,००,००,००० | १,३१,१५,५२,००० | १,३१,१५,५२,००० | १५% बोनस शेयर |
| २०६७/६८ | १,६०,००,००,००० | १,३१,१५,५२,००० | १,३१,१५,५२,००० | |
| २०६८/६९ | १,६०,००,००,००० | १,३१,१५,५२,००० | १,३१,१५,५२,००० | |
| २०६९/७० | ३,६०,००,००,००० | २,३१,१५,५२,००० | २,३१,१५,५२,००० | १,००,००,००० कित्ता साधारण शेयर प्रति शेयर १०० का दरले तत्कालीन बैंक अफ एशिया नेपाल लिमिटेडका शेयरधनीहरुलाई प्रदान गरिएको हुनाले |
| २०७०/७१ | ३,६०,००,००,००० | २,३१,१५,५२,००० | २,३१,१५,५२,००० | |
| २०७१/७२ | ३,६०,००,००,००० | २,६५,८२,८४,८०० | २,६५,८२,८४,८०० | १५% बोनस शेयर |
| २०७२/७३ | ५,००,००,००,००० | ४,६१,८७,६९,८४० | ३,६९,५०,१५,८७२ | ३९% बोनस शेयर |
| | | | ४,५७,५३,७४,२७२ | २५% हकप्रद शेयर (नोट १) |

### नोट १

यस वर्ष बैंकले २५ प्रतिशत (९२,३७,५४० कित्ता) हकप्रद शेयर जारी गरेको छ, जस मध्ये ८८,०३,५८४ कित्ता शेयर पूर्णरुपमा संकलन भएको छ भने बाँकी शेयर बोलकबोल मार्फत बिक्री गरी संकलन गरिएको छ र वित्तीय विवरण तयार गर्दाको समयमा बैंकको कुल चुक्ता पँजी रु. ४,५७,५३,७४,२७२ रहेको छ ।

आवेदन नपरेको शेयर संख्या ४,३३,९५६ आर्थिक वर्ष २०७३/०७४ मा बोलकबोल मार्फत बिक्री गरिएको छ ।

## २.साधारण जगेडा कोष

चालु आर्थिक वर्षको मुनाफाबाट साधारण जगेडा कोषमा रकमान्तर गरिएको रकम यस प्रकार रहेको छ ।

रु. हजारमा

| सुरु मौज्दात | | १०,५०,१०६ |
|---|---|---|
| बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४४ बमोजिम रकमान्तर गरेको (नोट१) | २,१३,३८१ | |
| अन्तिम मौज्दात | | १२,६३,४८७ |

**नोटः**

१.बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४४ बमोजिम बैंकले चालु आर्थिक वर्षको खुद मुनाफाबाट २० प्रतिशत वापत रु.२१,३३,८१,२४८ (गत आर्थिक वर्ष रु.१३,६०,६३,४२२) नाफा/नोक्सान बाँडफाँड हिसाबबाट साधारण जगेडा कोषमा सारिएको छ ।

## ३.पूँजीगत जगेडा कोष

चालु आर्थिक वर्षको पूँजीगत जगेडा कोषमा रकमान्तर गरिएको रकम यस प्रकार रहेको छ ।

रु. हजारमा

| सुरु मौज्दात | | ५,४८,०९२ |
|---|---|---|
| नाफा नोक्सान बाँडफाँड हिसावमा सारेको | ५,४८,०९२ | |
| अन्तिम मौज्दात | | - |

पूँजीगत जगेडा कोष यस वर्षको बोनस शेयर वितरण प्रयोजनको लागि प्रयोग गरिएको छ ।

## ४. सटही घटबढ कोष

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४५ बमोजिम बैंकले चालु आर्थिक वर्षको विदेशी मुद्राको पुर्नमूल्याङ्कनबाट सिर्जना भएको कुल आम्दानीको २५ प्रतिशत रकम सटही घटबढ कोषमा व्यवस्था गर्नुपर्दछ । बैंकको यस वर्षको सटही घटबढ कोषमा रु.६,४०,२११ (गत वर्ष नभएको) व्यवस्था गरिएको छ । सटही घटबढ कोषमा रहेको अन्तिम मौज्दात रु.३,३९,५४,३८३ रहेको छ ।

चालू आर्थिक वर्षको सटही घटबढ कोषमा रकमान्तर गरिएको रकम यस प्रकार रहेको छ ।

रु. हजारमा

| सुरु मौज्दात | | ३३,३१४ |
|---|---|---|
| विनिमय दरमा भएको फरकबाट प्राप्त आम्दानीको २५ प्रतिशत | ६४० | |
| अन्तिम मौज्दात | | ३३,९५४ |

## ५. ऋणपत्र भुक्तानी कोष

नेपाल राष्ट्र बैंकको निर्देशिका १६/०७१ को दफा ५ व्यवस्था बमोजिम ईजाजतपत्रप्राप्त संस्थाहरुले आफ्नो ऋणपत्र दायित्व वापत पूँजी फिर्ता भुक्तानी कोषको व्यवस्था गर्नु पर्दछ ।

७ वर्ष भुक्तानी अवधि रहेको ऋणपत्र रकम रु.५० करोड मध्येको यस वर्ष रु.७,१४,२८,५७१ (गत वर्ष ७,१४,२८,५७१) नाफा नोक्सान बाँडफाँड हिसावबाट छुट्टयाइएको छ । यस वर्षको अन्तमा उक्त ऋणपत्र भुक्तानी कोषमा रु.१४,२८,५७,१४४ मौज्दात रहेको छ ।

चालु आर्थिक वर्षको ऋणपत्र भुक्तानी कोषमा रकमान्तर गरिएको रकम यस प्रकार रहेको छ ।

रु. हजारमा

| सुरु मौज्दात | | ७१,४२९ |
|---|---|---|
| नेपाल राष्ट्र बैंकको निर्देशनानुसार रकमान्तर | ७१,४२९ | |
| अन्तिम मौज्दात | | १४२,८५७ |

## ६. लगानी समायोजन कोष

नेपाल राष्ट्र बैंकको निर्देशिका ८/०७२ बमोजिम बैंकले लगानी समायोजन कोषमा "बिक्रिको लागि योग्य लगानी" को शिर्षक वापत सिर्जना निम्न अनुसारको रकम लगानी सामायोजन काषमा सिर्जना गरेको छ।

लगानी समायोजन कोषमा रकमान्तर गरिएको रकमको संरचना यस प्रकार रहेको छ।

क. नयाँ कम्पनीहरुमा गरिएको लगानी, लगानी गरेको मिति वा सञ्चालनमा आएको मितिले २ वर्ष सम्ममा त्यस्तो कम्पनी नेपाल स्टक एक्सचेन्जमा सूचिकृत नभएमा वा सूचिकृत गर्ने प्रक्रिया लगानी गरिएको मितिबाट १ वर्ष सम्ममा समाप्त नभएमा त्यस्ता कम्पनीको शेयर पूँजीमा गरिएको लगानीको १०० प्रतिशत लगानी समायोजन कोषमा व्यवस्था गर्नुपर्ने छ र

ख. २ प्रतिशत व्यवस्था सूचिकृत भएको शेयरमा गरिएको लगानीको हकमा लगानी समायोजन कोषमा राख्नु पर्ने छ।

यस आर्थिक वर्षमा मेरो माइक्रो फाइनान्स लिमिटेड, नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भएकोले उक्त शेयर लगानीमा गरिएको १०० प्रतिशत व्यवस्था रकम रु. १,४०,००,०००/ यस वर्ष फिर्ता गरिएको छ र २ प्रतिशत लगानी समायोजन कोषमा राखिएको छ।

चालु आर्थिक वर्षको लगानी समायोजन कोषमा रकमान्तर गरिएको रकम यस प्रकार रहेको छ।

रु. हजारमा

| | |
|---|---|
| गत आ.व. को अन्त्यमा सञ्चित मौज्दात | ३४,८४५ |
| यस वर्ष बढेको लगानीमा गरेको २ प्रतिशत व्यवस्था | ८,७५१ |
| गत वर्षको समायोजन कोषबाट फिर्ता | (१४,०००) |
| **अन्तिम मौज्दात** | **२९,५९६** |

## ७. ७.२५% एन आई सी एशिया बोण्ड २०७७

५० करोड अकिंत मुल्यका ७.२५% कूपन दर भएको ७ वर्ष अवधिको ७.२५% एन आई सी एशिया बोण्ड २०७७ बैंकले आर्थिक वर्ष २०७०/७१ मा नेपाल राष्ट्र बैंक र नेपाल धितोपत्र बोर्डबाट स्वीकृति लिई जारी गरेको छ। नेपाल राष्ट्र बैंकको व्यवस्था अनुसार ऋणपत्र फिर्ता भुक्तानी कोषमा रकम रु. १४,२८,५७,१४४/ राखिएको छ।

उक्त ऋणपत्रहरु नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा सूचिकृत गरिएको छ।

## ८. कर्मचारी आवास कोष

बैंकको कर्मचारी सेवा विनियमावलीमा कर्मचारीलाई आवास कर्जा उपलब्ध गराउने छुट्टै व्यवस्था भएकोले श्रम ऐन, २०४८ अनुसार कर्मचारी आवास कोषको व्यवस्था गरिएको छैन।

## ९. हिसाब मिलान

| विवरण | जम्मा रकम | ३ महिना भन्दा मुनिको | ३ देखि ९ महिना सम्मको | ९ महिना भन्दा बढीको |
|---|---|---|---|---|
| शाखा हिसाब | – | – | – | – |
| एजेन्सी हिसाब | ८७,८३,४४,६९२ | ९,०३,००० | – | – |

उल्लेख गरिएका रकमहरु डेबिट रकम र क्रेडिट रकमको योग हुन्। हिसाब मिलान हुन बाँकी रकमहरुको पहिचान भई हिसाब मिलान भइसकेको छ।

## १०. कर्जा तथा सापटी

क. बैंकले यस आर्थिक वर्षमा उत्साहजनक ३७ प्रतिशतको वार्षिक वृद्धिदर हासिल गरी रु.५९.४९ अर्ब कर्जा तथा सापटी पुऱ्याएको छ । यस आर्थिक वर्षमा कर्जा तथा सापटीको सम्मिश्रणमा भएको परिवर्तन निम्नानुसार रहेको छ ।

रकम रु. दश लाखमा

| विवरण | यस वर्ष | गत वर्ष | वृद्धि | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| कुल कर्जा तथा सापट | ५९,४९८ | ४३,३३० | १६,१६८ | ३७ |
| क. रियल स्टेट कर्जा | २,९६८ | २,८५६ | ११३ | ४ |
| १. हाउजिङ घर कर्जा (रु १ करोड सम्मको व्यक्तिगत आवासीय घर बाहेक) | १,३३७ | ७७३ | ५६४ | ७३ |
| २. व्यवसायिक कर्जा, भवन तथा आवासीय अपार्टमेन्ट निर्माण कर्जा | २२९ | २९२ | (६३) | (२२) |
| ३. निर्माण सम्पन्न भई आर्जन गर्न थालेको व्यापारिक कम्प्लेक्स कर्जा | १८८ | १५७ | ३२ | २० |
| ४. अन्य रियल स्टेट कर्जा (जग्गा जमिन खरिद तथा प्लटिङ कर्जा समेत) | १,२१४ | १,६३४ | (४२०) | (२६) |
| ख. रु. १ करोड सम्मको व्यक्तिगत आवासीय घर कर्जा | ९,३५० | ६,८६० | २,४९० | ३६ |
| ग. मार्जिन प्रकृतिको कर्जा | ४,२२५ | ३,२९० | ९३५ | २८ |
| घ. आवधिक कर्जा | ५,७५१ | ३,४४६ | २,३०५ | ६७ |
| ङ. अधिविकर्ष/टि. आर./चालु पूँजी कर्जा | २६,८०२ | १८,८९४ | ७,९०८ | ४२ |
| च. अन्य कर्जा | १०,४०२ | ७,९८४ | २,४१८ | ३० |

यस वर्ष टि आर, अधिविकर्ष, चालु पूँजी कर्जामा ४२ प्रतिशतको वृद्धि भएको छ भने व्यक्तिगत घर कर्जा तर्फ ३६ प्रतिशत, आवधिक कर्जा तर्फ ६७ प्रतिशत तथा अन्य कर्जा तर्फ ३० प्रतिशतको वृद्धि हासिल गरेको छ ।

यस वर्षको अन्तमा बैंकले रियल स्टेट कर्जा ४.९९ प्रतिशतमा सिमित राख्न सफल भएको छ । त्यस्तो कर्जा गत वर्ष ६.५९ प्रतिशत थियो । नेपाल राष्ट्र बैंकको निर्देशनानुसार बैंकले त्यस्तो कर्जामा आफनो लगानी कुल कर्जाको २५ प्रतिशत सम्म गर्न सक्ने व्यवस्था रहेको छ ।

ख. कर्जा तथा सापटी प्रवाह, असुली तथा साँवा व्याज अपलेखनको सारांश

रु. हजारमा

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| सुरु मौज्दात | ४,३३,३०,०२२ | ३,७३,०५,८८२ |
| कर्जा प्रवाह | २,९१,६९,००५ | २,३२,७५,४४८ |
| कर्जा असूली | १,३०,००,२०२ | १,७२,५१,३०८ |
| अन्तिम मौज्दात | ५,९४,९८,८२५ | ४,३३,३०,०२२ |
| कर्जा अपलेखन* | ४५,६७८ | १,६७९ |
| व्याज अपलेखन | १,४५० | ८७५ |

* यस आर्थिक वर्षमा गरिएको कर्जा अपलेखन सम्बन्धी विस्तृत विवरण वित्तीय विवरणको अनुसूची नं.२८(क) मा उल्लेख गरिएको छ ।

## ११. लगानी

**क) व्यापारीक लगानी**

बैंकसँग व्यापारिक लगानी अन्तर्गत त्यस्तो कुनै लगानी नभएको ।

## ख) भुक्तानी मिति सम्म धारण गर्ने लगानी

बैंकको भुक्तानी मिति सम्म धारण गर्ने लगानी अन्तर्गत निम्न बमोजिम उल्लेखित लगानीहरु लागत मूल्यको आधारमा मूल्यांकन गरिएको छ ।

रु. हजारमा

| विवरण | लागत | व्यवस्था | खुद लगानी |
|---|---|---|---|
| ट्रेजरी बिल | १८,९३,३५६ | – | १८,९३,३५६ |
| नेपाल सरकारको ऋणपत्र | ५५,५७,७५० | – | ५५,५७,७५० |
| नेपाल राष्ट्र बैंक ऋणपत्र | ३०,६५,९०० | – | ३०,६५,९०० |
| विदेशी ऋणपत्र | १,९८,२९४ | – | १,९८,२९४ |
| विदेशी बैंक लगानी | १२,०६,५८६ | – | १२,०६,५८६ |
| स्वदेशी बैंकमा लगानी | २,१४,१०० | – | २,१४,१०० |
| **जम्मा** | **१,२१,३५,९८६** | **–** | **१,२१,३५,९८६** |

## ग) बिक्री योग्य लगानी

बैंकको बिक्री योग्य लगानीमा भुक्तानी मिति सम्म धारण गर्ने लगानी र व्यापारिक लगानी बाहेकको लगानी समावेश छ ।

| विवरण | लागत मूल्य | इम्पेयरमेन्ट नोक्सान | खुद लगानी |
|---|---|---|---|
| स्वदेशी इजाजत प्राप्त वित्तीय संस्थाको# | ३९,२३१ | – | ३९,२३१ |
| अन्य संस्थाको शेयर पूँजीमा गरिएको लगानी (सूचिकृत नभएको)^ | २४,०१२ | – | २४,०१२ |
| अन्य संस्थाको शेयर पूँजीमा गरिएको लगानी (सूचिकृत भएको)* | ३,४९,०८८ | – | ३,४९,०८८ |
| म्युचल फण्डमा लगानी | २,४१,४९८ | – | २,४१,४९८ |
| सहायक कम्पनी एन आई सी एशिया क्यापिटलमा लगानी** | १,००,००० | – | १,००,००० |
| **जम्मा** | **७,५३,८२९** | **–** | **७,५३,८२९** |

### # स्वदेशी इजाजतप्राप्त वित्तीय संस्थाको पूँजीमा गरिएको लगानी

यस अन्तर्गत ग्रामिण लघुवित्त बिकास केन्द्र लिमिटेड र मेरो लघु वित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयरमा गरिएको लगानी रहेको छ । जसमा ग्रामिण लघुवित्त बिकास केन्द्र लिमिटेडको शेयर दोस्रो बजारमा सुचिकृत गरिएको छ तर संस्थापक शेयरको यस वर्षमा करोबार नभएको कारणले उक्त शेयरको बजार मूल्य निर्धारण गर्न नसकिएको । लगानीहरुलाई नोक्सानी व्यवस्थाको समायोजन गरी खुद लगानीमा देखाइएको छ ।

### ^ सूचिकृत नगरिएको कम्पनीको शेयरमा लगानी

यस अर्न्तगत बैंकले विभिन्न कम्पनीको संस्थापक शेयरमा लगानी गरेको छ जस अर्न्तगत कर्जा सूचना केन्द्र लिमिटेड, नेपाल क्लियरिङ हाउस लिमिटेड, नेशनल बैंकिङ्ग इन्स्टिच्युट लिमिटेड र नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम लिमिटेडमा लगानी रहेको छ जुन लगानी नेपाल स्टक एक्सचेन्ज मा सूचिकृत गरिएको छैन ।

### * सूचिकृत गरिएको कम्पनीको शेयरमा लगानी

यस अर्न्तगत बैंकले विभिन्न कम्पनीको साधारण शेयरमा गरिएको लगानी रहेको छ जस अर्न्तगत कर्जा नेपाल दुर सञ्चार कम्पनी, चिलिमे हाइड्रो पावर कम्पनी लिमिटेड, बुलवल पावर कम्पनी लिमिटेड तथा अरुण भ्याली हाइड्रो पावर कम्पनी लिमिटेड रहेको छ ।

### ** सहायक कम्पनीमा लगानी

बैंकले शत प्रतिशत आफ्नै स्वामित्व रहने गरी एन आई सी एशिया क्यापिटल लिमिटेडमा मर्चेन्ट बैंकिङ्ग कारोवार गर्ने उद्देश्यले सहायक कम्पनीको रुपमा लगानी गरेको छ र मर्चेन्ट कारोवार सञ्चालन अनुमतिको लागि नेपाल धितो पत्र बोर्डमा निवेदन पेश गरेको छ ।

सहायक कम्पनी सञ्चालन अनुमति नेपाल धितोपत्र बोर्डबाट आइनसकेको हुनाले बैंकले एकिकृत वित्तीय विवरण तयार गरेको छैन र यस्तो सहायक कम्पनीको संस्थापक शेयरमा गरेको लगानीलाई "लगानी" शिर्षक अर्न्तगत देखाएको छ ।

## १२. निक्षेप दायित्वमा परिवर्तनको सारांश

यस आर्थिक वर्षमा बैंकको निक्षेप दायित्वमा भएको परिवर्तन निम्नानुसार रहेको छ ।

*रु. हजारमा*

| विवरण | यस वर्ष | गत वर्ष | फरक |
|---|---|---|---|
| चल्ती निक्षेप | २३,१३,७२८ | ३१,५८,३८९ | (८,४४,६६१) |
| मार्जिन निक्षेप | ४,९५,८०३ | ३,४५,७९० | १,५०,०१३ |
| बचत निक्षेप | १,९२,६१,०५३ | १,५२,०७,३७८ | ४०,५३,६७५ |
| कल निक्षेप | १,९९,२७,७३३ | १,५८,८३,८२१ | ४०,४३,९१२ |
| मुद्दती निक्षेप | २,७४,६१,११२ | १,८८,५३,७६४ | ८६,०७,३४८ |
| अन्य निक्षेप | २८,५६९ | २८,०४२ | ५२७ |
| **जम्मा** | **६,९४,८७,९९७** | **५,३४,७७,१८४** | **१,६०,१०,८१३** |

## १३. कर्मचारी कर्जा तथा सापटी प्रवाह

कर्मचारी सुविधा वापत कर्मचारीहरुलाई कर्जा तथा सापटी प्रवाह गरिएको छ । वासलातको दिनमा कर्मचारीलाई प्रवाह गरेको कर्जा तथा सापटी विवरण यस प्रकार रहेको छ ।

*रु. दश लाखमा*

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| व्यक्तिगत कर्जा | १,०७,४१७ | ८४,०५० |
| आवास कर्जा | २,३५,५६५ | १,८३,०५२ |
| सवारी कर्जा | ९,३६३ | ९,१२० |
| **जम्मा** | ३,५२,३४५ | २,७६,२२२ |

## १४. एकै समूहमा अधिकेन्द्रित कर्जा तथा सापट, निक्षेप तथा दायित्व तथा अन्य कारोवारको विवरण

*रु. दश लाखमा*

| विवरण | कर्जा, सापटी तथा बिल्स खरिद | | निक्षेप तथा सापटी | | गैह्र कोषमा आधारित सुविधा | |
|---|---|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| कुल कर्जा | ५९,४९८ | ४३,३३० | ६९,४८८ | ५३,९७७ | ४,३४३ | ४,८५५ |
| एउटै इकाइमा गरिएको अधिकतम प्रवाह | १,०६६ | १,०१२ | ४,६९९ | २,७७७ | ४४५ | ८४६ |
| एकाग्रता प्रतिशत | १.७९ | २.३४ | ६.७६ | ५.१४ | १०.२४ | १७.४२ |

कोषमा आधारित कर्जा तथा गैह्र कोषमा आधारित सुविधा अन्तर्गत एकल ग्राहक सिमा र क्षेत्रगत सिमा (निर्देशिका नं ३) नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशिकाले तोकेको सिमाभित्र रहेका छन् ।

## १५. लिजहोल्ड सम्पत्ति

बैंकको यस वर्ष लिजहोल्ड सम्पत्तिमा भएको परिवर्तन निम्न बमोजिम रहेको छ ।

| विवरण | सुरु मौज्दात | यस वर्ष थप | यस वर्ष विक्री /निसर्ग | अपलेखन | अन्तिम मौज्दात |
|---|---|---|---|---|---|
| लिजहोल्ड सम्पति | १,१५,७५२ | ५,०२७ | - | ३४,४६७ | ८६,३११ |

लिजहोल्ड सम्पत्तिहरुलाई वित्तीय विवरणमा किताबी मुल्यमा देखाइएको छ।

## १६. अपलेखन गर्न बाँकी खर्चहरुको विवरण

| विवरण | सुरु मौज्दात | थप | विक्री/निर्सग | अपलेखन | अन्तिम मौज्दात |
|---|---|---|---|---|---|
| बोण्ड सम्बन्धी खर्च | २,६७६ | – | – | ४५९ | २,२१७ |
| कुल | २,६७६ | – | – | ४५९ | २,२१७ |

बोण्ड सम्बन्धी खर्च अर्न्तगत एन आई सी एशिया बोण्ड २०७७ निष्काशन गर्दा लागेको खर्चहरु समावेश गरिएको छ, जुन बोण्डको ७ वर्षको भुक्तानी अवधि सम्ममा अपलेख गरिनेछ।

## १७. गैह्र बैंकिङ्ग सम्पत्तिको विवरण

बैंकको यस वर्ष लिजहोल्ड सम्पत्तिमा भएको परिवर्तन निम्न बमोजिम रहेको छ।

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| सुरु मौज्दात | २,६९,९९२ | २,९७,८९२ |
| यस आ.व. को थप | ३९,७०७ | – |
| यस आ.व. को विक्री | २५,७१३ | २७,९०० |
| स्थिर सम्पत्तिमा सारिएको | – | – |
| अन्तिम मौज्दात | २,८३,९८६ | २,६९,९९२ |

गैह्र बैंकिङ्ग सम्पतिको विवरण अनुसूची १५ मा देखाइएको छ साथै १०० प्रतिशत व्यवस्था गरिएको छ।

## १८. बहुमूल्य धातुको कारोवार

वासलातको दिनमा बैंकसँग ३ किलो सुन र २७४ किलो चाँदीको मौज्दात रहेको छ। बैंकको आ.व. २०७२/७३ को बहुमूल्य धातुको कारोवार निम्न अनुसार रहेका छन्।

| विवरण | सुन (किलो) | चाँदी (किलो) |
|---|---|---|
| सुरु मौज्दात | ५९ | १६२७ |
| यस वर्षको थप | २५० | – |
| यस वर्षको विक्री | (३०६) | (१,३५३) |
| अन्तिम मौज्दात | ३ | २७४ |

बैंकले एजेन्टको भुमिका निर्वाह गरेकोले सुन र चाँदीको अन्तिम मौज्दातलाई स्टकमा देखाइएको छैन। सुन र चाँदीको विक्रीमा आर्जन गरेको कमिशन अनुसूची २० (कमिशन र डिष्काउन्ट) मा देखाइएको छ।

## १९. पूँजी प्रतिबद्धता

वासलातको दिनमा बैंकको तर्फबाट कुनै पूँजी प्रतिबद्धता रहेको छैन।

## २०. बैंकको स्वामित्वमा रहेको सम्पत्ति धितो राखी लिइएको सापटी

वासलातको दिनमा बैंकको स्वामित्वमा रहेको सम्पत्ति धितो राखी सापटी लिइएको छैन।

## २१. भुक्तानी दिन बाँकी लाभांश

बैंकले विभिन्न वर्षहरुमा लाभांश भुक्तानीको घोषणा गरेको तर शेयरधनीहरुलाइ भुक्तानी भैनसकेको लाभांशको विवरण निम्नानुसार रहेको छ ।

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| आर्थिक वर्ष ०६७/०६८ | १३,१९५ | १३,१९५ |
| आर्थिक वर्ष ०६८/०६९ | ९,४९४ | ९,४९४ |
| आर्थिक वर्ष ०६९/०७० | ४०,७५० | ४१,७६७ |
| आर्थिक वर्ष ०७०/०७१ | ३४,३१० | ४४,४१२ |
| आर्थिक वर्ष ०५७/५८ | ९७९ | ९८० |
| आर्थिक वर्ष ०६१/६२ | ६८५ | ६८६ |
| आर्थिक वर्ष ०६६/६७ | १५,७९० | १५,७९० |
| आर्थिक वर्ष ०६७/६८ तत्कालीन बैंक अफ एशिया नेपाल लिमिटेड | ९,६३६ | ९,८५२ |
| आर्थिक वर्ष ०६५/६६ तत्कालीन बैंक अफ एशिया नेपाल लिमिटेड | ३,७४१ | ३,८०९ |
| आर्थिक वर्ष ०६६/६७ तत्कालीन बैंक अफ एशिया नेपाल लिमिटेड | १०,४७९ | १०,६८९ |
| आर्थिक वर्ष ०६८/६९ तत्कालीन बैंक अफ एशिया नेपाल लिमिटेड | १३,२६९ | १३,५४२ |
| जम्मा | १,५२,३२७ | १,६४,२१५ |

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन को दफा ८२ (३) तथा नेपाल राष्ट्र बैंकको निर्देशनानुसार आफ्ना शेयरधनीहरुलाई भुक्तानी दिन बाँकी विवरणको सूचना प्रकाशन गर्दै आएको छ ।

## २२. शेयर वापत प्राप्त हुन बाँकी रकम

बैंकद्वारा जारी गरिएका शेयर वापत प्राप्त गर्नुपर्ने सम्पूर्ण रकम प्राप्त भइसकेका छन् र वासलातको दिनमा शेयर वापत प्राप्त गर्नुपर्ने वक्यौता रकम रहेको छैन ।

## २३. तरलता जोखिम

बैंकको आषाढ ३१, २०७३ (जुलाई १५, २०१६) सम्मको तरलता जोखिमलाई नेपाल राष्ट्र बैंकको निर्देशिका अनुरुप निम्न संरचनागत तरलता तालिकामा प्रस्तुत गरिएको छ ।

| क.स. | विवरण | १-७ दिन | ८-३० दिन | ३१-९० दिन | ९१-१८० दिन | १८१-२७० दिन | २७१-३६५ दिन | एक वर्ष भन्दा माथि | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पत्ति | | | | | | | | |
| १ | नगद मौज्दात | १,१६८ | – | – | – | – | – | – | १,१६८ |
| २ | बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ६,५६१ | – | – | – | – | – | – | ६,५६१ |
| ३ | विदेशी बैंकमा गरिएको लगानी | १०४ | – | ३२ | ४२८ | २१४ | ४२८ | १९८ | १,४०५ |
| ४ | कल मनी | – | – | – | – | – | – | – | – |
| ५ | सरकारी सुरक्षणपत्र | – | – | ८४१ | – | ८०४ | २४८ | ५,५५८ | ७,४५१ |
| ६ | ने.रा.बैंक ऋणपत्र | – | – | – | – | – | ३,०६६ | – | ३,०६६ |
| ७ | अन्तर बैंक तथा वित्तीय संस्थामा कर्जा | – | – | – | २१४ | – | – | – | २१४ |
| ८ | कर्जा सापट | ८५० | २,९६३ | ७,८७० | ५,१९५ | २,०९१ | १,६५६ | ३८,८७४ | ५९,४९९ |
| ९ | पाउनु पर्ने ब्याज | १८३ | ७० | १४ | ८ | ५ | १ | ३५ | ३१७ |
| १० | रिभर्स रिपो | – | – | – | – | – | – | – | – |
| ११ | प्रतिबद्धता अन्तर्गत | – | – | – | – | – | – | – | – |
| | अन्य संस्थाहरुबाट प्राप्त हुने | | | | | | | | |
| १२ | क.स. २०, २१ र २२ का सुविधाहरुको भुक्तानी | ५६३ | ७४८ | १,७५९ | ८४७ | १,०६३ | ९०९ | १,९९६ | ७,८८४ |
| १३ | अन्य | ४८ | ४८ | ९५ | – | – | – | १३०० | १,४९१ |
| | **कुल सम्पत्ति (क)** | **९,४७७** | **३,८२९** | **१०,६१२** | **६,६९२** | **४,१७७** | **६,३०८** | **४७,९६१** | **८९,०५६** |
| | दायित्व | | | | | | | | |
| १४ | चल्ती निक्षेप | १६ | ५१ | १३३ | २०० | २०० | २११ | २,०२७ | २,८३८ |
| १५ | बचत निक्षेप | | | | | | | | |
| | (कल निक्षेप समेत) | १६५ | ५४४ | १,४१८ | २,१२८ | २,१२८ | २,२४६ | ३०,५६१ | ३९,१८९ |
| १६ | मुद्दती निक्षेप | २०१ | १,६५६ | २,९५८ | ४,९७७ | ४,९२३ | ११,६६९ | १,०७८ | २७,४६१ |
| १७ | ऋणपत्रहरु | – | – | – | – | – | – | ५०० | ५०० |
| १८ | सापटी | १,८५० | – | – | – | – | – | – | १,८५० |
| | क. माग/अल्प सूचना | १,८५० | – | – | – | – | – | – | १,८५० |
| | ख. अन्तर बैंक/वि. संस्था | – | – | – | – | – | – | – | – |
| | ग. पुनरकर्जा | – | – | – | – | – | – | – | – |
| | घ. अन्य | – | – | – | – | – | – | – | – |
| १९ | अन्य दायित्व तथा व्यवस्थाहरु | २२८ | ४४ | १०६ | – | – | – | ६४२ | १०१९ |
| | सण्ड्री क्रेडिटर्स | ४४ | ४४ | ८७ | – | – | – | २६० | ४३५ |
| | भुक्तानी दिनुपर्ने विल | ९१ | – | – | – | – | – | – | ९१ |
| | भुक्तानी दिनुपर्ने ब्याज | ९३ | – | १८ | – | – | – | ३८१ | ४९२ |
| | व्यवस्थाहरु | – | – | – | – | – | – | – | - |
| | अन्य | – | – | – | – | – | – | – | - |
| २० | प्रतिबद्धता अन्तर्गत अन्य संस्थाहरुलाई दिनुपर्ने | ९२ | २४० | १३४ | ५ | – | – | – | ४७० |
| २१ | उपभोग भैनसकेको स्वीकृत सुविधाहरु | १६६ | २३१ | ५०९ | ८३६ | १०६३ | ९०९ | – | ३,७१४ |

| क.स. | विवरण | १-७ दिन | ८-३० दिन | ३१-९० दिन | ९१-१८० दिन | १८१-२७० दिन | २७१-३६५ दिन | एक वर्ष भन्दा माथि | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| २२ | प्रतितपत्र/जमानत खुद | ३०५ | २७७ | १,११६ | ६ | – | – | १९९६ | ३,७०१ |
| २३ | रिपो | – | – | – | – | – | – | – | – |
| २४ | क.स. ११ अन्तर्गतको सुविधाको भुक्तानी | – | – | – | – | – | – | – | – |
| २५ | अन्य | – | – | – | – | – | – | – | – |
| | **कुल दायित्व (ख)** | **३,०२२** | **३,०४३** | **६,३७४** | **८,१५१** | **८,३१३** | **१५,०३४** | **३६,८०३** | **८०,७४२** |
| | **खुद सम्पत्ति (क-ख)** | **६,४५४** | **७८६** | **४,२३८** | **(१,४५९)** | **(४,१३६)** | **(८,७२६)** | **११,१५७** | **८,३१५** |
| | **सञ्चित खुद सम्पत्ति** | **६,४५४** | **७,२४०** | **११,४७८** | **१०,०१९** | **५,८८३** | **(२,८४३)** | **८,३१५** | **–** |

## २४. लिज प्रतिबद्धता

बैंकले लामो समयावधिको लागि विभिन्न सम्पत्तिहरु बदर गर्न सकिने अधिकार सहित लिजमा लिएको छ। निश्चित समय अगावै सूचना दिएर लिज करार बदर गर्न सक्ने अधिकार बैंकमा निहित रहेको हुनाले बैंकको हुनसक्ने दायित्व सूचना अवधिको लागि सिर्जित हुने लिज भुक्तानीमा सिमित रहेको छ।

## २५. आयकर

**क. बैंकले आयकर ऐन २०५८ अनुसार आयकरको दायित्वको व्यवस्था गरेको छ, जसको विस्तृत विवरण यस प्रकार रहेको छ।**

| विवरण | | रकम रु. |
|---|---|---|
| कर अघिको मुनाफा | | १,५३,२६,९७,३९५ |
| जोडः | | |
| वित्तीय विवरणमा देखाइएको ह्रास खर्च | ६,१५,९८,२६० | |
| आयकर अनुसारको शिर्षकमा वर्गिकरण गर्रिएको सम्पतिको अपलेखन | | |
| लिजहोल्ड | ३,४४,६६,९९१ | |
| कम्प्यूटर सफ्टवेयर | ७२,१९,५४५ | |
| वित्तिय विवरणमा देखाइएको मर्मत तथा सम्भार | ३,५८,७४,७०७ | |
| चन्दा : सामाजिक उत्तरदायित्व अर्न्तगत एन आई सी एशिया फाउन्डेसनलाई व्यवस्था गरिएको | ५३,३४,५३१ | |
| चन्दा : अन्य | ९,००० | |
| स्थिर सम्पतिको अपलेखन | १,९९,०८७ | |
| ऋणपत्र निष्काशन गर्दा लागेको खर्चको अपलेखन | ४,५८,६७८ | |
| बिदा वापतको व्यवस्था | ६५,२९,५२२ | १५,१६,९०,३२१ |
| घटाउनेः | | |
| आयकर ऐन २०५८ अनुसारको व्यवस्था गरिएको ह्रास खर्च | ९,८९,०६,८६४ | |
| आयकर ऐन २०५८ अनुसारको मर्मत तथा सम्भार खर्च | २,६५,८३,२८५ | |
| स्थिर सम्पतिको निसर्गबाट आर्जित लाभ | ४,९०,२६२ | |
| लाभांश आम्दानी | १,८५,८९,८९७ | १४,४५,७०,३०८ |
| निर्धारण योग्य आय | | १,५३,९८,१७,४०८ |
| घटाउने : चन्दा एन आई सी एशिया फाउन्डेसनलाई दिएको | | १,००,००० |
| करयोग्य आय | | १,५३,९७,१७,४०८ |
| आयकर ३० प्रतिशत | | ४६,१९,१५,२२२ |
| दफा ११८ अनुसारको ब्याज | | ९,८५,८५६ |
| दफा ११९ अनुसारको ब्याज | | - |
| कुल आयकर दायित्व | | ४६,२९,०१,०७८ |
| अग्रिम कर भुक्तानी | | ४७,००,००,००० |

यस आर्थिक वर्षमा बैंकले अग्रिम करको रुपमा रु. ४७ करोड रुपैया भुक्तानी गरेको छ। जसमध्ये रु. ७० लाख बराबरको रकम आगामी आर्थिक वर्षमा समायोजन गर्ने गरी देखाइएको छ।

**ख. स्थगन कर**

**अ. स्थगन करको विवरण**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| स्थगन कर सम्पत्ति | | |
| कर्मचारी अवकाश कोषमा | १,३४,४२,०९३ | १,१४,८३,२३६ |
| स्थिर सम्पत्तिमा | १,८२,७३,९०७ | १,४२,६०,४५३ |
| **जम्मा** | **३,१७,१६,०००** | **२,५७,४३,६८९** |
| स्थगन कर दायित्व | | |
| अन्य अस्थायी फरकहरु | ६,६५,०८२ | ८,०२,६८६ |
| खुद स्थगन कर सम्पत्ति | ३,१०,५०,९१८ | २,४९,४१,००३ |
| अन्य जगेडामा सारिएको | (३,१०,५०,९१८) | (२,४९,४१,००३) |
| अन्तिम मौज्दात | - | - |

